शिक्षामा सबैको पहुँच सुनिश्चित तथा शैक्षिक गुणस्तर अभिवृद्धि गरी शैक्षिक तथा साँस्कृतिक रुपान्तरणका माध्ययमबाट प्रतिस्पर्धी, उद्यमशील र नवप्रवर्तनशील जनशक्तिको विकास गरेर के आई सिंह गाउँपालिकालाई आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपमा समृद्ध बनाउने ।

# के आई सिंह गाउँ शिक्षा योजना

(२०८१-०९०)

के आई सिंह गाउँकार्यपालिकाको मिति २०८१-१२-७ गतेको बैठकबाट स्वीकृत




के आई सिंह गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा


**सुदूरपश्चिम प्रदेश, वायल, डोटी**

**के आई सिंह गाउँपालिकाको भौगोलिक नक्शा**




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016


POLITICAL LEADER
DR. K. I. SINGH
रू. २
डा. के. आइ. सिं
R. 2
नेपाल
NEPAL
1997

**बिषयसुची**


**परिच्छेद - १** ........ 2

१.१ पृष्ठभूमि ........ 4

१ २.१.के. आई. सिंह गाउँपालिकाका परिचय ........ 4

१.१.३ भौगोलिक परिचय ........ 4

१.१.४ धार्मिक पर्यटकिय तथा एतिहासिक स्थलहरु ........ 5

१.१.५ प्राकृतिक बिपत र जोखिम ........ 5

१.१.६ सामाजिक तथा साँस्कृतिक अवस्थाको बिश्लेषण ........ 8

१.१.७ आर्थिक अवस्थाको विश्लेषण ........ 8

१.१.८ शिक्षा क्षेत्रको बर्तमान क्षेत्रगत अवस्था विश्लेषण ........ 8

१.१.९ अपाङ्गता भएका बालबालिकाको कक्षागत विवरण ........ 10

१.१.१० संस्थागत विद्यालयका शिक्षक तथा वालविकास सहजकर्ताहरुको विवरण ........ 11

**परिच्छेद – २** ........ 20

दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धार ........ 20

२.१ सन्दर्भ र औचित्य ........ 20

२.१.२ कार्यनीतिहरु ........ 22

२.१.३ माध्यमिक ........ 23

२.१.४ अनौपचारिक तथा बैकल्पिक शिक्षा ........ 24

२.१.५ शिक्षामा समावेशिता र लैङ्गिक सशक्तीकरण ........ 24

२.१.५ सुशासन तथा जवाफदेहिता ........ 25

२.१.६ प्राविधिक एवम् व्यावसायिक शिक्षा तथा तालिम ........ 25

२.१.७ पाठ्यक्रम तथा पाठ्यसामग्री ........ 25

२.१.८ शिक्षक तालिम तथा पेसागत विकास ........ 26

परिच्छेद - ३ ........ 27

शिक्षाका मुख्य उपक्षेत्रहरु ........ 27

प्रारम्भिक बाल विकास र शिक्षा ........ 27

३.१ प्रारम्भिक बाल विकास र शिक्षा ........ 27

**नतिजा तथा परिमाणात्मक लक्ष्य** ........ 30

प्रारम्भिक बालबिकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने विदयार्थी प्रतिशत ........ 30

न्युनतम शैक्षिक योग्यता र तालिम प्राप्त बालबिकास सहजकर्ता संख्या ........ 30

प्रारम्भिक बालविकास शिक्षा पाठ्यक्रम कार्यान्वयनको अवस्था ........ 30

प्रारम्भिक बालबिकास शिक्षाको पहुँचमा रहेका विदयार्थी संख्या ........ 31

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य** ........ 31

प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधिकरण ....31
अभिभावक शिक्षा ....31
प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठनसामग्री व्यवस्था ....40
३.१.६ माध्यमिक शिक्षा ....41
३.१.७रणनीतिहरू र कार्यनीतिहरू ....43
**प्रमुख उपलब्धिहरू र नतिजाहरू** ....44
३.१.९ प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम ....49
३.२.२ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ....53
परिच्छेद – ४ ....54
अन्तरसम्बन्धित विषय तथा क्षेत्र ....54
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ....54
४.१.१ परिचय ....54
४.१.२ वर्तमान अवस्था ....54
४.१.३ उद्देश्य ....55
४.१.४ रणनीतिहरू ....55
४.१.५ प्रमुख उपलब्धितथानतिजा ....56
४ ६.१.प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ....57
४.२ शिक्षक व्यवस्थापन र विकास ....63
४.२.१ परिचय ....63
४.२.२ वर्तमान अवस्था ....63
४.२.३ उद्देश्य ....64
४.२.४ रणनीतिहरू ....64
४.२.५प्रमुख उपलब्धितथानतिजा ....65
४ ६.२.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....66
४.३ विद्यालय व्यवस्थापन र विकास (प्रधानाध्यापक समेत) ....67
४.३.१ परिचय ....67
४.३.२ वर्तमान अवस्था ....67
४.३.३ उद्देश्य ....68
४.३.४ रणनीति ....68
४.३.५प्रमुख उपलब्धितथानतिजा ....68
४ ६.३.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....69
४.४ शैक्षिक समता र समावेशीकरण ....70
४.४.१ परिचय ....70
४.४.२ वर्तमान अवस्था ....70
४.४.३ उद्देश्यहरू ....70
४.४.४ रणनीतिहरू ....71
४ ५.४.प्रमुख उपलब्धितथानतिजा ....71
४ ६.४.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....72

४.५ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 73
४.५.१ परिचय ........ 73
४.५.२ वर्तमान अवस्था ........ 73
४.५.३ उद्देश्य ........ 74
४.५.४ रणनीतिहरू ........ 74
४.५.५ प्रमुख उपलब्धितथानतिजा ........ 74
४ ६.५.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 75
४.६ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ........ 77
४.६.१ परिचय ........ 77
४.६.२ वर्तमान अवस्था ........ 77
४.६.३ उद्देश्य ........ 78
४.६.४ रणनीतिहरू ........ 78
४ ५.६.प्रमुख उपलब्धितथानतिजा ........ 79
४ ६.६.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 79
४.७ विद्यालय भौतिक पूर्वाधार विकास ........ 80
४.७.१ परिचय ........ 80
४.७.२ वर्तमान अवस्था ........ 80
४.७.३ उद्देश्य ........ 80
४.७.४ रणनीतिहरू ........ 81
४.७.५ प्रमुख उपलब्धितथानतिजा ........ 81
४ ६.७.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 82
४.८ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ 83
४.८.१ परिचय ........ 83
४.८.२ वर्तमान अवस्था ........ 83
४.८.३ उद्देश्य ........ 83
४.८.४ रणनीतिहरू ........ 83
४.८.५प्रमुख उपलब्धितथानतिजा ........ 84
४ ६.८.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 84
परिच्छेद – ५ ........ 85
५.१ अभिभावक शिक्षा ........ 85
५.१.१ परिचय ........ 85
५.१.२ वर्तमान अवस्था ........ 86
५.१.३ उद्देश्य ........ 86
५.१.४ रणनीतिहरू ........ 87
५.१.५ प्रमुख उपलब्धितथानतिजा ........ 87
५ ६.१.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 87
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ 89

५.२.१ परिचय ........ 89
५.२.२ वर्तमान अवस्था........ 89
५.२.३ उद्देश्य ........ 89
५.२.४ रणनीतिहरू........ 89
५.२ ६.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 90
परिच्छेद – ६........ 91
६ १.संस्थागत संरचना र क्षमता विकास........ 91
६ १.१.परिचय ........ 91
६ २.१.वर्तमान अवस्था........ 91
६ ३.१.उद्देश्य ........ 92
६ ४.१.रणनीतिहरू........ 92
६ ५.१.प्रमुख उपलब्धितथानतिजा........ 92
६ ६.१.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 93
परिच्छेद – ७........ 95
लगानी र स्रोत व्यवस्थापन........ 95
७.१ परिचय........ 95
७.२ वर्तमान अवस्था........ 95
७.३ उद्देश्य ........ 96
७.४ रणनीतिहरू........ 96
७.५ अपेक्षित उपलब्धी........ 97
७.६ प्रमुख क्रियाकलाप र लक्ष्य........ 97
परिच्छेद – ८ ........ 99
कार्यान्वयन, अनुगमन तथा मूल्यांकन ........ 99
८.१ परिचय ........ 99
८.२ वर्तमान अवस्था........ 99
८.३ उद्देश्य ........ 101
८.४ रणनीतिहरू........ 101
८ ५.प्रमुख उपलब्धितथानतिजा........ 101

## गाउँपलिका अध्यक्ष ज्युको संदेश

नेपालमा भएको राजनीतिक परिवर्तन अनुरुप देश संघीयतामा गइसकेपछी स्थापित के.आइ सिंह गाउँपालिका एक छुट्टै पहिचान भएको गाउँपालिका हो । संघीयता पश्चताप नेपालको संविधानले दिएको अधिकार र कार्यक्षेत्रको मातहतमा रही यस के.आइ सिंह गाँउपालिकाको माध्यमिक तह सम्मको शिक्षा व्यवस्थापन तथा विकासका लागि विगतका संघीय सरकारवाट भएका प्रयास र कार्यलाई निरन्तरता दिदैं स्थानीय आवश्यकता र मौलिकतामा आधारित भई थप सुधार र व्यवस्थापन गर्न यस गाँउपालिकाको शिक्षा शाखाको पहल र गाँउ कार्यपालिकाको सहयोगमा यो १० वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयनमा लैजान लागेको अवसरमा म धेरै खुसी भएको छु । नेपालको संविधानको अनुसुची ८ ले माध्यमिक तह सम्मको शिक्षा व्यवस्थापनको अधिकार र दायित्व स्थानीय तहलाई दिएको वर्तमान सन्दर्भमा यो योजना निर्माण गर्दै गर्दा आगामी १० वर्षमा प्रारम्भिक बालविकास देखि माध्यमिक तह सम्मको शिक्षालाई कसरी प्रभाबकारी बनाउने भन्ने विषय नै यस योजनाको मूख्य उदेश्य हो । जुन उद्देश्यका साथ योजना निर्माणमा लागेका छौं सो उदेश्य पुरा गर्नु हामी सबैको दायित्वको विषय बनेको छ । आगामी दिनमा शिक्षामा अझ बढी लगानी गरी थप सहयोग र योगदान गर्नु पर्ने हुन सक्छ ।

पालिकाको १० बर्षे शिक्षा योजना निर्माणको क्रममा सकारात्मक सुझाव दिनु हुने यस के.आइ सिंह गाँउपालिका उपाध्यक्ष लगायत समपूर्ण कार्यपालिका र गाउँ सभाका सदस्य ज्यूहरु , प्रमुख प्रशासकिया अधिकृत तथा शिक्षा शाखा प्रमुख तथा अन्य सहयोगी कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसपालिका सरकारको प्रमुखको हैसियतले मेरो कार्यकालमा प्रस्तुत योजना ल्याउन पाँउदा खुशी लागेको छ । उक्त योजना निर्माणका क्रममा सहयोग गर्नु हुने शिक्षा योजना निर्माण कार्यदल सल्लाह तथा सुझाव दिनुहुने सवै सरोकारवाला निकाय विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु ,विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एवम् सम्पूर्ण शिक्षा प्रेमी जनसमुदाय प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यो १० बर्षे शिक्षा योजना पालिकाको शिक्षा क्षेत्रको समग्र पक्षहरु झल्लकाउने मार्गदर्शक प्राविधिक दस्तावेज भएका कारण निर्माण भएको योजनाको प्रभावकारी कार्यान्वयन गरी प्रतिफलका लागि इमान्दारिताका साथ समयानुसार अग्रगामी सुधार सहित कार्यान्वयनमा लैजानु पर्दछ । जसका लागि के.आइ संह गाँउपालिका प्रतिबद्धता पूर्वक इमान्दार भएर लाग्ने छ । यस योजनाको सफल कार्यान्वयनको लागि गाँउपालिकाको एक्लो प्रयास अपुग पनि हुन सक्छ सो का लागि सवै विद्यालय परिवार ,शिक्षक, अभिभावक, विद्यार्थी लगायत सवै सरोकारवालाको सृजनात्मक सहयोगको लागि के आइ सिंह गाँउपालिका अपेक्षा राख्दछ ।

धन्यवाद

गाउँपालिका अध्यक्ष
लोकेन्द्र बहादुर शाही
के.आइ सिंह गाउँपालिका, वायल, डोटी ।

**शुभकामना**

नेपालको संविधानले दिएको अधिकार र कार्यक्षेत्रको मातहत रही  माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन तथा विकासका लागि विगतका संघिय सरकारबाट भएका प्रयास र कार्यलाई निरन्तरता दिदै स्थानीय आवश्यकता र मौलिकतामा आधारित भई थप सुधार व्यवस्थापन गर्ने यस गाउँपालीकाको  शिक्षा शाखाको पहल र   कार्यपालिकाको सहयोगमा १० वर्षे शिक्षा क्षेत्र योजना  निर्माण गरी कार्यान्वयनमा लैजान लागेको सुखद अवसरमा के.आइ सिंह  गाँउपालीका  शिक्षा शाखा   उत्साहित भएको छ। साथै उक्त योजना निर्माणको काममा निरन्तर खटिएर यस के.आइ सिंह  गाँउपालीकाको रचनात्मक शैक्षिक योजना निर्माण गर्न खटिने कार्यदलका सदस्य प्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछु साथै सम्पूर्ण सहयोगी सरकारी तथा गैर सरकारी संघ संस्थाको सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहन्छु। योजना निर्माण कार्यमा संलग्न  कार्यदलका सहभागीहरु लगायत शिक्षा शाखा प्रमुख तेज बहादुर ऐर   तथाा श्रोत शिक्षक  शेर बहादुर बोगटी   लाई  तथ्यांक संकलन , लेखन र ड्राफ्ट निर्माण लगायत यन्य काम गरे बापत हार्दिक धन्यवाद दिन चाहान्छु र यस दश बर्षे योजनाले के.आइ सिंह  गाउँपालिकाको शैक्षिक क्षेत्रमा  विद्यार्थीको शैक्षीक सिकाइ उपलब्धि बृदि  गरि शैक्षिक गुर्णस्तर कायम गर्न महत्वपूर्ण भूमिका निर्बाह गर्नेछ भन्ने विश्वाश लियको छु।

मिना विष्ट
गाउँपालीका उपाध्याक्ष

## हार्दिक कृतज्ञता

नेपालको संविधान २०७२ मा गरिएको व्यवस्था अनुसार राज्य संघीय शासन प्रणालीको संरचना अनुरुपम संविधानको कार्यान्वयन गर्दै आएको छ । राज्य संघियता कार्यान्वयनको अभ्यासमा रहेको र शिक्षाको अधिकारलाई संघ,प्रदेश र स्थानीय तहमा विभाजित गरेको छ । नेपालको संविधान २०७२ ले कक्षा १२ सम्मको शिक्षाको अधिकारको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको भनिए पनि शिक्षा तिनै तहको अधिकार क्षेत्रमा पर्ने भएकोले गुणस्तरीय शिक्षा विकास गर्नु तिनै तहको दायित्व हो । संघीयताको मर्म अनुरुप राज्यमा शिक्षा हेर्ने विभिन्न निकायहरु तयार गरिएका छन । शिक्षा राज्यका तिनै तहको साझा अधिकार क्षेत्र रहेको हुँदा यसमा सुधार ल्याउन सबैले अग्रगामी सिर्जनात्मक पहल चाल्नु जरुरी छ । जनताको सबै भन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय तहलाई आफ्नो पालिका अन्तर्गतको शिक्षा विकास गर्नको लागि नीति,नियम,कानुन तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने र नियमन गर्ने जिम्मेवारी सुम्पेको हुँदा बडीकेदार गाउँपालिकाले पालिकामा विद्यमान शिक्षा सम्बन्धी समस्याहरु र चुनौतीहरुलाई मध्यनजर गरी नेपालको संविधानले परिकल्पना गरेको अनिवार्य र निःशुल्क शिक्षा गुणस्तरीय शिक्षाको सुनिश्चितता वृद्धि गर्ने र बालबालिकाहरुको गुणस्तरीय शिक्षा पाउने नैसर्गिक अधिकारलाई प्रत्याभूती गर्ने उदेश्यले यो १० बर्षे गाउँ शिक्षा योजना निर्माण गरिएको हो ।

व्यवस्थित र वस्तुनिष्ठ योजना विना कुनै पनि क्षेत्रमा उपलब्धिमूलक नतिजा ल्याउन सकिदैन । के.आइ.सिंह गाउँपालिकाको शिक्षा क्षेत्रमा सुधार ल्याउन एउटा स्पष्ट मार्गदर्शक योजनाको खाँचो रहेकोले गुणस्तरीय शिक्षाको सुनिश्चितताको लागि शिक्षा सँग सरोकार राख्ने निकायहरुले आ-आफ्नो शैक्षिक योजना बनाई लागु गर्नु आवश्यक छ । शिक्षा सम्बन्धी हरेक कार्यक्रमहरुलाई योजनाबद्ध र प्रभावकारी सञ्चालन गर्नको लागि यस पालिकाले पनि आफ्नो १० बर्षे शिक्षा योजना निर्माण गरेको छ । पालिकाले १० बर्षे शिक्षा योजना निर्माण कार्यदल निर्माण गरी ३ दिने कार्यशालाबाट शिक्षा योजना निर्माणका सबै क्षेत्रगत रणनीतिक कार्ययोजनाहरु समावेश गरी यो योजना निर्माण गरिएको छ । शिक्षा विकासको महत्वपूर्ण आधारको रुपमा गाउँ शिक्षा विकास योजना तयार गर्नका लागि आवश्यक पर्ने प्रारम्भिक तथ्याङ्क संकलनको अवस्था देखि योजनाले प्रारम्भिक स्वरुप पाउँदा सम्म अनवरत रुपमा खटिने शिक्षा यूवा तथा खेलकुद शाखा, यो योजना निर्माणका हरेक चरणमा सहजीकरण र सहयोग गर्नुहुने सामुदायीक विकास केन्द्र (CDC) डोटी र UNICEF नेपाल तथा EU लगायत पालिकाको गाउँ शिक्षा योजना निर्माण कार्यदल, के.आइ सिंह गाउँपालिकाका कर्मचारीहरु, गाउँ शिक्षा योजनामा तयार गर्नमा आफ्नो तर्फबाट सहयोग गर्नुहुने विद्यालयहरु, पेशागत संघ संगठनहरु, शिक्षा समितिमा रही महत्वपूर्ण योगदान दिनु भएका सम्पूर्ण पदाधिकारीहरु, योजना निर्माण सम्बन्धि हरेक बैठकमा उपस्थित भै आवश्यक राय सल्लाह र सुझाव प्रदान गर्नु हुने श्रद्धेय गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत गाउँ कार्यपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरुको यो गाउँ शिक्षा योजना निर्माणमा महत्वपूर्ण योगदान रहेको छ ।

के.आइ सिंह गाउँपालिका गाउँ कार्यपालिको कार्यालय,शिक्षा, यूवा तथा खेलकुद शाखाले सरोकारवालाको सहयोगमा तयार पारेको १० बर्षे शिक्षा योजना ( २०८१-२०९०) कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनका लागि गाउँपालिका अध्यक्ष तथा गाउँ शिक्षा समितिका अध्यक्षको हैसियतले श्रद्धेय अध्यक्ष श्री लोकेन्द्र बहादुर शाही र उपाधयक्ष श्री मिना देबी बिष्ट प्रति हार्दिक आभार व्यक्त गर्दै संलग्न सम्पूर्ण व्यक्ति र सरोकारवालमा शिक्षा, यूवा तथा खेलकुद शाखा के.आई.सिंह गाउँपालिका धन्यवाद ज्ञापन गर्दछ । योजना तथ्यमा आधारित दस्तावेज भएको र कार्यान्वयनको क्रममा आवश्यकता अनुसार परिवर्तनशील समेत हुने हुँदा यस आवधिक योजनामा समेटिएका लक्ष्य, क्षेत्रहरु समेत समय सापेक्षिक रुपले परिवर्तन भई कार्यन्वयनमा समेत जान सक्ने कुरा समेत अनुरोध गर्दै तयार गरिएको यो १० बर्षे शिक्षा योजना के.आई.सिंह गाउँपालिकाको शैक्षिक विकासमा कोशेढुङ्गा साबित हुन सकोस र यस गाउँपालिकाले गुणस्तरीय शिक्षाको प्रत्याभुति दिलाउनमा सक्षम हुन सकोस भन्ने कामना गर्दछु।

कृष्ण बहादुर वम
सामाजिक विकास समिति संयोजक

# परिच्छेद – १

### १.१ *पृष्ठभूमि*

राष्ट्रको विकास, समृद्ध र सुशासनको मूल आधार शिक्षा हो । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी उसलाई रोजगार तथा श्रम बजारमा उपलब्ध रोजगारीका अवसरमा पहुँच अभिवृद्धि गर्दछ । यसबाट मर्यादित एवम् सम्मानजनक जीवन जिउन सहयोग पुग्न जान्छ । मुलुकको आर्थिक एवम् सामाजिक रुपान्तरणको मूल आधार शिक्षा भएकाले नेपालको संबिधानले शिक्षालाई नेपाली नागरिकको मौलिकहकका रुपमा प्रत्याभूत गरि राज्यका निर्देशक सिद्धान्त तथा नितिहरुमा शिक्षालाई नेपाली नागरिकका आधारभूत आवश्यकताका रुपमा स्थापित गरेको छ । सबै नेपाली नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउने राज्यको दायित्व रहेको कुरा संबिधानले स्पष्ट पारेको छ । नेपालको संबिधानले प्रत्येक नेपाली नागरिकलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक सम्मको शिक्षा निशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रुपले बिपन्न नागरिकलाई कानुन बमोजिम निशुल्क उच्च शिक्षा पाउने, मातृभाषामा शिक्षा पाउने र बिद्यालय खोल्ने हक समेत संविधानले प्रत्याभूत गरेको छ ।

'समृद्ध नेपाल सुखी नेपाली' सहितको समुन्नत राष्ट्र निर्माणमा मानव संसाधनको भूमिका महत्वपूर्ण रहन्छ । मानव संसाधन विकासको मूल आधार नै शिक्षा हो । के.आई.सिंह गाउँपालिकाको आर्थिक स्रोत र साधनको समुचित परिचालन गरी अवसरहरूको सिर्जना गर्न शिक्षा सम्बन्धी योजना तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयनको महत्त्वपूर्ण भूमिका रहन्छ । नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्राबधान, नेपाल सरकारको शिक्षा नीति, सुदूरपश्चिम प्रदेशको शिक्षा नीति एवं के.आई.सिंह गाउँपालिकाका दीर्घकालीन सोच, समेतलाई सम्बोधन हुने गरी के.आई.सिंह गाउँपालिकाले दश वर्षे (वि सं २०७८-२०८७ ) शिक्षा क्षेत्रको शिक्षा विकास योजनालाई अगाढि बढाएको छ ।

### १.१.२ *के. आई. सिंह गाउँपालिकाका परिचय*

के आई सिंह गाउँपालिका १२७.१ वर्ग किं.मि.क्षेत्रफलमा फैलिएको छ । वायल क्षेत्रलाई मुख्य केन्द्र बिन्दु बनाई साबिकका तिखातर, वासुदेवी, दुर्गामान्डौ, रानागाउँ र भुमिराजमान्डौ गरि साविकका ५ वटा गा.वि.स.को समुचित समायोजनबाट यस पालिकालाई विभिन्न ७ वटा वडामा विभाजन गरी यो के.आई.सिंंह गाउँपालिकाको स्थापना भएको हो । गाउँपालिकाको नामाकरण गर्ने क्रममा नेपालका सम्माननिय पूर्व प्रधानमन्त्री तथा बिद्रोही नेता डा.कुवर इन्द्रजीत सिह ( के.आई.सिँह) ज्युको राष्ट्रप्रति उहाँले गरेको अतुलनिय योगदानलाई कदर गर्दै उहाँको सम्मान स्वरुप उहाँको नाम बाट के.आई.सिँह गाउँपालिका नामाकरण गरिएको हो ।

### १.१.३ *भौगोलिक परिचय*

के.आई.सिंह गाउँपालिका २( डिग्री ११ मिनेट उत्तरी अक्षांशदेखि २( डिग्री १४ मिनेट उत्तरी अक्षांशमा अवस्थित रहेको छ । यसै गरी ८१ डिग्री )५ मिनेट पूर्वी देशान्तरदेखि ८) डिग्री ८७ मिनेट पूर्वी देशान्तरसम्म अवस्थित रहेको छ । गाउँपालिकाको पूर्वमावोगटान गाउँपालिका,डोटी, गाउँपालिकाको पश्चिममा जोरायल र शिखर गाउँपालिका, डोटी, गाउँपालिकाको उत्तरमाः दिपायल सिलगढी नगरपालिका, पूर्वीचौकी गाउँपालिकाडोटी,

गाउँपालिकाको दक्षिणमा बडीकेदार गाउँपालिका डोटी रहेको छ । समुन्द्री सतहबाट १३८७।४७ मिटरको उचाइमा रहेको छ । पालिका केन्द्रमा न्युनतम ४५१ मि.(नारी तल्कोट ) र अधिकतम २६२३ मि.(भान्या लेक) उचाई रहेको छ ।

के.आई.सिंह गाउँ पालिका ७ वटा (वडा नं १ अल्लेवन डुम्राकोट , वडा नं. २ तिखातर, वडा नं. ३ वासुदेवी, वडा नं. ४ वायल, वडा नं. ५ रानागाउँ, वडा नं. ६ फलेडी र वडा नं ७ सलेना) मिलेर बनेको छ । पालिकाभित्र ३९ वटा (३३ वटा सामुदायिक, ६ वटा संस्थागत गरी) विद्यालयहरु सञ्चालनमा रहेका छन् । बालविकास केन्द्रहरु ५५ वटा ( ४) वटा संघीय कोटा र ( वटा गाउँपालिकाको कोटा तथा ६ वटा संस्थागत) रहेका छन् । सामुदायिक सिकाइ केन्द्रहरु २ वटा (तिखातर र भूमिराज सामुदायीक सिकाई केन्द्र) रहेका छन् ।

### *१.१.४ धार्मिक पर्यटकिय तथा एतिहासिक स्थलहरु*

के.आई. सिंह गाउँपालिकामा थुप्रै धार्मिक, पर्यटकीय तथा ऐतिहासिक स्थलहरू रहेका छन्, जसले यस क्षेत्रलाई प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधताको धनी बनाएको छ। धार्मिक स्थलहरूमध्ये मोहन्यालमान्डौ, दुर्गा मन्दिर, केदारबाबा मन्दिर, सिताराम बाबा आश्रम, मालिका चण्डिका, नरयाल देवस्थान, वासुदेव केदार मन्दिर, कलारै भूमिकलारै, भुवनेश्वरी मन्दिर, मष्टामाण्डौ, बास्कोट तौसिमाडौ, ग्वाँसीसमैजी मन्दिर, गोदाडी चौखाम, र घोलेढुङ्गी मुख्य रूपमा प्रसिद्ध छन्। यी स्थलहरू भक्तजन र पर्यटकहरूको आकर्षणको केन्द्र बनेका छन्। ऐतिहासिक महत्त्वको रूपमा के.आई. सिंह संग्राहलयलाई विशेष मानिन्छ, जसले क्षेत्रको सांस्कृतिक र ऐतिहासिक पहिचानलाई झल्काउँछ। प्राकृतिक पर्यटकीय स्थलहरूमध्ये तेल्या लेक, गणेश काँडा, छडी ताल, चरिकोट, पाल्यताल झरना, र रानीताल झरना प्रमुख आकर्षण हुन्। यी स्थलहरूको प्राकृतिक सौन्दर्य र शान्त वातावरणले पर्यटकहरूलाई मन्त्रमुग्ध बनाउँछ। के.आई. सिंह गाउँपालिकाका यी सम्पदाहरूले धार्मिक, ऐतिहासिक र प्राकृतिक पक्षको उत्कृष्ट समन्वय प्रस्तुत गर्दै क्षेत्रीय पर्यटन विकासका लागि ठूलो सम्भावना देखाउँछन्।

### *१.१.५ प्राकृतिक बिपत र जोखिम*

के.आई. सिंह गाउँपालिका प्राकृतिक विपद् र जोखिमहरूको दृष्टिले संवेदनशील क्षेत्रमध्ये एक हो। यहाँ बाढी, पहिरो, असिना, हिमपात, चट्याङ, अतिवृष्टि, अनावृष्टि, आगलागी, भुइँचालो, र झाडापखालाजस्ता प्राकृतिक प्रकोप बारम्बार देखिने गरेका छन्। पहाडी भूभाग भएकाले विशेषगरी वर्षायाममा पहिरोको जोखिम उच्च छ, जसले यातायात र आवासीय संरचनामा गम्भीर क्षति पुर्‍याउने गर्दछ। चट्याङ र असिनापानीले खेतीपाती र जनधनमा ठूलो नोक्सानी पुर्‍याउँछ भने हिमपातका कारण कठ्याङ्ग्रिने चिसोले जनजीवन प्रभावित हुन्छ। विशेषगरी वन क्षेत्र नजिकका बस्तीहरूमा जंगली जनावरको आक्रमणले कृषकहरूलाई समस्या हुनेगर्छ । यसका अतिरिक्त, जलवायु परिवर्तनका कारण वातावरणीय प्रदूषण र अनियमित मौसम परिवर्तनले समस्या बनाएको छ।

### जनसङ्ख्या अवस्था

बि.सं.२०७८ को जनगणना अनुसार के.आई.सिंह गाउँपालिकाको कूल जनसंख्या २०७३६ रहेको छ । त्यसमध्ये महिला ११७४६ र पुरूष ८९९० रहेका छन् । जनसङ्ख्या बृद्धि दर रहेको छ । कूल घरधूरि संख्या ४६८० रहेको छ । उमेरगत जनसङ्ख्या विवरण निम्न बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. १

| क्र.सं. | उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | ० देखि ४ | ११८५ | १०७० | २२५५ | १०.८७ |
| २. | ५ देखि ९ | १३४० | १२६४ | २६०४ | १२.५५ |
| ३. | १० देखि १४ | १४४९ | १४१३ | २८६२ | १३.८० |
| ४. | १५ देखि १९ | ११०० | १३१६ | २४१६ | ११.६५ |
| ५. | २० देखि २४ | ६५१ | ११३० | १७८१ | ८.५८ |
| ६. | २५ देखि २९ | ४४९ | ८२४ | १२७३ | ६.१३ |
| ७. | ३० देखि ३४ | ३५७ | ६७० | १०२७ | ४.९५ |
| ८. | ३५ देखि ३९ | ३३२ | ७०४ | १०३६ | ५ |
| ९. | ४० देखि४४ | ३२५ | ६७४ | ९९९ | ४.८१ |
| १०. | ४५ देखि ४९ | ३१६ | ५२५ | ८४१ | ४.०५ |
| ११. | ५० देखि५४ | ३५० | ५१६ | ८६५ | ४.१७ |
| १२. | ५५ देखि ५९ | २९१ | ३७९ | ६७० | ३.२३ |
| १३. | ६० देखि६४ | २७२ | ४२१ | ६९३ | ३.३४ |
| १४. | ६५ देखि६९ | २१९ | २७३ | ४९२ | २.३७ |
| १५. | ७० देखि७४ | १९८ | ३१८ | ५१६ | २.४८ |
| १६. | ७५ देखि७९ | ९४ | १३९ | २३३ | १.१२ |
| १७. | ८० देखि८४ | ४४ | ६३ | १०७ | ०.५१ |
| १८. | ८५ देखि८९ | १३ | २२ | ३५ | ०.१६ |
| १९. | ९०देखि९४ | ४ | १४ | १८ | ०.०८ |
| २० | ९५देखि माथि | १ | १२ | १३ | ०.०६ |

*स्रोत केन्द्रिय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८*

यसै गरि यस गाउँपालिका को वडागत जनसंख्या देहाय बमोजिम रहेको छ जस अनुसार सबै भन्दा बढि जनसंख्या वडा नं. ४ र सबै भन्दा कम जनसंख्या वडा नं. ७ मा रहेको छ । वडागत जनसङ्ख्या विवरण निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. – २**

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १. | ९९९ | १३१९ | २३१८ |
| २ | १३६९ | १७५९ | ३१२८ |
| ३ | १५४५ | १९८५ | ३५३० |
| ४ | १७७१ | २३४४ | ४११५ |
| ५ | १२५२ | १७४४ | २९९६ |
| ६ | ९९३ | १३५८ | २३५१ |
| ७ | १६६१ | १२३७ | २२९८ |

स्रोत केन्द्रिय तथ्याङ्क विभाग, राष्टिय जनगणना २०७८

यसै गरि यस गाउँपालिका को वडागत रुपमा अपाङ्गता भएका व्यक्ति संख्या निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. –३**

| वडा | अपाङ्गता भएका व्यक्तिको संख्या |
|---|---|
| १ | ६२ |
| २ | ४८ |
| ३ | ७७ |
| ४ | ९१ |
| ५ | ८३ |
| ६ | ५७ |
| ७ | ३४ |

स्रोत केन्द्रिय तथ्याङ्क विभाग, राष्टिय जनगणना २०७८

निम्न बमोजिमको तालिकामा यस गाउँपालिकाका बिभिन्न जातजातीहरुको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका नं. – ४**

| क्र. सं. | जातजाती | प्रतिशत |
|---|---|---|
| १. | क्षेत्री | ४९.९ |
| २. | दलित | ३१.५ |
| ३. | ब्राहमण | १५.६ |
| ४. | जनजाती | २.७४ |
| ५. | अन्य | ०.१ |

स्रोत केन्द्रिय तथ्याङ्क विभाग, राष्टिय जनगणना

### *१.१.६ सामाजिक तथा साँस्कृतिक अवस्थाको बिश्लेषण*

के.आई.सिंह संस्कृतिमा अत्यन्तै धनी छ । धार्मिक दृष्टिले, यहाँ हिन्दू धर्मको एकछत्र प्रभाव रहेको छ, जसले समाजलाई गहिरो रूपमा प्रभाव पारेको छ। भेषभूषा, भाषा, पहिरन, चाडपर्व, र मेला(जात्राहरूमा अद्भुत विविधता पाइन्छ, जसले आई सिंहको सांस्कृतिक जीवनलाई अझै रंगीन र बहुआयामिक बनाएको छ।

यहाँका चाडपर्व र परम्पराहरूले सामूहिकता, एकता, र धार्मिक सहिष्णुताको सन्देश प्रवाह गर्छन्। दशैं र तिहारजस्ता राष्ट्रिय चाडहरू विशेष महत्वका साथ मनाइन्छन्। ओल्के पर्वले कृषिमा आधारित परम्परागत

जीवनशैलीलाई उजागर गर्दछ भने जाँत र दोत्या जस्ता चाडपर्वहरूले समुदायमा सामाजिक एकताको महत्त्व दर्शाउँछन्। गौरा पर्व धार्मिक आस्थासँग सम्बन्धित छ भने विशौं पर्वले समाजमा मेलमिलाप र सहयोगको भावना प्रवर्द्धन गर्छ।

होली रंगहरूको उत्सव हो, जसले खुशी र रचनात्मकता प्रकट गर्छ, जबकि माघी पर्वले नयाँ वर्षको सुरुवातको प्रतीकका रूपमा मनाइन्छ। पुतली पर्वले स्थानीय परम्परा र सांस्कृतिक विविधतालाई झल्काउँछ, र तीज पर्व महिलाहरूका लागि विशेष उत्सव हो, जसमा उनीहरूले आफ्नो इच्छा र स्वाभाव व्यक्त गर्छन्।

**यी चाडपर्व र परम्पराहरूले आई सिंहलाई सांस्कृतिक रूपमा सम्पन्न मात्र होइन, सामाजिक रूपमा पनि बलियो बनाएको छ। यसको सांस्कृतिक जीवनशैलीलाई अझै गहन रूपमा बुझ्न र अनुभव गर्न, यी चाडपर्वहरूमा सहभागी हुनु एक अद्भुत अवसर हुनेछ।**

### १.१.७ आर्थिक अवस्थाको विश्लेषण

के.आई. सिंहको पेशागत संरचना विविध छ, तर धेरै हदसम्म परम्परागत कृषि प्रणालीमा आधारित रहेको देखिन्छ। यहाँका अधिकांश परिवारहरूको जीविकोपार्जन कृषि, पशुपालन, र खेतीपातीमा निर्भर छ। कृषिमा आधारित जीवनशैलीले ग्रामीण अर्थतन्त्रलाई बलियो बनाएको भए पनि आधुनिक कृषि प्रविधिको अभावले उत्पादनशीलतामा चुनौती खडा गरेको छ।

यस क्षेत्रका केही व्यक्तिहरू साना व्यवसाय र मझौला घरेलु उद्योगहरूमा संलग्न छन्। यी उद्योगहरूले स्थानीयस्तरमा रोजगारीका अवसर सिर्जना गरे पनि ती व्यवसायहरू सीमित स्रोत(साधनका कारण ठूलो मात्रामा विस्तार हुन सकेका छैनन्।

रोजगारीको खोजीमा धेरै युवा भारत र अन्य मुलुकहरूतर्फ पलायन भएका छन्। वैदेशिक रोजगारले परिवारको आर्थिक अवस्थालाई केही हदसम्म सुधार गरेको छ, तर यसले सामाजिक संरचनामा अलगावको भावना र श्रम शक्तिको पलायनको चुनौती पनि ल्याएको छ। के.आई. सिंहको आर्थिक परिदृश्य कृषि, साना घरेलु व्यवसाय, र वैदेशिक रोजगारीमा निर्भर छ । दीर्घकालीन विकासका लागि कृषिमा प्रविधि उपयोग, घरेलु उद्योगको प्रवर्द्धन, र स्थानीय रोजगारीका अवसरहरू सिर्जना गर्नेतर्फ ध्यान दिन आवश्यक देखिन्छ।

### *१.१.८ शिक्षा क्षेत्रको बर्तमान क्षेत्रगत अवस्था विश्लेषण*

यस गाउँपालिकामा विद्यालय,विद्यार्थी , विद्यार्थी भर्नादर ,विद्यालय छोड्ने दर ,विद्यालय विद्यार्थी अनुपात,शिक्षक अनुपात लैगिंक समता सूचकाङ्क ,प्राविधिक शिक्षा र उच्च शिक्षाको विद्यमान अवस्था निम्नानुसार उल्लेख गरिएको छ ।

**शैक्षिक कार्यक्रम एवम् शिक्षण संस्था**

| शैक्षिक कार्यक्रम एव्म शिक्षण | सामुदायिक | सं | ज | कैफियत |
|---|---|---|---|---|

| संस्था | | स्थागत | म्मा | |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | ४९ | ५ | ५४ | |
| आधारभूत तह १ देखि ३ | ३ | १ | ४ | |
| आधारभूत तह १ देखि ५ | १५ | ० | १५ | |
| आधारभूत तह १ देखि ८ | ६ | ३ | ९ | |
| माध्यमिक बिद्यालय १ देखि १० | ४ | १ | ५ | |
| माध्यमिक बिद्यालय १ देखि १२ | ५ | ० | ५ | |

उपलब्ध तथ्याङ्कअनुसार, यस पालिकामा प्रारम्भिक बाल विकास कार्यक्रम सबैभन्दा बढी रहेका छन्, जसमा ४९ सामुदायिक र ५ संस्थागत विद्यालय गरी जम्मा ५४ छन्। आधारभूत तह कक्षा १–५ मा १५ सामुदायिक र ० संस्थागत विद्यालय सहित कुल १५ विद्यालय रहेका छन्। कक्षा १–८ सम्म विद्यालयको संख्या जम्मा ९ रहेको छ , जसमा ६ सामुदायिक र ३ संस्थागत विद्यालय छन्। माध्यमिक तहमा कक्षा १–१० सम्मका विद्यालय जम्मा ५ छन्, जसमा ४ सामुदायिक र १ संस्थागत विद्यालय समावेश छन्। त्यसैगरी, कक्षा १–१२ सम्मका ५ वटा विद्यालयहरू सबै सामुदायिक छन्, जहाँ संस्थागत विद्यालयको उपस्थिति देखिँदैन।

यस तथ्याङ्क अनुसार सामुदायिक विद्यालयहरूले शिक्षाको पहुँच विस्तार गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन्, तर उच्च तहसम्म पुग्दा विद्यालयहरूको संख्या घट्दै जानु गम्भीर चुनौती बन्न सक्छ । सङ्ख्यात्मक रूपमा शैक्षिक संस्थाहरूको अवस्था पर्याप्त नै देखिन्छ । यी संस्थाहरूको शिक्षा सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी तथा गुणस्तीय बनाउन सकेमा गाउँपालिकाको समग्र विकासका लागि आवश्यक जनशक्ति विकास हुनजाने अवस्था देखिन्छ ।

## वडागत सामुदायिक शैक्षिक संस्थाहरूको विवरण

| क्रस | वडा | वालविकासकेन्द्रहरु | | आधारभुत विद्यालय | | माध्यमिक विद्यालय | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | | |
| १ | १ | ६ | ० | ३ | ० | १ | ० | | |
| २ | २ | ७ | १ | ५ | १ | १ | ० | | |
| ३ | ३ | ७ | १ | ६ | १ | १ | ० | | |
| ४ | ४ | १० | २ | ४ | २ | १ | ० | | |
| ५ | ५ | ८ | ० | २ | १ | २ | ० | | |
| ६ | ६ | ९ | १ | १ | ० | ३ | १ | | |
| ७ | ७ | २ | ० | ३ | ० | ० | ० | | |
| जम्मा | | | | | | | | ३८ | |

प्रस्तुत तथ्यांक हाल ५४ वटा बालविकास केन्द्र सञ्चालनमा छन्, जसमा ४९ सामुदायिक र ५ संस्थागत केन्द्र रहेका छन्। यी मध्ये ५१ विद्यालयमा र ३ समुदायमा आधारित रहेका छन ।

विद्यालयहरूको संख्यालाई हेर्दा, सामुदायिक आधारभूत तहमा २४ र संस्थागत आधारभूतमा ४ विद्यालय रहेका छन्, जसअनुसार आधारभूत तहमा कुल २८ विद्यालय छन्। माध्यमिक तहमा भने ९ वटा सामुदायिक र १ वटा संस्थागत विद्यालय रहेका छन्। यसरी सामुदायिक विद्यालयहरू ३३ र संस्थागत विद्यालयहरू ५ रहेका छन्, कुल ३८ शैक्षिक संस्थाहरू सञ्चालनमा छन्।

उपलब्ध तथ्यांकले विद्यालयहरूको वडागत वितरण असमान रहेको देखाउँछ। वडा नं. ४ मा सबैभन्दा धेरै १९ वटा शैक्षिक संस्थाहरू छन्, जबकि वडा नं. ७ मा केवल ५ विद्यालय मात्रै छन्। सामुदायिक विद्यालयहरूको संख्या संस्थागत विद्यालयहरूको तुलनामा उच्च रहेको छ। धेरैजसो वडाहरूमा निजी (संस्थागत) विद्यालयको अनुपस्थितिले निजी क्षेत्रको सहभागिता न्यून रहेको संकेत गर्दछ।

विशेषगरी माध्यमिक विद्यालयहरूको संख्या सीमित भएकोले, विद्यार्थीहरूलाई उच्च शिक्षाका लागि अन्यत्र जानुपर्ने अवस्था देखिन्छ। विद्यालयहरूको समानुपातिक वितरण र शैक्षिक पहुँचमा सुधार ल्याउन दीर्घकालीन र समावेशी योजना आवश्यक देखिन्छ।

**कक्षागत विद्यार्थी विवरण**

| कक्षा | छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|---|
| बालविकास | ६०१ | ७२० | १३२१ | |
| कक्षा १ | ३३८ | ३०१ | ६३९ | |
| कक्षा २ | २५० | २६९ | ५१९ | |
| कक्षा ३ | २५५ | २६० | ५१५ | |
| कक्षा ४ | २६१ | २५२ | ५१३ | |
| कक्षा ५ | ३०५ | २३५ | ५४० | |
| कक्षा ६ | २२९ | २२० | ४४९ | |
| कक्षा ७ | २५८ | २३० | ४८८ | |
| कक्षा ८ | २२० | १८२ | ४०२ | |
| कक्षा ९ | ३४६ | २१५ | ५६१ | |
| कक्षा १० | १५६ | १६३ | ३१९ | |
| कक्षा ११ | ३९ | ४८ | ८७ | |
| कक्षा १२ | १४० | ८६ | २२६ | |
| जम्मा | ३३९८ | ३१८१ | ६५७९ | |

### ***१.१.९ अपाङ्गता भएका बालबालिकाको कक्षागत विवरण***

| कक्षा | छात्रा | छात्र | अन्य | जम्मा |
|---|---|---|---|---|
| बालविकास | १ | ३ | | ४ |
| १ | १ | २ | | ३ |
| २ | २ | ० | | २ |
| ३ | ० | ३ | | ३ |

| | | | | |
|---|---|---|---|---|
| ४ | ० | २ | | २ |
| ५ | २ | १ | | ३ |
| ६ | ० | ३ | | ३ |
| ७ | ० | ० | | ० |
| ८ | ० | २ | | २ |
| ९ | १ | १ | | २ |
| १० | ० | १ | | १ |
| ११ | ० | १ | | १ |
| १२ | ० | २ | | २ |

**सामुदायिक विद्यालयका शिक्षक, कर्मचारी तथा वालविकास सहजकर्ताहरुको विवरण**

| तह /पद | स्थायी | अस्थायी/करार | राहत | दलित स्वयंसेवक | संघ अनुदान | गा पा अनुदान | जि स्रोत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| बालविकास | ५४ | | | | | | | ५४ | |
| आधारभुत | ६८ | ३ | ३३ | ३ | ११ | १५ | ७ | ६० | |
| माध्यमिक | ७ | | १४ | | १० | ४ | | ३५ | |
| लेखापाल | ९ | | | | | | | ९ | |
| क स | ३३ | | | | | | | ३३ | |
| जम्मा | | | | | | | | २९१ | |

### *१.१.१० संस्थागत विद्यालयका शिक्षक तथा वालविकास सहजकर्ताहरुको विवरण*

| ह | वालविकास | आधारभुत शिक्षक | माध्यमिक शिक्षक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | ५ | ४५ | ५ | ५५ | |

**शिक्षक विद्यार्थी अनुपात**

| वर्ष | शिक्षक विद्यार्थी अनुपात सामुदायिक | शिक्षक विद्यार्थी अनुपात संस्थागत | कैफियत |
|---|---|---|---|
| २०८१ साल | २६-१ | २४-१ | |

**विद्यार्थीहरूको औसत सिकाइ उपलब्धी विवरण कक्षा १-३**

| विवरण | छात्रा | छात्र | जम्माऔसत | कैफियत |
|---|---|---|---|---|
| के आई सिंह गाउँपालिकाको औसत कक्षा १, २ र ३ | १०० | १०० | १०० | |

**विद्यार्थीहरूको औसत सिकाइ उपलब्धी**

| शैक्षिक सत्र | आधारभुत १-५ | आधारभुत ६-८ | आधारभुत १-८ | मा वि ९-१० | कैफियत |
|---|---|---|---|---|---|
| २०८१ | ९८ | ९७ | ९५ | ६५ | |
| | | | | | |

| क्र.सं. | सूचक | सूचकको तह | | | आधार बर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **१. प्रारम्भिक बालबिकास र शिक्षा** | | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर * (%) | स्थानीय | | | ९५ | ९६ | ९७ | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ८६.२ | ८९.५ | ९४.० | ९९.0 | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाकोअनुभवलिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिका* (%) | स्थानीय | | | ८५ | ९० | ९७ | ९९ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ६८.६ | ७३.० | ८५.० | ९५ | | |
| | **२. आधारभूत शिक्षा कक्षा १ देखि ८** | | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबावलकाको खुद प्रवेश दर (%) | स्थानीय | | | ९७ | ९८ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ९६.९ | ९७.५ | ९९.0 | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | स्थानीय | | | १२२ | ११४ | १०५ | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ .३ | आधारभूत तह प्राथमिक तह १ देखि ५ मा खुद भर्ना दर | स्थानीय | | | ९८ | ९९ | ९९.५ | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ९७.१ | ९९ | ९९.५ | १०० | | |
| २ .४ | आधारभूत तह (प्राथमिक कक्षा१-५) मा कुल भर्नादर* (%) | स्थानीय | | | ११० | १०५ | 104 | 100 | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ११९.२ | ११५.० | | | | |
| २ .५ | आधारभूत तहकोकक्षा१ कोखुद प्रवेश दर* (%) | स्थानीय | | | ९९.० | ९९.० | ९९.० | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ९८.३ | | | | | |
| २ =६ | आधारभूत तहकोकक्षा ५ को कुल प्रवेश दर* (%) | स्थानीय | | | ११० | १०८ | १०५ | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ११३ | ११० | १०७ | १०५.० | | |
| २ .७ | आधारभूत तहकोकक्षा१ सम्मटिकाउ दर* (%) | स्थानीय | | | ९५ | ९५ | ९५ | ९५ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ९३ | ९५ | ९८ | ९९ | | |
| २ .८ | आधारभूत तह (प्राथमिक कक्षा५) पूरा गर्ने दर* (%) | स्थानीय | | | ९०.५ | ९५.५ | ९७ | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २ .९ | आधारभूत तहमा (प्राथमिक कक्षा१-५) मा भर्नाभएका ५-९ वर्षउमेरभन्दामाथिका बालबालिका* (%) | स्थानीय | | | २० | १५ | १० | ५ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | २२.२ | २०.० | १५.० | १०.० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा१-५) कुल भर्नादरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | | | १.०५ | १.०५ | १.०५ | १ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा१-८) मा खुद भर्नादर* (%) | स्थानीय | | | ९९.५३ | १०० | १०० | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा१-८) मा कुल भर्नादर (%) | स्थानीय | | | १०८.५ | १०५.२ | १.३.२ | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहकोकक्षा८ सम्मकोटिकाउ दर* (%) | स्थानीय | | | ८५ | ९० | ९५ | ९८ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ७९.३ | | | ९५ | | |
| २.१४ | आधारभूत तहकोकक्षा१ मा भर्नाभई कक्षा८ पूरा गर्ने दर*(%) | स्थानीय | | | ८५ | ९० | ९५ | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा१-८) कुल भर्नादरमा लैङ्गिक समता सूचक* | स्थानीय | | | १.० | १.० | | | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | १.०१ | १.०१ | | | | |

| क्र.सं. | सूचक | सूचकको तह | आधार बर्ष | २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१६ | कक्षा३ मा न्यूनतम सिकाइ उपलब्धिहासिल गरेका (कक्षा३ कोआधारभूत वा तह २ हासिल भएका) बालबालिकाकोसङ्ख्या(%) नेपाली भाषा गणित | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| २.१७ | कक्षा५ मा न्यूनतम सिकाइ उपलब्धिहासिल गरेका (कक्षा५ कोआधारभूत तह हासिल भएका) बालबालिकाकोसङ्ख्या(%) नेपाली भाषा , गणित अङ्ग्रेजी | स्थानीय | नेपाली | ६० | ७० | ८२ | ९० | | |
| | | | गणित | ४५ | ५५ | ७० | ८० | | |
| | | | अंग्रेजी | ५५ | ६५ | ७५ | ८५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | नेपाली | ४५.० | ५२.० | ६०.० | s७०.० | | |
| | | | गणित | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| २.१८ | कक्षा८ मा न्यूनतम सिकाइ उपलब्धिहासिल गरेका (कक्षा८ कोतह ३ हासिल भएका) बालबालिकाकोसङ्ख्या(%) नेपाली भाषा, गणित, विज्ञान | स्थानीय | नेपाली | ८५ | ९० | ९५ | ९७ | | |
| | | | गणित | ५५ | ६५ | ७० | ७० | | |
| | | | विज्ञान | ६० | ७० | ८० | ९० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | नेपाली | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | | गणित | ५३.५ | ६० | ६५.० | ७०.० | | |
| | | | विज्ञान | ४३.८ | ५० | ६० | ७० | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका* (%)आधारभुत तह(कक्षा १-५) र १-८ | स्थानीय | कक्षा १-५ | १.५ | १.० | ०.५ | ० | | |
| | | | कक्षा १-८ | ४ | २.० | ०.५ | ० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | कक्षा १-५ | २.९ | १ | ०.५ | ० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कक्षा १-८ | ६.६ | | १.० | ० | | |
| २.२० | आधारभूत तह (कक्षा१-८) अध्यापनरत कुल शिक्षक मध्येमहिला शिक्षककोसङ्ख्या*(%) | स्थानीय | | २० | ३० | ४० | ५० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४३.७ | ४५.० | ५०.० | ५०.० | | |

**३. माध्यमिक शिक्षा (कक्षा ९-१२)**

| क्र.सं. | सूचक | सूचकको तह | आधार बर्ष | २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.१ | माध्यमिक तह (कक्षा९-१२) मा खुद भर्नादर* (%) | स्थानीय | | ६० | ६५ | ७० | ८५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४७.६ | | ६५.० | | | |
| **३.२** | माध्यमिक तह (कक्षा९-१२) मा कुल भर्नादर* (%) | स्थानीय | | ८० | ८५ | ९० | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ७१.४ | | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्नादरमा लैङ्गिक समता सूचक* (कक्षा९-१२) | स्थानीय | | १.०१ | १.०० | १.०० | १.०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | ९८ | ९८.५ | ९९ | ९९.५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | | | |
| ३.५ | कक्षा१ मा भर्नाभएका बालबालिका मध्येकक्षा१० मा पुग्नेदर (%) | स्थानीय | | ८१ | ८६ | ९१ | ९५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.६ | कक्षा१ मा भर्नाभएका बालबालिका मध्येकक्षा१२ मा पुग्नेदर (%) | स्थानीय | | ५० | ५५ | ६५ | ७५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४ | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | १४ | १६ | १८ | २० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.८ | माध्यमिक तह (कक्षा९-१२) मा अध्ययनरत विद्यार्थीमध्येविज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षाविषयमा भर्नाभएका विद्यार्थीसङ्ख्या*(%) | स्थानीय | विज्ञान | ० | ० | ० | ० | | |
| | | | प्रा व्या | २ | ३ | ५ | ७ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | | | |
| | | | प्रा व्या | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) नेपाली,अंग्रेजी, बिज्ञान र गणित | स्थानीय | नेपाली<br>अंग्रेजी<br>विज्ञान<br>गणित | ५८<br>५५<br>४२<br>४५ | ६५<br>६०<br>७४<br>५० | ७१<br>६५<br>५३<br>५५ | ७५<br>७०<br>५९<br>६० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | नेपाली<br>अंग्रेजी<br>विज्ञान<br>गणित | | | | | | |
| **४. जीबनपर्यान्त शिक्षा तथा सिकाई र अनौपचारिक शिक्षा** | | | | | | | | | |
| ४ | साक्षरता दर (पाँच | स्थानीय | | ९७.५ | ९८.५ | १०० | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| .१ | वर्षभन्दामाथि) (%) | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८५.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्षभन्दामाथि) (%) | स्थानीय | | ८५ | ९० | ९५ | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ९५ | ९७ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (पाँच वर्षभन्दामाथि) | स्थानीय | | ०.८५ | ०.९० | ०.९५ | १.०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०,८० | | |
| **५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिकरूपले सक्रिय जनशक्ति * (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सोसरह) उत्तीर्ण जनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | | २६ | ३५ | ३५ | ३५ | | संख्या |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| **६. सुशासन तथा व्यवस्थापन** | | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थीःशिक्षक | स्थानीय | | २४:१ | २७:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनुपात (सामुदायिक विद्यालय) | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ५५.७९ | ४५ | ४० | ३५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ३३:१ | ३०:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा९-१०) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ३५:१ | ३५:१ | ३५:१ | ३५:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | | ३३:१ | ३३:१ | ३३:१ | ३३:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| | **७. शिक्षामा लगानी** | | | | | | | | |
| ७.१ | कुल बजेटकोशिक्षाक्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | ४१ | ४२ | ४२ | ४२ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ७.२ | आधारभूत तह (कक्षा१-८) मा प्रतिविद्यार्थीसरकारी खर्च(रू. हजारमा) | स्थानीय | | ३९ | ४१ | ४१ | ४१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १८ | २१ | २४ | | | |
| ७ | माध्यमिक तह | स्थानीय | | ४२ | ४२ | ४२ | ४२ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| .३ | (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च(रू. हजारमा) | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ११ | १५ | १७ | | | |

## परिच्छेद – २

# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धार

## २.१ सन्दर्भ र औचित्य

नेपालको संविधानले सङ्घीय गणतान्त्रिक लोकतन्त्रात्मक शासन व्यवस्थालाई अङ्गिकार गरि तिन तहमा निर्वाचित सरकार क्रियाशील रहेको छ । संविधानमा व्यवस्था भए अनुसार शिक्षा साझा अधिकार सूचीमा परे पनि माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहको अधिकार क्षेत्रमा परेको छ । यही व्यवस्था अनुसार स्थानीय तहहरूले कार्य गर्दै आएका छन । विद्यालय शिक्षाको मूल जिम्मेवारी स्थानीय तहको भए अनुसार विद्यालय शिक्षाको विकासको योजना निर्माणको दायित्व स्थानीय तहको हुन आएको छ । स्थानीय सरकार सञ्चालन ऐन ले पनि क्षेत्रगत आवधिक योजना निर्माण र कार्यान्वयनका लागी मार्ग निर्देश गरेको छ । दिगो विकास लक्ष्य अनुरूप सबैका लागी गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्नु सबै तहका सरकारको दायित्व हुन आएको सन्दर्भ विद्यमान रहेको छ । सङ्घीयता लागू हुनुपूर्व नेपाल सरकार शिक्षा मन्त्रालयले कार्यान्वयनमा ल्याएको एस एस डि पि को अवधि २०७८ आषाढमा समाप्त भै हाल शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले परिवर्तित सन्दर्भ अनुसार नयाँ शिक्षा क्षेत्र योजना लागू गरेको छ । साथै सबै प्रदेश र स्थानीय सरकारलाई शिक्षा क्षेत्रको आवधिक योजना निर्माणका लागी मार्ग निर्देश गरेको छ । के. केआइसिंह गाउँपालिकाले संविधान प्रदत्त अधिकार र जिम्मेवारी अनुरूप शिक्षालाई समय सापेक्ष शिक्षाको पहुँच

,गुणस्तर ,समता र सक्षमता सहितको शिक्षाका लागी शिक्षा क्षेत्रको योजना निर्माण आवश्यक ठानी यो शैक्षिक योजना निर्माण गरेको छ ।

**दीर्घकालीन सोच**

शिक्षामा सबैको पहुँच सुनिश्चित तथा शैक्षिक गुणस्तर अभिवृद्धि गरी शैक्षिक तथा सांस्कृतिक रूपान्तरणका माध्यमबाट प्रतिस्पर्धी उद्यमशील र नवप्रवर्तक जनशक्तिको विकास गरेर  के आई सिंह गाउँपालिकालाई आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपमा समृद्ध बनाउने ।

**लक्ष्य**

स्वस्थ , सभ्य, सक्षम र प्रतिस्पर्धी जनशक्ति विकास मार्फत गाउँपालिकाको सामाजिक एवम् आर्थिक रूपान्तरण र सामाजिक न्याय सहितको दिगो समृद्धि हासिल गर्ने ।

**उद्देश्य**

- के आई सिंह गाउँपालिकाका सबै बालबालिकालाई प्रारम्भिक बालविकासको अनुभवसहित आधारभूत  शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क सहित शिक्षामा पहुँच सुनिश्चित गरी शिक्षालाईगुणस्तरीय,जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु,
- शिक्षामा समतामूलक अवसरहरु सुनिश्चतगर्दै शिक्षालाई सिपयुक्त समय सान्दर्भिक र गुणस्तरयुक्त बनाउनु,
- शिक्षामा वैकल्पिक अवसरहरु अवलम्वल गर्दै सबै तह र प्रकारको शिक्षा तथा सिपमूलक तालिममा पहुँच अभिवृद्धि गर्नु,
- शैक्षिक प्रशासनमा निरन्तर सुधार नवप्रवर्धन र सुशासनलाइ संस्थागत गर्नु । शैक्षिक पद्धतिलाइ सृजनात्मक व्यवहारिक समावेशी तथा समतामूलक वनाउँदै लैजानु,
- गाउँपालिका स्तरीय समग्र शिक्षा प्रणालीको दक्षता प्रभावकारीता र जवाफदेहिता तथा संस्थागत सक्षमतामा अभिवृद्धि गर्नु,
- प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गरी सबैको पहुँच तथा गुणस्तर सुनिश्चित गर्नु,
- गाउँपालिकाभित्रको शिक्षा प्रणालीमा सुशासन कायम गरी पारदर्शिता,उत्तरदायित्व र जवाफदेहिताको विकास गर्नु,
- शिक्षा क्षेत्रमा ज्ञान,विज्ञान र प्रविधिको विकाससँगै आएको नवीन परिवर्तन समावेश गर्नु।

**रणनीतिहरु**

- प्रारम्भिक बालविकासको व्यवस्थापन गर्दै प्रारम्भिक बालविकासलाइ समन्वयात्मक रुपमा विस्तार गर्ने र सो तहको शिक्षा सबै बालबालिकाहरुका लागि अनिवार्य गर्ने,
- निःशुल्क र अनिवार्य आधारभूत शिक्षा (०-८ ) र निशुल्क माध्यमिक शिक्षा (९-१२) मा गुणस्तरीयता ल्याई सबैको पहुँच सुनिश्चित गर्न सरोकारवाला सबै निकायको क्षमता विकास,जागरुक र जवाफदेहीबनाउने,
- सवै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने,
- व्यावसायिक तथा प्राविधिक शिक्षाको लागि संस्था स्थापना गर्न वजेट व्यवस्थापन र सम्बन्धित निकायसँगको सहयोग समन्वयमा प्रक्रिया अगाडि बढाउने,
- रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसर तथा लगानीमा विस्तार गर्ने,

- युवाहरुका लागि यस गाउँपालिकामा प्राविधिक तथा व्यवसायीक धारका विद्यालयहरु सञ्चालन गरी गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच सुनिश्चित गर्ने,
- गाउँपालिकामा उच्चशिक्षाको विस्तार गरी नियमनसहित पूर्वाधार विकास र अवसरहरुको विविधीकरण गर्ने,
- साक्षरतालाई उत्पादकत्वसँग आवद्ध गरी अभियानका रुपमा संञ्चालन गर्ने,
- दलित,जनजाति,विपन्न समुदाय र अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षामा पहुँच सुनिश्चतता गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने,
- प्रतिभा पलायनबाट बच्न  मागमा आधारित प्रविधिमैत्री शिक्षा प्रणालिको विकास गरी  सीपयुक्त जनशक्ति  तयार पार्ने,
- नागरिकहरुलाई कामको संसारसँग परिचित गराई सीपको प्रमाणीकरणको व्यवस्था मिलाइने,
- शिक्षाको समग्र गुणस्तर कायम गर्न विद्यालयमा गरीएको लगानीको प्रतिफलमा आधारित थप लगानी पद्धतिको विकास गर्ने,
- सम्पूर्ण शिक्षा प्रणालीलाईसूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउदै लैजाने,
- विद्यालयको शैक्षिक व्यवस्थापनलाई  सक्षम निष्पक्ष पारदर्शी र जवाफदेहि बनाउन वडा शिक्षा समिति,विद्यालयमा विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ र प्रधानाध्यापकको सक्षमता विकास गर्ने ,
- भूगोल र विद्यार्थी संख्याका आधारमा विद्यालय समायोजन शिक्षक दरबन्दी मिलान गरी न्युनतम जनशक्तिको व्यवस्थापन गर्ने,
- विपद तथा महामारीमा शैक्षिक निरन्तरता प्रदान गर्न प्रत्येक बिद्यालय उत्थाशिल पूर्वाधार एवम् वैकल्पिक सिकाइ प्रणाली विकास गर्ने,
- संघ र प्रदेश सरकारबाट जारी भएका नीति तथा कार्यक्रम संग समन्वय हुने गरि आफ्ना नीति तथा कार्यक्रम हरु निर्माण एवम् कार्यन्वयन गर्ने ।

### *२.१.२ कार्यनीतिहरु*

**क) प्रारम्भिक बालविकास**

१. प्रारम्भिक बालविकासको अवस्था पहिचान गरी प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको सहज पहुँच सुनिश्चित गर्न मापदण्डका आधारमा बालविकास केन्द्रहरू सञ्चालन गरिनेछ ।

२. प्रारम्भिक बालविकास केन्द्र सञ्चालनका लागि पोषण, स्याहार, मनोरञ्जन सहितको न्यूनतम मापदण्ड विकास गरी सूचकका आधारमा वर्गीकरण गरी थप प्रोत्साहन गरिनेछ ।

३. प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सहजीकरण गर्न सिकाइ सामग्रीहरूको उचित प्रबन्ध र प्रयोगको वातावरण तयार गरिनेछ ।

४. प्रारम्भिक बालविकासका शिक्षकहरूलाई खेलमा आधारित एवम् बालबालिका केन्द्रित सिकाइ प्रक्रिया सम्बन्धी तालिम प्रदान गरी सक्षमता विकास गरिनेछ ।

**ख) आधारभूत शिक्षा**

१. प्रत्येक बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिँदै वडास्तरीय संरचनाहरूलाई जिम्मेवार बनाइनेछ।

२. अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच सुनिश्चित गर्न विद्यालयमा पहुँचयुक्त संरचना निर्माण गरिनेछ र आवश्यक सिकाइ सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ।

३. सिकाइ सिमितता भएका बालबालिकाको पहिचान (स्क्रिनिङ) गरी व्यक्तिगत सिकाइ योजना कार्यान्वयन गरिनेछ।

४. सीमान्तकृत, लोपोन्मुख तथा अति विपन्न समुदायका बालबालिकाको शैक्षिक निरन्तरताका लागि आवश्यक प्रोत्साहन तथा सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ।

५. आधारभूत तहको सिकाइ सुधार गर्न शिक्षक तथा विद्यार्थी सहयोग पद्धति विकास गरिँदै निरन्तर मूल्याङ्कन र उपचारात्मक सिकाइको अवसर सुनिश्चित गरिनेछ।

६. प्रत्येक विद्यालयमा "एक विद्यालय, एक पुस्तकालय" अवधारणा अन्तर्गत पुस्तकालय स्थापना गरि पठनसंस्कृति प्रवर्द्धन गरिनेछ।

७. स्थानीय मूल्य, परम्परागत ज्ञान, प्रविधि तथा सांस्कृतिक पहिचानको संरक्षण र सम्बर्द्धनका लागि स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिनेछ।

८. बालबालिकाको सिर्जनशीलता, व्यावहारिक ज्ञान तथा जीवनोपयोगी सीप विकासका लागि शिक्षक क्षमता अभिवृद्धि गरि अनुभवमा आधारित सिकाइ प्रक्रियाहरू अपनाइनेछ।

९. आधारभूत तहदेखि नै बालबालिकाको प्रतिभा पहिचान गरी तिनको विकासका लागि अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ।

१०. एकीकृत पाठ्यक्रम अवधारणाअनुसार शिक्षण सिकाइ प्रविधि सुधार्न शिक्षकको पेसागत विकास गरि तिनलाई बढी जिम्मेवार बनाइनेछ।

११. समावेशी, लैङ्गिक तथा बालमैत्री शिक्षण सिकाइ प्रवद्र्धन गर्न आधारभूत ज्ञान तथा सीपको विकास गरि आवश्यक वातावरण सिर्जना गरिनेछ।

### २.१.३ माध्यमिक

१. माध्यमिक शिक्षालाई गुणस्तरीय बनाउन विषयगत र दक्ष शिक्षकहरूबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न नियमित रूपमा शिक्षक दरबन्दी मिलान र योग्य सक्षम एवम् नियमबमोजिम प्रधानाध्यापकको व्यवस्था गरिनेछ।

२. विद्यार्थी सङ्ख्या र विषयको आधारमा आवश्यक शिक्षकको व्यवस्था गरिनेछ। आकस्मिक रूपमा उत्पन्न हुने शिक्षक अभाव पूर्तिका लागि आफ्नै स्रोत परिचालन गरी विषयगत युवा स्वयंसेवक शिक्षकको व्यवस्था गरिनेछ।

३. प्रत्येक माध्यमिक विद्यालयमा "एक विद्यालय, एक पुस्तकालय" कार्यक्रम लागू गरिनेछ। साथै, STEAM शिक्षाको अवधारणाअनुसार विषयगत प्रयोगशाला र सूचना तथा सञ्चार प्रविधिसम्बन्धी प्रयोगशाला स्थापना गरी गुणस्तरीय शिक्षण सिकाइका लागि आवश्यक न्यूनतम पूर्वाधार तयार गरिनेछ।

४. प्रत्येक विद्यालयका भौतिक संरचना तथा शिक्षण सिकाइ क्रियाकलापलाई अपाङ्गता मैत्री, पहुँचयुक्त र समावेशी बनाइनेछ।

५. विद्यालयमा लैङ्गिक समानता प्रवर्द्धन गर्न प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षकको व्यवस्था गरी सुरक्षित र लैङ्गिक मैत्री वातावरण निर्माण गरिनेछ।

६. छात्राहरूका लागि निःशुल्क तथा सहज रूपमा स्यानिटरी प्याड उपलब्ध गराउने व्यवस्था मिलाइनेछ, साथै सुरक्षित र स्वच्छ व्यवस्थापन प्रणाली लागू गरिनेछ।

७. सम्भाव्यता तथा आवश्यकताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षालयहरू स्थापना र सञ्चालन गरिनेछ।

८. विद्यार्थीहरूमा श्रमको सम्मान र आत्मनिर्भरता विकास गर्न तथा जीवनोपयोगी सीप प्रदान गर्न "पढ्दै कमाउँदै" कार्यक्रम सञ्चालन गरिनेछ।

९. टुहुरा,अपाङ्गता भएका, सीमान्तकृत तथा अति विपन्न परिवारका बालबालिकालाई आवश्यक शैक्षिक सामग्री निःशुल्क उपलब्ध गराई माध्यमिक शिक्षा निरन्तरता दिन सहयोग गरिनेछ।

१०. कमजोर सिकाइ भएका बालबालिकाका लागि विशेष ध्यान दिइनेछ। सिकाइ समस्या समाधान र उपलब्धिमा सुधार गर्न उपचारात्मक शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

११. विपद् तथा महामारीको समयमा सिकाइ निरन्तरता दिन भवनसंहिता अनुरूप सुरक्षित शैक्षिक पूर्वाधार निर्माण गरिनेछ। साथै, अनलाइन तथा डिजिटल माध्यमबाट सिकाइलाई प्रवर्द्धन गर्न आवश्यक सामग्रीको विकास र कार्यान्वयन गरिनेछ।

१२. प्रत्येक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार गरी शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ र विद्यालयको गुणस्तर सुधारमा उनीहरूको जिम्मेवारी सुनिश्चित गरिनेछ।

१३. बालवालिकाको शिक्षामा सहयोग एवम् प्रोत्साहनका लागि अक्षयकोष वा छात्रवृत्तिको व्यवस्था गर्न इच्छुक व्यक्ति वा संस्थाहरूलाई प्रोत्साहन गरिनेछ ।

१४. प्रत्येक विद्यालयमा सामाजिक परीक्षण कार्यलाई संस्थागत गरी शैक्षिक प्रशासन तथा व्यवस्थापन प्रति शिक्षक विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा प्रधानाध्यापकलाई बढी जिम्मेवार र जबाफदेही बनाइनेछ ।

### २.१.४ अनौपचारिक तथा बैकल्पिक शिक्षा

१. प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको विस्तार गरिने छ र साक्षरोत्तर कक्षा जीवनोपयोगी शिक्षा तथा अन्य पेसागत सिकाइ हस्तान्तरणको थलोको रूपमा विकसित गरिनेछ ।

२. सामुदायिक सिकाइ केन्द्रलाई क्रमशः आधुनिक ज्ञानमा आधारित समाजको अवधारणा अनुसार समुदाय सदस्यहरूलाई सशक्तीकरण गर्न र आधुनिक सूचना सञ्चार र प्रविधिको प्रयोगमा अभिप्रेरित गर्न डिजिटल साक्षरता सीप विकास गरिनेछ ।

३. स्थानीय आवश्यकता अनुसार सम्भाव्य आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्न अनौपचारिक तथा वैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान तथा सीपसँग व्यावसायिक सीपलाई जोड्दै आय आर्जनका कार्यक्रमहरू सञ्चालन कार्यलाई जोड दिइनेछ ।

४. विद्यार्थीमा अन्तर्निहित प्रतिभाको पहिचान गरी वृत्तिविकासको मार्ग छनोटमा सहयोगका लागि पेशाविद् तथा सम्बन्धित क्षेत्रका विज्ञहरूमार्फत परामर्श दिने व्यवस्था मिलाइनेछ ।

### २.१.५ शिक्षामा समावेशिता र लैङ्गिक सशक्तीकरण

१. सबै तहको शिक्षामा लैङ्गिक समानताको अवस्था सिर्जना गर्न सीमान्तकृत, टुहुरा तथा अति विपन्न समुदायका विद्यालय उमेर समूहका बालबालिका लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

२. विद्यालयमा कार्यरत महिला शिक्षकको विद्यालय व्यवस्थापन तथा नेतृत्व विकास सम्बन्धी सक्षमता विकास गरी विद्यालयको नेतृत्वका लागि प्रोत्साहित गरिनेछ ।

४. रिक्त हुन आएका प्रधानाध्यापकको नियुक्तिमा महिला शिक्षकलाई प्राथमिकता दिइनेछ ।

५. तोकिएका आधारमा अपाङ्गता एवम् कार्यगत सीमितता भएका, टुहुरा, विपन्न, द्वन्द्वपिडित, अति सीमान्तकृत तथा दलित समुदायका बालबालिकाका लागि उच्च शिक्षासम्म लक्षित कार्यक्रमहरू सञ्चालन गरी उच्च शिक्षा पूरा गर्ने अवसर प्रदान गरिनेछ ।

७. विद्यालय र समुदायका बालक्लब, युवा क्लव, तथा अन्य सामुदायिक सञ्जालहरू मार्फत अभिभावक सचेतना तथा शैक्षिक जागरणका कार्यहरू सञ्चालन गरी समाजमा विद्यमान अन्धविश्वास, लैङ्गिक हिंसा, कुरीति, गलत मूल्य मान्यता, बालबिवाह, दाइजो प्रथा, घरेलु हिंसा र सबै प्रकारका विभेदलाई निरुत्साहित गरिनेछ ।

**२.१.५ सुशासन तथा जवाफदेहिता**

१. विद्यालयमा आधारित कार्यक्रम बजेट तथा अन्य सेवाहरूको पारदर्शिता र सूचनाको पहुँच बढाउन अनलाइन पद्धति विकास गरी सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

२. विद्यालयहरूमा गुनासो पेटिकाको व्यवस्थापन गरी गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाइनेछ ।

३. विद्यालयहरूबाट सम्पादित कार्यहरूमा सुशासन कायम गर्न सामाजिक परीक्षण र वित्तीय परीक्षणलाई नियमित गराई सामाजिक परीक्षण प्रतिवेदन र आयव्यय विवरण अनिवार्यरूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

४. वडा शिक्षा समितिलाई आफ्नो वडा भित्रका विद्यालयको अनुगमन, रेखदेख र सामाजिक परीक्षणलाई पारदर्शी बनाउन जिम्मेबार बनाइ शैक्षिक सुशासन र जवाफदेहिता अभिवृद्धि गरिनेछ ।

५. विद्यालय तहबाट हुने कार्यहरूको सही कार्यान्वयन तथा शैक्षिक क्रियाकलापहरूमा सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघलाई थप जिम्मेवार बनाइनेछ ।

६. विद्यालय तथा शिक्षकहरूलाई सिकारुको सिकाइ उपलब्धिप्रति जिम्मेवार तथा जबाफदेही बनाउन कार्यसम्पादनमा आधारित विद्यालय अनुदान तथा कार्यसम्पादनमा आधारित प्रोत्साहनलाई कार्यान्वयनमा ल्याइनेछ ।

७. विद्यालयका सरोकारवालाहरूलाई सुशासन एवं वित्तीय अनुशासनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

**२.१.६ प्राविधिक एवम् व्यावसायिक शिक्षा तथा तालिम**

१. माग र आवश्यकताका आधारमा रोजगारी र उद्यमशीलता विकास गर्नका लागि प्राविधिक एवं व्यवसायिक शिक्षा र तालिमको अवसर विस्तार गरिनेछ ।

२. प्राविधिक शिक्षामा दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति उपलब्ध गराइनेछ ।

३. स्वरोजगार तथा उद्यमशीलता अभिवृद्धिका लागि तालिम प्रदायक संस्थाहरूसँग समन्वय र सहकार्य गरी मागमा आधारित छोटो र लामा अवधिका शैक्षिक कार्यक्रम तथा सीपमूलक तालिममार्फत आयआर्जनका अवसर सिर्जना गरिनेछ ।

४. प्राविधिक धारको शिक्षा सञ्चालन भएका संस्थाहरूको नियमन तथा भौतिक अवस्थामा सुधार गरी गुणस्तरीय शिक्षाको व्यवस्था मिलाइनेछ ।

५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालन गर्ने विद्यालय तथा संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

**२.१.७ पाठ्यक्रम तथा पाठ्यसामग्री**

१. के. आई.सिंह गाउँपालिका भित्रका जातजाति, संस्कृति, विशिष्ट्ता र भौगोलिक विविधतालाई प्रतिबिम्बित हुने गरी कार्यान्वयनमा ल्याइएको स्थानीय विषयको पाठ्यक्रममा आवश्यक परिमार्जन गरी शिक्षक निर्देशिका तथा पाठ्यसामग्रीहरूको विकास तथा प्रयोग गरिनेछ ।

२. सामुदायिक तथा संस्थागत विद्यालयमा स्वीकृतिप्राप्तथ पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

३. अनलाइन शिक्षण सिकाइका लागि डिजिटाइज्ड पाठ्यसामग्रीहरूको विकास गरी शिक्षकको क्षमता विकास एवम् प्रयोगमा जोड दिइनेछ ।

४. खुला तथा दूर शिक्षण सिकाइलाई प्रभावकारी बनाउन विद्यालयमा सूचना, सञ्चार र प्रविधि ICT को पहुँच विस्तार तथा विकास गरिनेछ ।

### २.१.८ शिक्षक तालिम तथा पेसागत विकास

१. शिक्षकको पेशागत विकासका लागि TMIS व्यवस्थित गरी बालबालिकाले दक्ष शिक्षकहरूबाट सिक्न पाउने अवसर सहितको शिक्षकहरूको क्षमता विकासका विभिन्न मोडेलहरू प्रयोगमा ल्याइनेछ ।

२. विषयगत समितिहरूको व्यवस्था गरी शिक्षक तालिम एवम् पेसागत क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३. नव नियुक्त प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीका लागि सेवा प्रवेश तालिम सञ्चालन गरिनेछ ।

४. निजी तथा गैरसरकारी संस्थाहरू समेतको सहकार्यमा शिक्षकहरूको क्षमता विकासका लागि तालिमहरू सञ्चालन गरिनेछ ।

५. माग र आवश्यकताका आधारमा अनलाइनभर्चुअल तालिम / सञ्चालन गर्ने संयन्त्र विकास गरी तालिम सञ्चालन गरिनेछ ।

६. कार्यरत शिक्षकहरूको योग्यता वृद्धिका कार्यक्रमहरू सञ्चालन गर्न विश्वविद्यालय र खुला विश्वविद्यालयसँग सहकार्य र साझेदारी गरिनेछ ।

७. शिक्षकहरूका अनुसन्धानमूलक कार्यमा उत्प्रेरित गर्न शिक्षक जर्नल विकास तथा प्रकाशन गरिनेछ ।

८. प्रधानाध्यापक र शिक्षकहरूको लागि असल अभ्यासको आदानप्रदान गर्ने अवसर प्रदान गर्न अवलोकन भ्रमणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९. शिक्षकहरूलाई निरन्तर पेशागत सहयोगका लागि विषयगत समिति र स्वयम् सेवी विज्ञहरूको समूह गठन गरी कार्यथलोमा आधारित सुपरिवेक्षण र पृष्ठपोषण दिने व्यवस्था मिलाइनेछ ।

### शैक्षिक व्यवस्थापन

१. विद्यालय व्यवस्थापनलाई व्यवस्थित गर्न नक्साङ्कन गरी आवश्यकताको आधारमा सामुदायिक तथा संस्थागत विद्यालय समायोजन एवम् तह थपघट गरिनेछ ।

२. सामुदायिक तथा संस्थागत विद्यालयको व्यवस्थापन तथा गुणस्तर सुधारका लागि आवश्यक नीतिगत व्यवस्था तथा पृष्ठपोषणको पद्धति विकास गरिनेछ ।

३. विद्यालयमा न्यूनतम सिकाइ अनुकूल वातावरणका सिर्जना गरी गुणस्तरीय सिकाइ सुनिश्चित गरिनेछ ।

५. विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको नियमित बैठक सञ्चालन गरी अनुभव आदानप्रदान गरिनेछ ।

६. सामुदायिक र संस्थागत विद्यालयको अनुमति स्विकृतिका लागि निश्चित मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।

७. वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई शैक्षिक योजना तथा व्यवस्थापन सम्बन्धी क्षमता विकास गरिनेछ ।

८. नतिजामा आधारित मूल्याङ्कन प्रणालीका आधारमा पुरस्कार, दण्ड र पृष्ठपोषणको पद्धतिलाई अवलम्वन गरिनेछ ।

९. सामुदायिक-सामुदायिक विद्यालय वीच भगिनी सम्बन्ध स्थापना गरी विद्यालय व्यवस्थापनका असल अभ्यास तथा सिकाइ अनुभव आदानप्रदानका लागि प्रोत्साहन गरिनेछ ।

१०. सरोकारवालाको सहभागितामा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ।

११. विद्यालय व्यवस्थापनमा असल अभ्यास गरेका विद्यालयहरूलाई मापदण्ड निर्माण गरी नमुना उन्मुख विद्यालयका रूपमा विकास एवम् प्रोत्साहन गरिनेछ।

१२. संस्थागत विद्यालय वर्गीकरण, शुल्क निर्धारण तथा छात्रवृत्ति वितरणलाई व्यवस्थित र पारदर्शी बनाइनेछ।

# परिच्छेद - ३
# शिक्षाका मुख्य उपक्षेत्रहरु

देशको आर्थिक विकास तथा सामाजिक विकास, राजनैतिक परिर्वतन र स्थिरता तथा रूपान्तरणको सशक्त माध्यम शिक्षा हो। गुणस्तरीय शिक्षा प्राप्त गर्नु नागरिकको मौलिक हकको रूपमा नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको छ। सोही संविधान अनुसार शासकीय स्वरूप अनुरूप देशको विकास तथा समृद्धिको लागि तीन तहको सरकारको समन्वय, सहकार्य, सहयोग तथा लगानी जरुरी छ। स्थानीय तहको शिक्षा क्षेत्रको कार्य जिम्मेवारी अन्तर्गत प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम, अनौपचारिक तथा जीवन पर्यन्त शिक्षा, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन र विकास, गुणस्तरीय शिक्षा, दूर तथा खुला शिक्षा, सूचना प्रविधिमा आधारित शिक्षा, पोषण तथा विद्यालय सरसफाइ र विपद् व्यवस्थापन लगायत पर्दछन्। यी क्षेत्रहरूमा यस के.आई.सिंह गाउँपालिकामा विद्यमान अवस्थाको विश्लेषण गरी देखिएका समस्या तथा चुनौतीहरूको सामना गर्न उपयुक्त रणनीति मार्फत शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी विद्यार्थीहरूको सिकाइ उपलब्धिमा बढोत्तरी गर्दै गुणस्तरीय शिक्षाको अभिवृद्धि गर्नुपर्ने आवश्यकता भए अनुसार यस गाउँपालिकामा शिक्षाका क्षेत्रगत विश्लेषण र भावी रणनीति तथा कार्यक्रमहरू निम्नानुसार प्रस्तुत गरिएको छ।

**प्रारम्भिक बाल विकास र शिक्षा**

**३.१ प्रारम्भिक बाल विकास र शिक्षा**

बालबालिकाको सर्वाङ्गीण विकास र विद्यालय प्रवेशको तयारी प्रारम्भिक बाल विकास शिक्षाको प्रमुख उद्देश्य हो। चार वर्ष पूरा भएका बालबालिकालाई प्रदान गरिने शिक्षालाई प्रारम्भिक बाल शिक्षा भनिन्छ। शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासको दृष्टिले यो समय निकै महत्त्वपूर्ण र संवेदनशील उमेर हो। मानव जीवन कै बलियो आधारशीला निर्माणका लागि प्रारम्भिक बाल विकास महत्त्वपूर्ण रहेको हुन्छ। यो उमेरलाई बालबालिकाको विद्यालय

शिक्षाको पूर्व तयारीका रूपमा लिइएको छ । हाल प्रारम्भिक बाल शिक्षाका लागि विद्यालयमा आधारित, समुदायमा आधारित र निजी तवरबाट समेत सञ्चालन भइरहेको हुँदा मुख्य रूपले तीन प्रकारबाट सञ्चालन भएको छ । यस्ता कक्षाहरूलाई नर्सरी, किन्डरगार्डेन वा केजी, मन्टेश्वरी जस्ता नामहरू पनि दिएको पाइन्छ। प्रारम्भिक बाल विकास केन्द्रहरूको स्थापना र सञ्चालनको अनुमति स्थानीय तहले नै प्रदान गर्ने व्यवस्था रहेको छ। प्रारम्भिक बाल शिक्षा तथा विकास र पूर्व प्राथमिक शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्न विभिन्न पृष्ठभूमिका बालबालिकाको सिकाइ आवश्यकताअनुसार अनुकुल सिकाइ वातावरणका लागि न्यूनतम पूर्वाधार सुनिश्चित गरेर विभिन्न मोडेलका प्रारम्भिक बाल शिक्षा तथा विकास र पूर्व प्राथमिक शिक्षा सेवाको विस्तार गर्नुपर्ने भएकोले स्रोत व्यवस्थापन तथा अन्य हिसाबले पनि तीन तहका सरकार बिचको सहअस्तित्व, समन्वय र सहकार्यलाई सुदृढ बनाएर सरकारी, गैर सरकारी, निजी क्षेत्र र सबै सरोकारवालाको परिचालनलाई अझै सशक्त बनाई कार्यान्वयनमा लैजानुपर्ने आवश्यकता देखिएको छ। त्यसैले, यस शिक्षालाई विशेष प्राथमिकतामा राख्दै, के .आई. सिंह गाउँपालिकाले आफ्नो दश वर्षीय शिक्षा योजनाभित्र यसलाई गाउँ शिक्षा योजनाको रणनीतिक आधारका रूपमा समावेश गर्दै कार्यान्वयन योजना तयार गरेको छ।

**वर्तमान अवस्था**

के. आई. सिंह गाउँपालिकामा हाल ५५ बाल विकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। तीमध्ये ४० केन्द्रहरू सङ्घीय सरकारबाट प्राप्त अनुदानबाट, र ९ केन्द्रहरू स्थानीय सरकारबाट सञ्चालित छन्, जसले गर्दा जम्मा ४९ सरकारी अनुदान प्राप्त प्रारम्भिक बाल विकास केन्द्रहरू रहेका छन्। साथै, ६ वटा संस्थागत विद्यालयहरूमा पूर्वप्राथमिक कक्षा सञ्चालनमा छन्।

गाउँपालिकाभित्र प्रारम्भिक बाल विकास शिक्षाको भर्नादर ९५% रहेको छ। अधिकांश संस्थागत विद्यालयहरू तथा निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूमा ३ वर्षे प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालनमा छ । केही सामुदायिक विद्यालयहरूमा पनि यो कार्यक्रम लागू गरिएको छ। हाल, यी सबै शैक्षिक संस्थाहरूमा कुल १३२१ बालबालिकाहरू सहभागी छन्।

गाउँपालिकाको प्रारम्भिक बाल विकास शिक्षामा कुल भर्नादर ९५% र खुद भर्नादर ९६.५८% छ। कक्षा १ मा प्रारम्भिक बाल विकास शिक्षाको अनुभव सहित भर्नादर ८५% रहेको छ। यस शिक्षामा लैङ्गिक समता कायम छ।

गाउँपालिकामा हाल प्रारम्भिक बाल विकास शिक्षामा ५५ जना शिक्षकहरू कार्यरत छन्। शिक्षकहरूको शैक्षिक योग्यता SEE/SLC वा सो सरह योग्यता भएका शिक्षक ८२% , SEE/SLC भन्दा उच्च योग्यता भएका शिक्षक १८% रहेको छ । प्रारम्भिक बाल विकास शिक्षा केन्द्रहरूको अनुमति गाउँपालिकाले प्रदान गर्दै आएको छ। के.आई. सिंह गाउँपालिकाभित्र सञ्चालनमा रहेका बाल विकास केन्द्रहरूको विस्तृत विवरण निम्नानुसार रहेको छ।

**समस्या र चुनौतीहरु**

**समस्याहरु**

- प्रारम्भिक बाल विकास उमेर समूह (३-४ वर्ष) का सबै बालबालिकालाई बाल विकास केन्द्रमा समावेश गर्न नसक्नु।
- प्रारम्भिक बाल शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरूको तलब न्यून हुनु।
- सबै शिक्षकहरूका लागि गुणस्तरीय तथा प्रविधिमैत्री तालिम सञ्चालन गर्न नसक्नु।
- कक्षाकोठाको भौतिक पूर्वाधार अपर्याप्त हुनु, सिकाइ प्रक्रिया बालमैत्री नहुनु, तथा शैक्षिक सामग्रीहरू र सूचना तथा सञ्चारसम्बन्धी आवश्यक साधनहरूको अभाव हुनु।

चुनौतीहरूः

- प्रारम्भिक बाल विकास उमेर (४-५ वर्ष) समूहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षा तथा बालविकासको दायरामा ल्याउने,

- प्रारम्भिक बाल विकास उमेर (३-४ वर्ष) समूहभन्दा कम उमेरका बालबालिकालाई शिशु स्याहार केन्द्रमा रहने व्यवस्था गर्ने,
- पाँच वर्ष उमेर पूरा भएका बालबालिकालाई आधारभूत विद्यालय कक्षा १ का लागि योग्य बनाई प्रारम्भिक बाल शिक्षा तथा वाल विकास कक्षाबाट स्तरोन्नति गर्ने,
- प्रारम्भिक बालविकास कक्षाहरू सिकाइ सामग्री तथा सूचना तथा सञ्चार सामग्री युक्त बनाउने, प्रारम्भिक बालविकास शिक्षकहरूलाई तालिम प्राप्त बनाउने र निर्धारित शैक्षिक योग्यता हासिल गर्ने व्यवस्था मिलाउने,
- प्रारम्भिक बालविकास शिक्षकहरूको पारिश्रमिक न्यूनतम जीवन निर्वाहमुखी बनाउने र प्रारम्भिक बाल शिक्षा व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यलाई सुदृढ बनाई यसको विकास र गुणस्तरीय वनाउन सरोकारवालाहरूको क्षमता, स्रोत र ज्ञानको अधिकतम उपयोग गर्ने चुनौतीहरू रहेका छन् ।

लक्ष्य

प्रारम्भिक बाल शिक्षा तथा विकासमा समतामूलक पहुँच र गुणस्तरमा सुधार गर्ने।

उद्देश्य

(क) पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, र क्षमता विकासलाई प्रवर्द्धन गर्दै प्रारम्भिक बाल शिक्षा तथा विकास र पूर्वप्राथमिक शिक्षालाई अधिकार र कर्तव्यका रूपमा स्थापित गर्ने।

(ख) प्रारम्भिक बाल शिक्षालाई आधारभूत शिक्षाको आधारका रूपमा विकसित गर्ने।

## रणनीति तथा कार्यनीतिहरू

१. प्रारम्भिक बाल विकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगका रूपमा प्रवर्द्धन गर्ने। (क) बाल विकास केन्द्रहरूको सञ्चालनमा राष्ट्रिय न्यूनतम मापदण्डअनुसार स्वास्थ्य, पोषण, शिक्षा, र सुरक्षालाई एकीकृत पद्धतिबाट लागू गरी बालकेन्द्रित तथा खेलमा आधारित सिकाइ वातावरण सुनिश्चित गरिनेछ।

(ख) प्रारम्भिक बाल विकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगका रूपमा समावेश गरी, हाल सञ्चालित बाल विकास शिक्षकहरूको दरबन्दी पुनर्वितरण गरिनेछ। साथै, मापदण्डका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ।

ग) प्रारम्भिक बाल विकास र शिक्षा सम्बन्धी तथ्याङ्क निरन्तररूपमा अद्यावधिक गरिनेछ ।

घ) अभिभावक शिक्षा कार्यक्रमलाई परिवार साक्षरता, आय आर्जन, स्वास्थ्य तथा सरसफाइ तथा सिप विकास कार्यक्रमसँग आबद्ध गराएर प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रममा समुदायको संलग्नता बढाइ प्रदेश र गैरसरकारी संस्थाहरूसँग समन्वय गरिनेछ ।

२. प्रारम्भिक बाल विकासका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने।

क) प्रारम्भिक बाल विकास शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि आधारभूत तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।

ख) शिक्षकलाई अवलोकन भ्रमण मार्फत सिकाइका अनुभवहरू आदान प्रदान गर्ने अवसर प्रदान गरिनेछ ।

ग) प्रारम्भिक बाल सहजकर्ताहरूको लागि उपलब्ध गराइँदै आएको प्रोत्साहन खर्चलाई निरन्तरता दिई न्यूनतम पारिश्रमिक उपलब्ध गराइनेछ ।

घ) विज्ञसमूहबाट अनुगमन तथा पृष्ठपोषणका आधारमा कार्यथलोमा आधारित शिक्षक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

३. प्रारम्भिक बाल विकास तथा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ।

क) निर्देशिकाको मापदण्ड बमोजिमको बाल विकास व्यवस्थापनका लागि बालमैत्री कक्षा कोठा व्यवस्थापन, सिकाइ लगायतका अन्य सामग्रीहरूको व्यवस्थापनमा विद्यालयसँग सहकार्य र सहयोग गरिनेछ।

ख) बाल विकाससँग सम्बन्धित शिक्षक निर्मित सिकाइ सामग्रीहरूको विकास गरी प्रयोगमा जोड दिइनेछ।

ग) शिक्षक व्यवस्थापन गरी बालबालिका र प्रारम्भिक बाल विकास शिक्षकको अनुपात क्रमशः २०: १ कायम गरिनेछ।

घ) अभिभावक शिक्षा संचालन गरिनेछ।

ङ) प्रारम्भिक बाल बिकास तथा शिक्षाको गुणस्तर सुधारका लागी स्थानिय संघ संस्थाहरु संग सहकार्य गरिनेछ।

### ***३.१.२ प्रमुख उपलब्धि तथा नतिजाहरु***

१. प्रारम्भिक बाल बिकास उमेर समूहका सबै बालबालिका बाल विकास केन्द्रमा गएका हुनेछन्।

२. सबै वालवालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक वालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।

३. प्रारम्भिक वालविकास तहको कुल भर्नादर १०० र वालवालिकाको भर्ना अनुपात १.० पुगेको हुनेछ।

४.प्रारम्भिक वालविकास तहमा न्युनतम योग्यता पुगेका र उच्च क्षमता विकास भएका हुनेछन्।
शिक्षक सत प्रतिशत पुगेको हुनेछ।

५. कक्षा १ मा नवप्रवेश गर्ने प्रारम्भिक वालविकास शिक्षाको अनुभव प्राप्तगर्ने बालवालिका १०० प्रतिशत पुगेको हुनेछ।

६. कक्षा १ मा भर्ना हुन आउने सबै बालबालिकाहरू बालबालिकाहरूमा शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, क्षमताको विकास भई आधारभूत शिक्षाका लागि सक्षम भएका हुनेछन्।

७. प्रारम्भिक बाल विकास कक्षाहरू भौतिक पुर्वाधारयुक्त र शैक्षिक सामग्रीको व्यवस्था सहितको सिकाइमैत्री हुनेछन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| .सं | सूचक | आधार वर्ष (२०८१) | २०८१/८२ | २०८२/८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| . | तोकिएको न्युनतम मापदण्ड पुरा गर्ने बालबिकास केन्द्र को संख्या | ४ | ११ | १८ | २३ | २८ | ३३ |
| . | प्रारम्भिक बालबिकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने विदयार्थी प्रतिशत | ८५ | ८८ | ९१ | ९५ | ९७ | १०० |
| . | न्युनतम शैक्षिक योग्यता र तालिम प्राप्त बालबिकास सहजकर्ता संख्या | ११ जना | ११ | ११ | ४९ | ४९ | ४९ |
| . | प्रारम्भिक बालविकास शिक्षा पाठ्यक्रम कार्यान्वयनको अवस्था | ४९ | ४९ | ४९ | ४९ | ४९ | ४९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| . | प्रारम्भिक बालबिकास शिक्षाको पहुँचमा रहेका विदयार्थी संख्या | १३२१ | १३२१ | १३२१ | १३२१ | १३२१ | १३२१ |

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | तिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | म्मा | |
| १. | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधिकरण | जना | ० | ० | ० | ० | | ९ | ०० |
| २. | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | संख्या | ० | ० | ० | ० | | ९ | ०० |
| ३. | परिवार, समुदाय, गैरसरकारी संघसंस्था निजी क्षेत्रसँगको सहकार्य | जना | | | | | | ५ | ० |
| ४. | अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध | जना | ० | ० | ० | ० | ० | ० | ०० |
| ५. | सुरक्षित तथा अपाङ्ग मैत्री शौचालयको व्यवस्था | संख्या | | | | | | ५ | १ |
| ६. | बालबालिकाको अभिलेखीकरण | पटक | | | | | | | ० |
| ७. | अपाङ्गता भएका बालबालिकाका लागि बैयक्तिक परिवार सेवा योजना | जना | ० | ० | ० | ० | ० | ० | ०० |
| ८. | पोषण युक्त दिवा खाजाको व्यवस्था | कक्षा | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ |
| ९. | पाठ्यक्रम प्रबोधिकरण | पटक | | | | | | | |
| १०. | पूर्वाधार, सिकाइक्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | केन्द्र संख्या | ० | ० | ० | ० | | ९ | ९ |
| ११. | शिक्षकको योग्यता र क्षमता विकास | जना | ० | ० | ० | ० | | ९ | ९ |
| १२. | बालबालिकाको स्वास्थ्यजाँच, खोप तथा स्वास्थ्य सम्बन्धीअभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | | | | | | | ० |
| १३. | अभिभावक शिक्षा | पटक | | | | | | | ० |
| १४. | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउनेव्यवस्था | पटक | | | | | | | ० |
| १५. | बलबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | पटक | | | | | | | ० |
| १६. | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | पटक | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | ๐ |

## बालविकासका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed ECED Activities )

| | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | ०२४/२५<br>८१/८२ | ०२५/२६<br>८२/८३ | ०२६/२७<br>८३/८४ | ०२७/२८<br>८४/८५ | ०२८/२९<br>८५/८६ | ०२४/२५<br>८१/८२ | ०२५/२६<br>८२/८३ | ०२६/२७<br>८३/८४ | ०२७/२८<br>८४/८५ | ०२८/२९<br>८५/८६ |
| पूर्व प्रा.बि./ECED कक्षा/केन्दमा तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन गर्ने | २५० | ५०० | ६५० | २५० | २५० | ५ | १० | १५ | १० | १० |
| Revisting the existing ECED/PPE (including the institutional schools facilities) and establishment of new ECED centers based on need identification | ० | ० | ३०० | ३०० | ३०० | ० | ० | १ | १ | १ |
| Provision of ECED friendly WASH facility to ensure the compliance with minimum standards | २०० | ४०० | ६०० | ८०० | १००० | १ | २ | ३ | ४ | ५ |
| Implementation of the early childhood and learning standards for facilitating holistic development and learning of children | १०० | ३०० | ५०० | ७०० | ७०० | ५ | ८ | १० | १२ | १२ |
| Performance grant to ECED centers and teachers (based on imporvement against set standards) | १०० | २०० | ३०० | ४०० | ५०० | ४ | ८ | १२ | १<br>६ | १६ |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग (Support to disable students) | ५० | १०० | १५० | २०० | ३०० | ५ | ५ | १० | १५ | २० |
| पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फत बार्षिकरुपमा बालबालिकाहरुको स्वास्थ्य जांच गर्ने साथै बालबालिकाहरूमा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने (Assement and identification of disabilities) | २० | ३० | ४० | ५० | ५० | ८५० | ८६० | ८७० | ८८० | ८९० |
| ECED कक्षाहरूका सामग्री र सिकाई कुनाका | १०० | २०० | ३०० | ४०० | ५०० | ४ | ८ | १२ | १६ | १६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| लागि बजेट अनुदान | | | | | | | | | | |
| गा.पा. बालविकास को पारिश्रमिक र संघीय बालविकास स.का. लाई थप पारिश्रिक | ६४०० | ६४०० | ६४०० | ६४०० | ६४०० | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| ECED कक्षाहरूमा अध्ययनरत तोकिएका अति बिपन्न र लक्षित समुदायका बालबालिकाहरुको सुबिधाका लागि बजेट अनुदान | ५० | १०० | १०० | १०० | १०० | २५ | ५० | ५० | ५० | ५० |
| **जम्मा बजेट (लाखमा)** | ७२७० | ८२३० | ९३४० | ९६०० | ७२७० | | | | | |

### ३.१.३ आधारभूत शिक्षा

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले सङ्घीय तथा प्रदेश सरकारले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाका लागि कानुन बमोजिम निश्चित रकम अनुदानको रूपमा विनियोजन गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ । पायक पर्ने विद्यालय उपलब्ध नभएको वा अन्य कुनै कारणले विद्यालयमा भर्ना भई पूरा समय अध्ययन गरी आधारभूत तहको शिक्षा प्राप्त गर्न नसक्ने बालबालिकाहरूलाई त्यस्तो तहसम्मको वैकल्पिक शिक्षा प्राप्त गर्ने अधिकार हुने कानुनी व्यवस्था रहेको छ  आधारभूत तहमा बालबालिकाको खुद भर्नादर करीब ९७ प्रतिशत पुगेको भएतापनि बाँकी ३ प्रतिशत बालबालिकालाई विद्यालयमा आउन नसक्नुका कारण पहिचान गरी विद्यालयको पहुँचमा ल्याउने तथा विद्यालय आउन नसक्ने बालबालिकाका लागि उपयुक्त वैकल्पिक विधिबाट सिकाइ सहजीकरण गर्नु आवश्यक छ

### ३.१.४ बर्तमान अवस्था

के आई सिंह गाउँपालिकामा शैक्षिक सत्र २०८१ सम्ममा कक्षा १-८ सम्म छुट्टै सञ्चालन भएका ६ वटा र माथिल्लो तह सञ्चालनसहितका ९ वटा गरी जम्मा १५ सामुदायिक विद्यालयहरु रहेका छन् ।कक्षा १-३ का ३ वटा, कक्षा १-५ का १५ वटा, कक्षा १-८ का ६ वटा, कक्षा १-१० का ४ वटा र कक्षा १-१२ का ५ वटा विद्यालयहरु रहेका छन् । यसै गरी ६ वटा संस्थागत विद्यालयहरु रहेका छन् । कक्षा १-५ का ५ वटा,कक्षा १-८ का २ वटा,१-१० को १ संस्थागत विद्यालय सञ्चालनमा छन् । सामुदायिक र सार्वजनिक तथा संस्थागत गरी जम्मा १७ वटा विद्यालयहरुबाट कक्षा ८ को पालिका स्तरीय परीक्षामा विद्यार्थीहरु सहभागी हुने गर्दछन् ।

यस स्थानीय तहमा शैक्षिक सत्र २०८१ मा आधारभुत तहमा जम्मा ५४७९विद्यार्थीहरु अध्ययनरत रहेका छन । के आई सिंह गाउँपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा आधारभूत तहकक्षा १-८ खूद भर्नादर ९७ प्रतिशत र कूल भर्ना दर १२२ प्रतिशत रहेको छ । हाल कक्षा ८ को टीकाउदर ८५ प्रतिशत रहेको छ ।

**समस्या र चुनौतीहरू**
**समस्याहरू**

- आधारभूत तहमा विद्यालय उमेरका करीब १.५ प्रतिशत बालबालिका विद्यालय बाहिर रहनु,
- सार्वजनिक विद्यालयप्रतिको आकर्षणमा अभिवृद्धि गर्न नसक्नु,
- विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी उपलब्ध नहुनु,
- सबै विद्यालयमा सुविधाजनक भौतिक पूर्वाधारको विकास गर्न नसक्नु,
- विद्यालय नक्साङ्कन र सेवाक्षेत्र निर्धारण गर्न नसकिनु,
- जनसाङ्ख्यिक बनोट, तथा बसाईंसराईको कारण विद्यार्थी टिकाउन कठिनाइ हुनु जस्ता विषयहरू आधारभूत तहमा देखिएका प्रमुख समस्याहरू हुन् ।

**चुनौतीहरू**

- विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयभित्र ल्याउनु,

- गुणस्तरीय शिक्षाका लागि बालमैत्री, प्रविधि मैत्री, समतामूलक र समावेशी वातावरण निर्माण गरी बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्नु,
- विद्यार्थीको वैयक्तिक रुची, चाहना र क्षमताअनुसार शिक्षण सिकाइमा सहजता काम गर्नु,
- अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरूलाई उनीहरूको सिक्ने शैली अनुसारको सिक वातावरण तयार गर्नु,
- विद्यालय र कक्षाकोठालाई बालमैत्री तथा प्रविधिमैत्री बनाउनु,
- शैक्षिक क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गर्नु र सुशासनको प्रत्याभूति दिनु,
- सबै विद्यालयको शिक्षणमा समान गुणस्तर कायम गर्नु जस्ता यस क्षेत्रका मुख्य चुनौतीहरू हुन्।

**उद्देश्य**

१. प्रारम्भिक बालविकासको अनुभवसहित अनिवार्य र निशुल्क आधारभूत शिक्षाको सबैमा पहुँच सुनिश्चित गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु।

२. सिकाईलाई दैनिक जीबनसँग सम्बन्धित् गराउनु।

**रणनीति तथा कार्यनीतिहरू**

१. आधारभूत तहमा शिक्षालाई समावेशी एवम् समतामूलक बनाइ सबैको पहुँच सुनिश्चित गर्ने।

क) सबैका लागि अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा सुनिश्चत गर्न जोखिममा परेका, अल्पसङ्ख्यक, लोपोन्मुन्ख, अति सिमान्तकृत र दलित समूहका विद्यार्थीको सिकाइमैत्री वातावरण तथा सिकाइ अभिवृद्धिका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ।

ख) अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरूको पहिचान एवं लेखाजोखा गरी सिकाइका अवसरहरू प्रदान गर्न वैयक्तिक सहयोग एवम् सिकाइ सामग्रीहरूको प्रबन्ध गरी आवासीय र विशेष शिक्षाको व्यवस्था गरिनेछ।

ग) आवश्यकताका आधारमा सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा आवासीय सुविधा सहितको विद्यालय सञ्चालन गरिनेछ।

घ) संघीय सरकार र प्रदेश सरकारसँगको समन्वय, तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी विद्यालय बाहिर रहेका सबै बालबालिकाहरू विद्यालयको पहुँचमा ल्याइने छ।

२. सबै बालबालिकाहरूलाई बालमैत्री वातावरण सहितको गुणस्तरीय शिक्षाको प्रत्याभूत गर्ने।

क) गुणस्तरीय शिक्षाका लागि विद्यालयमा बालमैत्री, सूचना प्रविधिको प्रयोगको लागि आवश्यक पूर्वाधार विकासमा जोड दिइनेछ।

ख) विद्यालयमा मापदण्ड बमोजिम "कम्तीमा एक कक्षा एक शिक्षक "को अवधारणा कार्यान्वयनका लागि विषयगत र कक्षागत शिक्षकको व्यवस्था सुनिश्चित गरिनेछ।

ग) भौगोलिक अवस्था र जनसङ्ख्या बनौटका आधारमा विद्यालय नक्साङ्कनका गरी विद्यालय एकीकरण लगायतका कार्यका सरोकारवालाको सहकार्य र सहयोग गरिनेछ।

घ) पाठ्यक्रमले निर्धारण गरेको स्थानीय पाठ्यक्रम वा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्री (अनलाईन सामग्री समेत) विकास गरी लागू गरिनेछ।

ङ) विद्यार्थीको सर्वाङ्गीण विकासको लागि खेलकुद तथा अतिरिक्त क्रियाकलापको लागि विद्यालयलाई सहयोग गरिनेछ।

च) हाल सञ्चालित विद्यालयहरू मध्ये केही विद्यालयहरूलाई नमुना उन्मुखका रूपमा छनोट गरी सञ्चालन गरिनेछ।
छ) निरन्तर मूल्याङ्कन प्रणालीलाई थप सहज, तथा व्यवस्थित गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइने छ।

### *३.१.५ प्रमुख उपलब्धि तथा नतिजाहरु*

१) आधारभूत तह कक्षा (१-५) र कक्षा (१-८) को खुद भर्ना दर शत प्रतिशत भएको हुने
२) सबै विद्यालयहरूमा आधारभूत पूर्वाधारहरू विकास भएको हुने
३) सूचना प्रविधिको ल्याब, ईलाइब्रेरी र स्मार्टबोर्डको शिक्षण सिकाइमा प्रयोग भएको हुने
४) स्थानीय पाठ्यक्रम तथा स्रोत सामग्री (डिजीटल तथा अनलाइन सामग्री) विकास एवम् प्रयोग भएको हुने
५) समावेशी शिक्षाका लागि विद्यालयहरूको पूर्वाधार एवम् सिकाइ वातावरण सुदृढ भएको हुने
६) विद्यालयमा खेलकुद तथा अतिरिक्त क्रियाकलाप नियमित एवम समावेशी रूपमा सञ्चालन भएको हुने
७) आधारभुत तहमा अपुग शिक्षक व्यवस्थापनको लागि गाउँपालिकाले दक्ष, सक्षम, योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा नीजि शिक्षक छनोट गरेको हुने
८) स्थायी शिक्षकलाई प्रधानाध्यापक बनाइ प्रधानाध्यापकलाई स्थानीय तह प्रति जवाफदेहि हुने गरी कार्यसम्पादन करार सम्झौता कार्यान्वयन भएको हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं | सूचक | आधार वर्ष (२०८१) | २०८१/८२ | २०८२/८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत शिक्षाको पहुँच पुगेका बालबालिकाको सङ्ख्या | ९७ | ९७ | ९८ | ९९ | १०० | १०० |
| २. | विद्यालयबाहिररहेका बालबालिका को सङ्ख्या | १.५ | १.५ | १ | ०.५ | ० | ० |
| ३. | न्युनतम भौतिक पूर्वाधार तथा सिकाइ सामाग्रीको उपलब्धता भएका विद्यालय सङ्ख्या | ३० | ३० | ३३ | ३३ | ३३ | ३३ |
| ४. | आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भएका विद्यालयको सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| ५. | शिक्षकको क्षमता विकास सम्बन्धी तालिमप्राप्त शिक्षकको सङ्ख्या | ७५ | ७५ | ७५ | १०० | १०० | १०० |

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | भौतिक | कैफियत |
|---|---|---|---|---|---|

| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ८५ | जम्मा | लक्ष्य (१० वर्ष) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | 0 ० | ० ० | ० ० | १ १ | १ | ११ | २ | |
| २. | मापदण्डअनुसार शिक्षक व्यवस्था | पटक | 0 ० | ० ० | ० ० | १ १ | १ १ | १ | १० | |
| ३. | सबै बालबालिका लाई विद्यालय भर्ना | पटक | १ | १ | १ | १ | | ५ | १० | |
| ४. | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठनसामग्री व्यवस्था | पटक | १ | १ | १ | १ | | ५ | १० | |
| ५. | प्रारम्भिक कक्षा शिक्षण सम्बन्धि शिक्षक तालिम | पटक | १ | १ | १ | १ | | ५ | १० | |
| ६. | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | पटक (बिद्यालय) | १ | १ | १ | १ | | ५ | १० | |
| ७. | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | | ५ | १० | |
| ८. | शिक्षक क्षमता विकास | शिक्षक | १० | १० | १० | १० | | ९ | १०० | |
| ९. | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | | ५ | १० | |
| १०. | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | | ५ | ० | |
| ११. | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | बिद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३ | ३३ | ३३ | |
| १२. | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | जना | ५ | ५ | ५ | ५ | | ५ | ५ | |
| १३. | पाठ्यपुस्तक व्यवस्था | पटक | १ | १ | १ | १ | | ५ | १० | |
| १४. | सन्दर्भ सामग्रीकोव्यवस्था | पटक | १ | १ | १ | १ | | ५ | १० | |
| ५. | विपन्नका लागि ड्रेस, स्टेशनरीका लागि | जना | १५४ | २२५ | २२५ | २२५ | २५ | २२५ | २२५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रबृत्त | | | | | | | | | |
| ६. | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | बिद्यालय | ३ | ३ | ३ | ३ ३ | ३ | ३३ | ३३ | |
| ७. | कक्षाकोठामा आधारित मूल्याङ्कन | बिद्यालय | ३ | ३३ | ३३ | ३३ | ३ | ३३ | ३३ | |
| ८. | व्यवस्थित परीक्षा प्रणाली | बिद्यालय | ३ | ३३ | ३३ | ३३ | ३ | ३३ | ३३ | |
| ९. | वि व्य स, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ १ | १ | १ ५ | १० | |
| ०. | अभिभावक अभिमुखिकरण र सहभागिता | पटक | १ | १ | १ | १ १ | १ | १ ५ | १० | |

### ३.१.६ *माध्यमिक शिक्षा*

नेपाल सरकारले कक्षा ९-१२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनी किटान गरेको छ । माध्यमिक शिक्षा उच्च शिक्षा अध्ययनको आधारशिला पनि हो । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था मौलिक हक मार्फत सुनिश्चित गरेको छ। संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी नैतिक एवं राष्ट्रहितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिएको छ । नेपालको संविधान बमोजिम आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन कार्य स्थानीय तहको जिम्मेवारी भित्र रहेको छ । सो व्यवस्थालाई सफल कार्यान्वयन गर्नका लागि शिक्षाका राष्ट्रिय उद्देश्यहरू निर्धारण गरिएको छ । विद्यालय अन्तर्गत माध्यमिक तहको शिक्षाको सक्षमता राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको छ। के आई सिंह गाउँपालिका भित्र माध्यमिक तहको शिक्षामा पहुँचको अवस्था सन्तोषजनक देखिएतापनि समतामूलक पहुँचको सुनिश्चितताका साथै गुणस्तर र सान्दर्भिकतामा सुधार ल्याउन शिक्षालाई जीवन र प्रविधिसँग जोड्ने कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

**बर्तमान अवस्था**

के आई सिंह गाउँपालिकामा शैक्षिक सत्र २०८१ सम्ममा कक्षा १-१० सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरु ४ वटा, कक्षा १-१२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरु ५ वटा गरी जम्मा ९ माध्यमिक बिद्यालय सञ्चालनमा रहेका छन् । एउटा संस्थागत विद्यालय (कक्षा १-१० सञ्चालित) गरी पालिकाभित्र जम्मा १० वटा माध्यमिक विद्यालयहरु रहेका छन्।

माध्यमिक तहको लैङ्गिक समता सुचकाङ्क १.०१ रहेको छ । यस तहमा शैक्षिक सत्र २०८१ मा जम्मा १२०६ विद्यार्थीहरु अध्ययनरत रहेका छन् । सो विद्यार्थीहरु मध्य सामुदायिक विद्यालयमा ११९५ जना र संस्थागत विद्यालयमा ११ जना विद्यार्थीहरु अध्ययनरत छन ।के आई सिंह गाउँपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा माध्यमिक तहकक्षा ९-१२ को खूद भर्ना दर ६० प्रतिशत,कूल भर्ना दर ८० प्रतिशत, कक्षा ८ उतिर्ण पश्चात कक्षा ९ मा भर्नादर ९९ प्रतिशत रहेको छ। हाल कक्षा १२ को टीकाउदर १०० प्रतिशत रहेको छ । साथै सो तहका करिब १२ प्रतिशत वालवालिकाहरु संस्थागत

विद्यालयहरुमा अध्ययनरत छन र जहाँ अभिभावकहरुले शुल्क तिरिरहेका छन । सामुदायिक माध्यमिक विद्यालयको माध्यमिक तह कक्षा (९–१२) मा जम्मा जम्मा १२ शिक्षकहरु (राहत समेत) रहेका छन । एउटा प्राविधिक धार सञ्चचालित माध्यमिक विद्यालय रहेको सो विद्यालयमा २ जना प्रशिक्षकहरु रहेका छन ।

विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, समावेशी र सुरक्षित बनाउनु अत्यावश्यक देखिन्छ। माध्यमिक तहमा विद्यालय छोड्ने तथा दोहोर्याउने दरलाई न्यूनीकरण गर्नु चुनौतीपूर्ण भए पनि अत्यावश्यक छ। पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नु अपरिहार्य छ। साथै, शिक्षण सिकाइ विधिको सुधारका लागि सम्पूर्ण शिक्षकहरूलाई आधुनिक प्रविधिसँग जोड्न आवश्यक छ।

यद्यपि संविधानले माध्यमिक शिक्षा निःशुल्क हुने उल्लेख गरेको छ, हालसम्म यो पूर्ण रूपमा लागू गर्न सकिएको छैन। शिक्षक तथा कर्मचारीका लागि नियमित तालिम, अध्ययन भ्रमण तथा विद्यालय व्यवस्थापनको लागि नेतृत्व विकाससम्बन्धी कार्यक्रमहरूको अभाव देखिन्छ। व्यक्तिगत रूपमा विकसित क्षमतालाई संस्थागत रूपमा उपयोग गर्न सक्ने प्रणालीको अभाव छ। सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीको पूर्ण कार्यान्वयन अझै हुन सकेको छैन।

प्रधानाध्यापकहरूको प्रभावकारी नेतृत्वका कारण विद्यालय व्यवस्थापन सुधार भइरहेको पाइन्छ। त्यसैले, उनीहरूको नेतृत्व विकासका लागि विशेष तालिम सञ्चालन गर्न आवश्यक छ। माध्यमिक तहमा विषयगत शिक्षकहरूको अभाव छ, जसका कारण विद्यालयहरूले निजी स्रोतबाट शिक्षक व्यवस्थापन गर्नुपर्ने बाध्यता रहेको छ।

**समस्याहरु**

१. विषयगत शिक्षकको अभाव र दरबन्दीको समस्या

- योग्य विषयगत शिक्षकको दरबन्दी प्रयाप्त छैन, जसले निजी स्रोतबाट शिक्षक व्यवस्थापन गर्नुपर्ने बाध्यता सिर्जना गरेको छ।

२. शिक्षण-सीखाइ प्रक्रियामा सुधारको अभाव

- शिक्षणलाई अनुसन्धानमूलक बनाउन नसक्नु।
- कक्षा कोठालाई प्रविधिमैत्री र व्यावहारिक बनाउन नसक्नु।
- सबै विद्यालयमा आवश्यक भौतिक पूर्वाधार तथा सिकाइ वातावरण तयार गर्न नसक्नु।

३. विद्यालय व्यवस्थापन र स्रोत अभाव

- माध्यमिक तहमा स्थाई प्रधानाध्यापक को बेबस्था गर्न तथा शिक्षकहरूको नेतृत्व विकासका लागि आवश्यक तालिम तथा अध्ययन भ्रमणको अभाव।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित विद्यालय व्यवस्थापन प्रणालीको अपूर्ण कार्यान्वयन।
- माध्यमिक शिक्षालाई पूर्ण रूपमा निःशुल्क र समतामूलक पहुँचयुक्त बनाउन प्रयाप्त स्रोतको अभाव।

४. विद्यार्थी संलग्नता र सिकाइमा निरन्तरता

- विद्यालय छोड्ने तथा दोहोर्याउने दर उच्च हुनु।
- सिकाइलाई रोचक, व्यावहारिक, र अनुसन्धानमूलक बनाउन नसक्दा विद्यार्थीहरूको चासो घट्नु।

**चुनौतीहरु**

- आर्थिक तथा सामाजिक रूपले पछाडि परेका, अपाङ्गता भएका, तथा विभिन्न कारणले बहिष्करणमा परेका बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गर्न नसकिनु।
- विद्यालय तथा शिक्षण-सीखाइ प्रक्रियालाई समावेशी बनाउन प्रयाप्त नीति तथा कार्यक्रमको अभाव।
- विभिन्न आर्थिक, सामाजिक, र पारिवारिक कारणहरूले गर्दा विद्यार्थीहरू विद्यालय छोड्ने दर उच्च रहनु।

- कक्षा दोहोर्याउने दरलाई न्यून गरी विद्यालय टिकाउ दर (retention rate) कायम गर्न चुनौती।
- सिकाइ वातावरण प्रेरणादायक बनाउने चुनौती ।

**उद्देश्य**

१.गुणस्तरीय शिक्षा प्रदान गरी स्व-रोजगार, उद्यमशीलता, र उच्च शिक्षाका लागि आधार तयार गर्ने,
२. सबैका लागि पहुँचयोग्य, निःशुल्क, तथा टिकाउ माध्यमिक शिक्षा सुनिश्चित गर्ने,
३. विद्यालय प्रणालीलाई विविधतापूर्ण, उत्थानशील, र जवाफदेही बनाउन शिक्षा व्यवस्थापन सुधार गर्ने,
४. प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्दै स्व-पहिचानयुक्त दक्ष जनशक्ति उत्पादन गर्ने।

### ***३.१.७रणनीतिहरू र कार्यनीतिहरू***

१. **सर्वसुलभ र गुणस्तरीय शिक्षा**

- माध्यमिक शिक्षामा सबै समुदायको पहुँच र समावेशीतामा सुधार ल्याउने कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- अपाङ्गता भएका बालबालिकासहित, पछाडि परेको समुदायका बालबालिकाका लागि समावेशी शिक्षा कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।
- विपत्ति र महामारीका कारण सिकाइमा भएको क्षतिको पुनःस्थापनाका लागि सहयोगी कार्यक्रमहरूको आयोजना गरिनेछ।
- विद्यालयहरूले साना र बृद्धिशील बालबालिकाको योग्यताअनुसार शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नेछन्।

२. **प्राविधिक र व्यावसायिक शिक्षा विस्तार**

- माध्यमिक शिक्षा तहमा प्राविधिक तथा व्यावसायिक धाराको कार्यक्रम विस्तार गरिनेछ।
- सामुदायिक विद्यालयहरूका प्रयोगशाला र भौतिक संरचनाको विकास गरिनेछ।
- विद्यालयको माग र आवश्यकता अनुसार, शिक्षक, प्रशासनिक तथा व्यवस्थापकीय सहयोगका कार्यक्रमहरू चलाइनेछन्।

३. **गुणस्तरीय शिक्षा र शिक्षक विकास**

- न्यून दरबन्दी भएका विद्यालयहरूमा “कम्तीमा एक कक्षा, एक शिक्षक” को अवधारणाअनुसार सुधार गरिनेछ।
- शिक्षक विद्यार्थी अनुपात घटाउँदै १:४० पुऱ्याइनेछ।
- शिक्षकहरूको शिक्षण क्षमतामा सुधार ल्याउन नियमित तालिम र शैक्षिक विकास कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- सबै शिक्षकलाई प्रत्येक वर्षमा कम्तीमा एउटा शिक्षक विकास कार्यशाला वा अनुसन्धानमा संलग्न गराइनेछ।

४. **विशेष शैक्षिक आवश्यकता भएका विद्यार्थीहरूको सहयोग**

- दलित, जनजाति, र पिछडिएका वर्गका बालबालिकाका लागि विशेष कार्यक्रमहरूको आयोजना गरिनेछ।
- अपाङ्गता भएका बालबालिकाहरूको लागि विशेष स्रोतकक्ष र शिक्षक तालिमको व्यवस्था गरिनेछ।
- विद्यार्थीहरूको मनोबल बढाउन, मानसिक स्वास्थ्य र परामर्श कार्यक्रमहरूको आयोजना गरिनेछ।

५. **विद्यालय व्यवस्थापन सुधार**

- विद्यालयको कार्यसम्पादन परीक्षण र विद्यार्थीको शैक्षिक गुणस्तर परीक्षण गरिनेछ।
- सामुदायिक बिद्यालयमा सक्षम र स्थायी प्रधानाध्यापकको ब्यबस्था गरिने छ ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, र अन्य पदाधिकारीहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

- प्रत्येक विद्यालयमा ई-पुस्तकालय, विज्ञान प्रयोगशाला, पुस्तकालय र कम्प्युटर ल्याबको व्यवस्था सुनिश्चित गरिनेछ।
- विद्यालयको कार्यसम्पादन परीक्षण र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरिनेछ।

६. **आवश्यक भौतिक पूर्वाधारको विकास**

- माध्यमिक विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, जस्तै कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय र अन्य आवश्यक संरचनाहरूको विकास गरिनेछ।
- विद्यालयका भौतिक संरचनामा गुणस्तरीय सुधार र थप सुविधाहरूको निर्माण गरिनेछ।

७. **सम्पूर्ण विद्यालयका लागि सूचना प्रविधिको उपयोग**

- सम्पूर्ण माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिईनेछ।
- शिक्षकलाई शैक्षिक सामग्री निर्माण र कक्षाकोठामा प्रयोग गर्ने नमुना प्रदर्शनी क्रियाकलापहरूको आयोजना गरिनेछ।

८. **विद्यार्थी मनोबल र परामर्श कार्यक्रम**

- विद्यार्थीहरूमा सकारात्मक भावनाको विकासका लागि मनोपरामर्श र अन्य सहायक कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

**प्रमुख उपलब्धिहरू र नतिजाहरू**

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय माध्यमिक शिक्षामा पहुँचको अवसर सुनिश्चित गरिएको हुनेछ।

२. माध्यमिक तहको कुल भर्ना दर ८०% र खुद भर्ना दर ६०% पुगेको हुनेछ।

३. माध्यमिक तहको विद्यार्थी अनुपात समतामूलक बनाइएको हुनेछ।

४. कक्षा १२ को टिकाउदर १००% र सिकाइ उपलब्धी ८५% पुर्याइएको हुनेछ।

५.कक्षा ८ बाट उतिर्ण भइ कक्षा ९ मा प्रवेश गर्ने दर ९९% पुगेको हुनेछ।

६. प्राविधिक र व्यावसायिक माध्यमिक विद्यालयहरूको संख्या वृद्धि भएको हुनेछ।

७. विद्यालय सम्बद्ध पदाधिकारी र अन्य सरोकारवालासँग माध्यमिक शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको हुनेछ।

८. माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुनेछ।

९. विद्यालयहरूमा सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधारको विकास गरिएको हुनेछ।

१०. कक्षा १-३ सम्मका बालबालिकाको पढाइ सीपको विकास गर्न विभिन्न सघन तथा प्रतिस्पर्धात्मक कार्यक्रमहरू सञ्चालन भएका हुनेछन्।

११. माध्यमिक तहमा स्थायी शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने गरी कार्यसम्पादन करार लागू गरिएको हुनेछ।

१२. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार गरिएको हुनेछ र सिकाइलाई सहयोग पुर्याइएको हुनेछ।

१३. गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरिएको हुनेछ।

१४. सामुदायिक माध्यमिक विद्यालयहरूमा विषयगत शिक्षक दरबन्दीको व्यवस्था गरिएको हुनेछ।

१५. प्राविधिक धारको शिक्षा प्रबर्धन गरी बालबालिकाको पहुँच विस्तार गरिएको हुनेछ।

१६. शिक्षकहरूको विविध र प्रवीणता विकास गरिएको हुनेछ, जसले विद्यार्थीको सिकाइ उपलब्धीलाई सुधार गरेको हुनेछ।

१७. पाठ्यक्रम अनुसार पाठ्यसामग्रीहरूको विकास र कार्यान्वयन गरिएको हुनेछ।

१८. सबै माध्यमिक विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला, आइसीटी प्रयोगशाला र ई-लाइब्रेरीको व्यवस्था र प्रयोग गरिएको हुनेछ।

### ३.१.८ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | सूचक | आधार वर्ष (२०८१) | २०८१/८२ | २०८२/८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १.१ | माध्यमिक तह कक्षा ९ र १० मा भर्ना भएका विद्यार्थी सङ्ख्या | | ९७ | ९८ | ९८ | ९८ | १०० |
| २ २. | माध्यमिक तह कक्षा ११ र १२ मा भर्ना भएका विद्यार्थी सङ्ख्या | | ८५ | ८८ | ९५ | ९८ | १०० |
| ३३ | न्यनतम सिकाइ सबलीकरण मापदण्ड पुरा गरेका विद्यालयको सङ्ख्या | | ९७ | ९७ | ९७ | ९८ | १०० |
| ४. | माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यनतम सिकाइ उपलब्धि प्रतिशत | | ८५ | ८८ | ९३ | ९७ | १०० |
| ५. | विषयगत तालिम प्राप्त शिक्षकको सङ्ख्या | | १०० | १०० | १०० | १०० | १०० |

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | जम्मा | | |
| १ | निशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानून, कार्यविधि र निर्देशिका तयारी | पटक | | १ | | | | १ | २ | |
| २ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | १ | | | | १ | २ | |
| ३ | विज्ञान, गणित तथा कम्प्यूटर विज्ञान विषय अध्ययनका लागि अवसर | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ९ | |
| ४ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | पटक | | १ | १ | १ | १ | ४ | ८ | |
| ५ | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | प्रतिशत | ३८ | ४३ | ४८ | ५३ | ६० | ६० | ७५ | |
| ७ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | संख्या | १ | १ | १ | १ | १ | ५ | ९ | |
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | शिक्षक क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ९ | |
| १३ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ९ | |
| १४ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | जना | २ | २ | २ | २ | २ | १० | २० | |
| १५ | नि:शुल्क माध्यमिक शिक्षा सुनिश्चितताका पाठ्यपुस्तक, ड्रेस तथा स्टेशनरी, दिवाखाजा, छात्रबृत्ति र सिकाइ सामग्री व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ९ | |
| १६ | कक्षाकोठामाआधारित मूल्याङ्कन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ९ | |
| १७ | व्यवस्थित परीक्षा प्रणाली | संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| १९ | विव्यसशिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २१० | अभिभावक अभिमुखिकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २११ | लक्षित बालबालिकाहरूका लागि आवाशीय प्रबन्ध | जना | १३५ | १३५ | १३५ | १३५ | १३५ | २७० | ५४० | |

## माध्यमिक तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Secondary Level)

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २० २४/२५ | २ ०२५/२६ | २ ०२६/२७ | २० २७/२८ | २० २८/२९ | २० २४/२५ | २ ०२५/२६ | २ ०२६/२७ | २० २७/२८ | २० २८/२९ |
| | ८१ /८२ | ८ २/८३ | ८ ३/८४ | ८ ४/८५ | ८ ५/८६ | ८१ /८२ | ८ २/८३ | ८ ३/८४ | ८ ४/८५ | ८ ५/८६ |
| नि: शुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानून, कार्यविधि र निर्देशिका तयारी | १०० | १०० | १०० | १०० | १०० | ३ | ३ | ३ | ३ | ३ |
| सबै प्रकार र तहका बिद्यालय नक्शांकन, समायोजन र पुनरवितरण कार्यक्रम सन्चालन | १०० | ५०० | ५०० | ५०० | १०० | २ | ० | १ | ० | १ |
| सामुदायिक माध्यमिक बिद्यालयमा (कक्षा ९-१२) गा.पा. बाट शिक्षक नियुक्ति र त.भ. व्यवस्थापन | १० ५७ | १० ५७ | १० ५७ | १२ ०० | १२ ०० | २ | २ | २ | ३ | ३ |
| माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | ० | ० | ११ ० | ११ ० | ११ ० | ९ | ९ | ९ | ९ | ९ |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि गा.पा. बाट थप प्रोत्साहन | १६ ३८ | १६ ३८ | १६ ३८ | १६ ३८ | १६ ३८ | १८ | १८ | १८ | १ ८ | १८ |
| माध्यमिक बिद्यालय (कक्षा १-१२) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, शिक्षण सिकाई सामग्री, कम्तिमा १/१ सेट पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुबिधा, सुद्ध पिउने पानी, बिद्धुत महशुल, आदि) | ७२ ० | ७३ ० | ७५ ० | ७८ ० | ८० ० | ९ | ९ | ९ | ९ | ९ |
| माद्यमिक बिद्यालय (कक्षा १-१२) का लागि एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण,EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | २७ ० | २७ ० | २८ ० | २९ ० | ३० ० | ९ | ९ | ९ | ९ | ९ |
| माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | ७७ ७ | ७८ ० | ८० ० | ८५ ० | ९० ० | विद्यार्थी संख्या अनुसार | विद्यार्थी संख्या अनुसार | विद्यार्थी संख्या अनुसार | विद्यार्थी संख्या अनुसार | विद्यार्थी संख्या अनुसार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसार हुने) | ५२ | १०० | १५० | २०० | ३०० | विद्यार्थीसंख्या अनुसार | विद्यार्थी संख्या अनुसार | विद्यार्थी संख्या अनुसार | विद्यार्थी संख्या अनुसार | विद्यार्थी संख्या अनुसार |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ९-१०) अति बिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | ६१८ | १००० | १२०० | १२०० | १००० | विद्यार्थी संख्या अनुसार | विद्यार्थी संख्या अनुसार | विद्यार्थी संख्या अनुसार | विद्यार्थी संख्या अनुसार | विद्यार्थी संख्या अनुसार |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ११-१२) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | | | | | | | | | | |
| कक्षा ९-१२ का छात्राहरूलाई SanitaryPad बितरण बापतको बजेट अनुदान | ३०० | ३५० | ३५० | ४०० | ५०० | विद्यार्थी संख्या अनुसार | विद्यार्थी संख्या अनुसार | विद्यार्थी संख्या अनुसार | विद्यार्थी संख्या अनुसार | विद्यार्थी संख्या अनुसार |
| माध्यमिक बिद्यालय तहमा पुस्तकालय स्थापना र सन्चालन बजेट अनुदान | २०० | ३०० | ३००० | ३०० | ४०० | १ | १ | १ | १ | २ |
| माध्यमिक बिद्यालय तहमा बिज्ञान प्रयोगशाला स्थापना र सन्चालन बजेट अनुदान | ४०० | ६५० | ६५० | ६५० | ६५० | १ | १ | १ | १ | १ |
| माध्यमिक बिद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सिकाई सामग्री र सन्चालन बजेट अनुदान | ६५० | ६५० | ६५० | ६५० | ६५० | १ | १ | १ | १ | १ |
| नमूना माध्यमिक विद्यालय विकास कार्यक्रम | १००० | ५५०० | ५५०० | ५५०० | ५५०० | १ | १ | १ | १ | १ |
| माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई प्राविधिक शिक्षा छात्रवृत्ति | ० | २०० | ३०० | ४००० | ५०० | १० | १५ | २० | २५ | ३० |
| विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | ० | ५०० | ५०० | ५०० | ५०० | २ | २ | २ | २ | २ |
| शिक्षक क्षमता विकास तालिम | १७० | २०० | २५० | २५० | २५० | १८ | २५ | २७ | २७ | २७ |
| **जम्मा** | ८००२ | १४०२५ | १७२८५ | १८६१८ | १५३४८ | | | | | |

### *३.१.९ प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम*

विज्ञान र नवप्रवर्तनसँग सम्बन्धित सीप, रोजगारी, जीवनपर्यन्त शिक्षा र जीवनोपयोगी शिक्षा प्राविधिक तथा व्यावसायिक शिक्षाको मेरुदण्ड मानिन्छ। राष्ट्रको समृद्धि र विकासको प्रमुख आधार प्राविधिक र व्यावसायिक शिक्षा हो। मानव जीवनलाई सफल र सरल बनाउन यस शिक्षा क्षेत्रको ठूलो महत्व छ। विभिन्न क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने जिम्मेवारी प्राविधिक र व्यावसायिक शिक्षाले वहन गर्दछ। नेपालका प्रथम वैज्ञानिक गेहेन्द्र शमसेरदेखि हालसम्म प्राविधिक शिक्षामा नेपालले महत्वपूर्ण प्रगति गरेको छ। इन्जिनियरिङ, चिकित्सा, वन, कम्प्युटर, पशु, कला, सङ्गीत जस्ता थुप्रै विषयमा पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याएको छ।

तर, नेपालमा शिक्षा व्यवहारिक र व्यवसायिक भएको छैन। यो प्रविधियुक्त र सीपयुक्त छैन। अधिकतर शिक्षा केवल पुस्तकसम्म सीमित रहन्छ, जबकि वास्तविक जीवनका लागि आवश्यक सीप र कार्य कौशलको अभाव छ। यही कारणले गर्दा युवा जनशक्ति रोजगारीको खोजीमा विदेश पलायन भएका छन्। यस सन्दर्भमा, नेपालको संविधान २०७२, शिक्षा ऐन नवौं संशोधन र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले प्राविधिक र व्यवसायिक शिक्षालाई उच्च प्राथमिकता दिएको छ। व्यवसायिक र साधारण शिक्षाको अनुपात ७०:३० हुनुपर्ने सिफारिस गरिएको छ, जसले यसको महत्वलाई स्पष्ट रूपमा दर्शाउँछ।

**वर्तमान अवस्था**

के आई सिंह गाउँपालिकामा हाल प्राविधिक शिक्षातर्फ CTEVT बाट सम्बन्धन प्राप्त श्री झिमे मालिका माध्यमिक विद्यालय वायलमा कृषितर्फ बाली विज्ञान विषयमा Pre- Diploma को पठनपाठन सञ्चालन भइरहेको छ । विद्यालयमा हाल २४ जना विद्यार्थीहरू अध्यनरत छन् । यस विषयमा प्रतिवर्ष प्रति कक्षा ४० जना विद्यार्थी भर्ना भएर अध्ययन गर्ने व्यवस्था गरिएको छ।

**समस्या:**

१. **आर्थिक अवस्था कमजोर:** धैरै विद्यार्थीहरूले प्राविधिक शिक्षा अध्ययन गर्न पाएका छैनन्, किनकि उनीहरूको आर्थिक स्थिति कमजोर छ।
२. **पूर्वाधारको अभाव:** विद्यालय र शिक्षालयहरूमा प्राविधिक शिक्षाका लागि आवश्यक भौतिक र शैक्षिक पूर्वाधारहरूको अभाव रहेको छ।
३. **प्रयोगात्मक तालिमको कमी:** प्राविधिक शिक्षाका कक्षाहरूमा प्रयोगात्मक विधिको प्रयोग कम छ, जसले विद्यार्थीहरूको व्यावहारिक क्षमता विकासमा कठिनाइहरू निम्त्याउँछ।

**चुनौती:**

१. **CTEVT अनुमति प्राप्त नगरेका कार्यक्रमहरू:** कृषि बाली विज्ञान Pre-Diploma बाहेकका प्राविधिक कार्यक्रमहरूको अनुमति प्राप्त नगरेका छन्, जसको कारण त्यस्ता कार्यक्रमहरू सञ्चालन गर्न कठिनाइ भइरहेको छ।
२. **विद्यालय र शिक्षालय बीचको समन्वयको अभाव:** प्राविधिक शिक्षा र व्यावसायिक तालिम परिषदको शिक्षालय र स्थानीय तह बीचमा राम्रो समन्वयको अभाव रहेको छ, जसले शिक्षा प्रणालीको प्रभावकारिता घटाउँछ।
३. **पूर्वाधारहरूको विकासमा चुनौती:** प्राविधिक र व्यावसायिक शिक्षा कक्षाहरूलाई अझ बढी प्रयोगात्मक बनाउनको लागि आवश्यक भौतिक र शैक्षिक पूर्वाधारहरूको विकासमा चुनौती आएको छ।
४. **स्थानीय विद्यार्थीहरूको अवसरको कमी:** प्राविधिक र व्यावसायिक शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई उक्त शिक्षा प्राप्त गर्ने अवसरको कमी छ।

**उद्देश्य**

१. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्दै गुणस्तर अभिवृद्धि गर्नु।
२. मागअनुसार सिपमूलक तथा उद्यमशील तालिम सञ्चालन गर्न सहयोग गर्नु।
३. सिकाइलाई उद्यमशीलता तथा रोजगारीसँग जोड्न मद्दत गर्नु।
४. प्राविधिक शिक्षालयहरूको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गर्नु।

रणनीति तथा कार्यनीति

रणनीति

१. प्राविधिक शिक्षा विस्तार: प्राविधिक धार सञ्चालन गर्न इच्छुक माध्यमिक विद्यालय तथा शिक्षालयहरूलाई प्रोत्साहन गर्दै आवश्यक स्रोतसाधन उपलब्ध गराउने तथा शिक्षा तथा मानब श्रोत बिकाश केन्द्र बाट प्रदान गरिने प्राविधिक धार ९-१२ कक्षा संचालन का लागि समन्वय गर्ने।

२. संस्थागत क्षमता अभिवृद्धि: विद्यालय, शिक्षालय तथा तालिम केन्द्रहरूको भौतिक तथा शैक्षिक पूर्वाधारलाई मजबुत बनाउँदै गुणस्तरीय शिक्षण वातावरण सिर्जना गर्ने।

३. रोजगारी तथा उद्यमशीलता प्रवर्द्धन: प्राविधिक तथा व्यावसायिक शिक्षा प्राप्त युवाहरूलाई स्वरोजगार तथा रोजगारीसँग जोड्न विभिन्न तालिम, अनुदान तथा सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने।

४. नीति समन्वय तथा स्रोत परिचालन: संघ, प्रदेशसँग समन्वय गरी आवश्यक नीतिगत र आर्थिक सहयोग जुटाउने।

५. गुणस्तरीय तालिम तथा अनुगमन: प्रशिक्षक तथा तालिम प्रदायक संस्थाहरूको गुणस्तर कायम गर्न नियमित मूल्यांकन तथा अनुगमन प्रणाली लागू गर्ने।

कार्यनीति

६. विद्यालय तथा शिक्षालय प्रोत्साहन: योजना अवधिभर कम्तीमा १ वटा माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालनका लागि आवश्यक आर्थिक स्रोत जुटाउने र संघ तथा प्रदेश सरकारसँग सहकार्य गर्ने।

६. मानव संसाधन विकास: योग्य, दक्ष तथा तालिम प्राप्त जनशक्तिलाई प्रशिक्षकमा नियुक्त गर्न खुला प्रतिस्पर्धाको आधारमा छनोट गर्ने र कार्यरत प्रशिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने।

७. स्वरोजगार तथा रोजगारी अवसर: प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई स्वरोजगार बनाउन प्रारम्भिक आर्थिक सहयोग तथा आवश्यक तालिम प्रदान गर्ने।

८. छात्रवृत्ति तथा पहुँच विस्तार: विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षामा आकर्षित गर्न छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने।

९. तालिम तथा कोर्स विविधीकरण: मागअनुसार छोटो तथा लामो अवधिका सिपमूलक र उद्यमशील तालिम सञ्चालन गर्ने।

१०. अनुगमन तथा सुधार: प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको प्रभावकारिता सुनिश्चित गर्न निरन्तर अनुगमन तथा मूल्यांकन प्रणाली विकास गर्न

### ३.१.१० प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ८२ | ८३ | ८४ | ८५ | जम्मा | | |
| १ | प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | संख्या | १ | १ | - | १ | - | २ | ४ | |
| २ | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास | पटक | १ | १ | - | १ | - | २ | ४ | |
| ४ | छोटो अवधिका सिपमूलक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षक व्यवस्था | पटक | १ | १ | - | १ | - | २ | ४ | |
| ६ | छात्रवृत्ति कार्यक्रम | जना | १ | ५ | ५ | ५ | ५ | २० | ४० | |
| ७ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | फटक | १ | १ | - | - | - | १ | २ | |
| ८ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रबर्द्धन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

**प्रमुख उपलब्धिहरू र नतिजाहरू**

१.प्राविधिक धारको शिक्षाको सञ्चालन भएका विद्यालयहरूको व्यवस्थापन सुदृढ हुनेछ।

२.प्राविधिक धार सञ्चालन भएका सामुदायिक विद्यालयहरूको प्रयोगशाला, मेसिनरी, तथा अभ्यास स्थलहरूको सुदृढीकरण हुनेछ।

३.सामुदायिक विद्यालयहरूमा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन हुनेछ।

### ***३.२.१ अनौपचारिक शिक्षा र आजिवन सिकाई***

समाज रूपान्तरणको मुख्य माध्यम शिक्षा हो। शिक्षा विभिन्न प्रकारले प्राप्त गर्न सकिन्छ। विद्यालय तथा विश्वविद्यालयबाट प्रदान गरिने नियमित शिक्षा औपचारिक शिक्षा प्रणाली अन्तर्गत पर्छ तर, व्यवहारिक जीवनका लागि आवश्यक ज्ञान, सीप, र अभिवृद्धि हासिल गर्न अनौपचारिक शिक्षा पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

त्यसैगरी, गर्भावस्थादेखि मृत्युसम्म मानिसले अनुभव, अभ्यास, सुन्ने, हेर्ने वा आकस्मिक रूपमा सिक्ने जुनसुकै ज्ञान, सीप वा जानकारीहरू अनौपचारिक शिक्षाका रूपमा लिइन्छन्। अनौपचारिक शिक्षा औपचारिक शिक्षाको तुलनामा व्यवहारिक जीवनका लागि झनै उपयोगी मानिन्छ। मानव सभ्यताको विकाससँगै मानिसले कुनै न कुनै रूपमा अनौपचारिक शिक्षाको अभ्यास गर्दै आएको छ। सिकाइ जन्मदेखि मृत्युसम्म निरन्तर चलिरहन्छ, जसलाई नै जीवनभरि सिकाइ वा आजीवन शिक्षाको अवधारणा भनिन्छ ।

**वर्तमान अवस्था**

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीयतहमा हस्तान्तरण भएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको

छ । हाल के आई सिंह गाउँ पालिकाको ५ वर्षमाथिको साक्षरता दर ९७.५ प्रतिशत, १५ देखि २४ वर्षको साक्षरता दर ९५ प्रतिशत रहेको छ ।

त्यसैगरी विगतमा निरक्षरहरुलाई साक्षर गराउन उल्लेखनीय भुमिका खेल्ने सामुदायिक सिकाई केन्द्रको संख्या २ रहेको छ। आधारभुत तह पुरा नगरी विद्यालय छोड्ने दर १ प्रतिशत रहेको छ । गाउँ पालिका पूर्ण साक्षर घोषणा भएको छ यद्दपि वर्तमान अवस्थालाई विश्लेषण गर्दा निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा क्षेत्रमा निम्न समस्या र चुनौतिहरु देखिएका छन ।

**समस्याहरू**

१. नवीनतम मान्यताअनुसार कार्यमूलक साक्षरताको अवधारणा कार्यान्वयन हुन नसक्नु,

२. अनौपचारिक शिक्षा क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूसँग प्रभावकारी रूपमा समन्वय हुन नसक्नु,

३. नीतिगत एवम् संस्थागत संरचना एवम् साधन स्रोतको अभावमा आधारभूत साक्षरता र जीवनपर्यन्त सिकाइका अवसरहरू उपलब्ध गराउन नसक्नु,

४. बेरोजगार युवाहरूको वास्तविक तथ्याङ्कका अभावमा शिक्षालाई सीपसँग जोड्ने कार्यक्रम तर्जुमा गर्न नसक्नु ।

**चुनौतीहरू**

१. साक्षर गाउँपालिका घोषणा भएपछि बाँकी रहेका निरक्षर र बसाइसराइका कारण निरन्तर थप हुने निरक्षर व्यक्तिहरूका लागि साक्षरता कार्यक्रम सञ्चालन गर्न सकिएको छैन

२. साक्षरता अभियान सञ्चालन गर्न, आर्थिक रूपले पछाडि परेका समुदायमा आय आर्जन गर्न र निरन्तर शिक्षाको कार्यक्रम सञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्रहरूलाई प्रभावकारी रूपमा परिचालन गर्न सकिएको छैन ।

**उद्देश्य**

क) नियमित शिक्षाको अवसरबाट बञ्चित समूह, लक्षित वर्ग एवं व्यक्तिलाई अनौपचारिक शिक्षाका कार्यक्रम साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा तथा जीवन पर्यन्त शिक्षाका माध्यमबाट सामाजिक तथा आर्थिक रूपमा सशक्तीकरण गराई जीवनयापन सहज र गुणस्तरीय बनाउनु,

ख) औपचारिक शिक्षासँग तादात्म्यता कायम राखी गाउँपालिकालाई साक्षर राखी गाउँपालिका कायम राख्नु,

ग) राखी गाउँपालिका भित्र पुस्तकालय तथा वाचनालयहरूको स्थापना गरी पठन संस्कृतिको विकास गर्न, र

घ) सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास गरी निरन्तर शिक्षा र आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने।

**रणनीति तथा कार्यनीति**

१. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी अनौपचारिक तथा जीवनपर्यन्त सिकाइका अवसरहरू प्रदान गरिनेछ ।

२. गाउँपालिका भित्र रहेका किसान, मजदुर तथा अन्य समूहका व्यक्तिमा भएका ज्ञान र सीपलाई अद्यावधिक गरी सरकारी तथा गैरसरकारी संस्थाहरूबाट सञ्चालित कार्यक्रममा उनीहरूलाई परिचालन गरिनेछ ।

३. जनचेतना र निरन्तर शिक्षाका कार्यक्रमहरू रेडियो, टेलिभिजन, टेलिफोन, कम्प्युटर, अनलाइन, अफलाइन, भर्चुअल कार्यक्रम सञ्चालन गरिनेछ र त्यसका लागि आवश्यक सामग्री उत्पादन र प्रसारण गर्न सञ्चार माध्यमहरूसँग सहकार्य गरिनेछ।

४. साक्षरता शिक्षा साक्षरोत्तर शिक्षा र जीवनपर्यन्त शिक्षा सञ्चालनमा सरकारी एवम् गैरसरकारी संस्थाहरूसँग समन्वय गरिनेछ ।

५. अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. सामुदायिक सूचना केन्द्रको सुदृढीकरण गरिनेछ ।

७. सामुदायिक सिकाइ केन्द्रलाई समुदायको सूचना स्रोतको रूपमा विकास गरी वडाका तथ्याङ्क स्रोतका रूपमा विकास गर्दै निरक्षर व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा आवश्यकता अनुसार साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

८. एक वडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयन गरी समुदायको आवश्यकताअनुसार साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ तथा सामुदायिक विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन तथा समन्वय र सामुदायिक सूचना केन्द्र समेतको कार्य गर्न सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरिनेछ ।

### *३.२.२ प्‌रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१ | ८२ | ८३ | ८४ | ८५ | म्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटा वेस तयारी | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | ७ | ७ | ७ | ७ | ७ | ३५ | ७० | |
| ३ | सामूदायिक सिकाइ केन्द्र सञ्चालन | संख्या | - | १ | १ | १ | २ | ५ | ७ | |
| ४ | सामूदायिक सिकाइ केन्द्रलाई सामूदायिक पुस्तकालयका रूपमा सञ्चालन | पटक | | १ | १ | १ | १ | ४ | ७ | |
| ५ | सामूदायिक सिकाइ केन्द्रको सुदृढीकरण | संख्या | | २ | १ | १ | १ | ५ | ७ | |
| ६ | सरकारी तथा गैरसरकारी निकायसँग साझेदारी र सहकार्य | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास | पटक | | १ | १ | १ | १ | ४ | ८ | |
| ८ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | | | १ | १ | १ | १ | ४ | ९ | |
| ९ | सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण | | | १ | १ | १ | १ | ४ | ९ | |
| १० | संस्थागत प्रबन्ध | | | १ | १ | १ | १ | ४ | ९ | |
| १२ | पूर्ण साक्षर पालिका घोषणा | - | - | - | - | - | - | - | १ | |

### ३.२.३ अपेक्षित उपलब्धीहरू

१) के.आई.सिंह गाउँपालिका साक्षर गाउँपालिका कायम रहने,

२ ) अनौपचारिक शिक्षा सम्बन्धी तथ्याङ्क निरन्तर अध्यावधिक भएको हुने,

३) निरन्तर सिकाइका विभिन्न कार्यक्रमहरू नियमित सञ्चालन भएको हुने,

४) सामुदायिक सिकाइ केन्द्रको पुनर्संरचना भै आ-आफ्नो सेवा क्षेत्रमा अनौपचारिक शिक्षा, आधारभूत स्वास्थ्य, रोजगारी सम्बन्धी सूचना र युवा तथा प्रौढहरूको आजीवन सिकाइको स्रोत केन्द्रका रूपमा विकास हुने, र आयआर्जनका कार्यक्रमहरूबाट लक्षित समूह लाभान्वित भएको हुने।

५) अनौपचारिक तथा बैकल्पिक शिक्षाका माध्यमबाट हासिल ज्ञान तथा सीप परीक्षण तथा प्रमाणीकरण भइ औपचारिक शिक्षामा निरन्तरता भएको हुने।

## परिच्छेद – ४

# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### *४.१.१ परिचय*

सिकाइको योजना तथा शिक्षा प्रणालीको मेरुदण्ड पाठ्यक्रम हो। यसले शिक्षा प्रणालीलाई मार्गदर्शन गर्छ। शिक्षाका राष्ट्रिय, तहगत तथा कक्षागत उद्देश्यहरू परिपुर्ति गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पाठ्यक्रम हो। पाठ्यक्रम अन्तर्गत "कुनै कक्षा वा तहमा कुन विषयमा के पढाउने ? कुन कुन विषयवस्तु पढाउने ? के कस्ता विधि तथा क्रियाकलापहरूको माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने ? के कसरी मूल्याङ्कन गर्ने ?" जस्ता महत्वपूर्ण पक्षहरू पर्दछन्।

पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो। शिक्षण सिकाइको एउटा महत्वपूर्ण साधनलाई पाठ्यसामग्री भनेर चिनिन्छ।

नेपालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप पहिलो पटक वि. सं २०६३ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो। यसले मार्गनिर्देश गरे अनुसार विद्यालय शिक्षाको पाठ्यक्रम विकास र परिमार्जन गरीएको थियो। समसामयिक परिवर्तनलाई समेटी वि. सं २०७१ मा उक्त प्रारुपमा परिमार्जन गरीएको थियो। नेपालमा विद्यालय शिक्षामा पहुँच बढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरू हुँदै आएका छन्।

### *४.१.२ वर्तमान अवस्था*

यस गाउँपालिकामा विद्यालय तहका सबै कक्षाका पाठ्पुस्तकहरु समयमै उपलब्ध हुने गरेका छन्। स्थानीय भाषाको पठ्यक्रम निर्माण भएको तर पाठ्यपुस्तक निर्माण नभएको वर्तमान अवस्थामा शिक्षकहरुले पाठ्यक्रमको प्रयोग गरेर पठनपाठन कार्य गराइरहेका छन्। स्थानीय भाषाको पाठ्यपुस्तक लेखन कार्य अघि बढाइएकोले आगामी वर्षदेखि सो पनि उपलब्ध हुने सम्भावना रहेको छ। सबैजसो विद्यालयमा आवस्यक मात्रामा शिक्षक जनशक्ति रहेको र आवधिक प्रकारका तालिमको पनि व्यवस्था भैरहेकोले पाठ्क्रम र पाठ्यपुस्तक कार्यान्वयनको अवस्था निराशाजनक छैन। विद्यालयहरुमा शैक्षिक सामग्रीको पनि न्युनतम व्यवस्था भएको छ। निर्धारित विधि प्रक्रिया बमोजिम मूल्यांकनको प्रक्रिया पनि कार्यान्वयनमा छ। राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार सबै तहको शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित शिक्षा (STEM EDUCATION) लाई

पाठ्यक्रमको अभिन्न अङ्ग बनाएको छ। यति हुँदाहुँदै पनि सबैजासो गतिविधिमा विविध प्रकारका समस्या तथा चुनौतीहरु व्याप्त रहेको अवस्था छ।

यस पालिकामा पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री तथा मूल्यांकन प्रक्रियामा देखिएका केही प्रमुख समस्या तथा चुनौतिहरु निम्नानुसार रहेका छन् :

१. पाठ्यक्रमले सैद्धान्तिक ज्ञान मात्र समेट्नु, व्यवहारिक जीपनोपयोगी सीप विकास गर्न असमर्थ हुनु।

२. पाठ्यक्रम विकास एवम् कार्यान्वयनका लागि संस्थागत संयन्त्रको विकास गर्न र भएका संयन्त्रको संस्थागत क्षमता सबलिकरण गर्न नसक्नु।

३. सूचना तथा सञ्चार प्रविधिलाई विषय वा शिक्षण सिकाइ कुन माध्यमका रुपमा प्रयोगमा ल्याउने भन्ने कुरा अस्पष्ट रहनु।

४. स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामाग्री अपेक्षित रुपमा विकास हुन नसक्नु तथा स्थानीय भाषालाई कक्षा क्रियाकलापको माध्यम नबनाइनु।

५. स्थानीय तहका सरोकारवालाहरूमा स्थानीय पाठ्यक्रमको महत्व बोध हुन नसक्दा स्थानीय सक्रियतामा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने वातावरणको विकास हुन नसक्नु।

६. विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धती अनुरुप विकसित गर्ने तथा मुल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्न नसक्नु।

७. पाठ्यपुस्तकको सिमित घेरा भन्दा बाहिर निस्केर व्यवहारिक तथा समयसान्दर्भिक शिक्षण सिकाइ क्रियाकलापमा जान नसक्नु।

८. स्थानीय स्रोत, साधन, स्थापित मूल्य मान्यता तथा मौलिक परम्परामा आधारित पाठ्यसामग्री निर्माण गर्न नसक्नु। आदि।

### ४.१.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित विशिष्ट उद्धेश्यहरू राखेको छः

१. स्थानीय तहको आवश्यकता बमोजिम स्थानीय विषयको पाठ्यक्रमको प्राथमिकीकरण गर्नु ।

२. पाठ्यक्रम प्रारुप तर्जुमा गर्न स्थानीय सरकारले राष्ट्रिय पाठ्यक्रम प्रारुपको मार्गदर्शन बमोजिम स्थानीय पाठ्यक्रमको निर्माण गर्नु।

३. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यसामग्री विकास गर्नु।

४. पाठ्यक्रम निर्माण तथा विकास समुहको पेशागत क्षमता निर्माण गर्नु।

५. शिक्षण सिकाइमा रुपान्तरण गर्न, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न सिकाउन र ज्ञान आर्जन गर्न मार्गनिर्देशित पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास एवम् तिनको समन्वयात्मक रुपमा कार्यान्वयन गर्नु।

६. विद्यार्थी मुल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्नु। आदि।

### *४.१.४ रणनीतिहरू*

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन सम्बन्धी उद्धेश्यहरू हासिल गर्न देहाए बमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछ :

१ राष्टिय पाठ्यक्रम प्रारुप, २०७६ अनुरुप पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गर्ने।

२. स्थानीय स्तरका आवश्यकतामा आधारित नयाँ पाठ्यक्रमको निर्माण गर्ने गराउने । स्थानीय पाठ्यक्रम बिकास गर्दा समावेशिता, लैंगिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयबस्तुलाई प्राथमिकताका साथ समावेश गर्ने

३. पाठ्यक्रममा समाविष्ट विषयवस्तु  तथा शैक्षणिक कौशलमा पुनर्संरचना गर्ने

४. राष्ट्रिय तथा प्रदेशको पाठ्यक्रमसँग सम्बन्धीत रही स्थानीय आवश्यकता सँग सान्दर्भिक पाठ्यक्रम, सन्दर्भ सामग्री तथा शैक्षणिक सामग्रीहरूको निर्माण गर्ने ।

५. सबलीकृत पाठ्यक्रम व्यवस्थापन, प्रबोधीकरण, अनुगमन तथा मूल्याङ्कन पद्धति मार्फत पाठ्क्रमको कार्यान्वयन गर्ने ।

६.पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेसागत क्षमता अभिबृद्धि गर्ने ।

७. बिज्ञान, प्रबिधि, इन्जिनियरिङ् तथा गणित शिक्षा (STEM-EDUCATION)लाई समग्र शिक्षा प्रणालीको अभिन्न अंगको रूपमा विकास तथा विस्तार गर्ने ।

८. माध्यम भाषाका रुपमा आवस्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोगको लागि आवस्यक प्रयास गर्ने ।

९. विपत्, महामारी तथा संकटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

१०. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चत गर्ने ।

११. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने ।

१२. निरन्तर विद्यार्थी मूल्यांकनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्ने । आदि ।

## *४.१.५ प्रमुख उपलब्धितथानतिजा*

**उपलब्धि**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ ।

२ स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्व्यन भएको हुने छ ।

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यांकन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

४. स्थानीय स्तरका आवश्यकतामा आधारित कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भएको हुनेछ ।

५. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी प्रबोधिकरण भएको हुनेछ ।

६. स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनको लागि पाठ्यसामग्रीहरूको विकास भएको हुनेछ । आदि ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | सबै |
| २ | परिक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | सबै |
| ३ | स्थानीय भाषामा कक्षा | ३३ | ३३ | ३३ | ३३ | ३३ | सबै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सञ्चालन गर्ने विद्यालय | | | | | | |
| ४ | निरन्तर विद्यार्थी मूल्यांकन गर्ने विद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | सबै |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय संख्या | ५ | १० | १५ | २० | ३३ | सबै |
| ६ | आधारभुत तहमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन भएका विद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | सबै |
| ७ | स्थानीय पाठ्यक्रम सम्बद्ध पाठ्यसामग्री पुगेकाविद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | सबै |
| ८ | पाठ्यक्रम कार्यान्यिन सम्बन्धि तालिमप्राप्त शिक्षकको सङ्ख्या | ३३ | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |

## ४.१.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भैतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भैतिक लक्ष्य (दस वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्व्यनका लागि शिक्षक तालिम सञ्चालन | जना | १० | १० | १० | १० | १० | ६० | १०० % | |
| २ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | विद्यालय संख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | १०० % | |
| ३ | पाठ्यक्रम कार्यान्वियन | विद्यालय संख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | १०० % | |
| ४ | स्थानीय पाठ्यक्रम अनुरुप पाठ्यपुस्तक र पाठ्यसामग्री उपलब्धता | विद्यालय संख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | १०० % | |
| ५ | पाठ्यक्रम र पाठ्यसामग्रीबारे शिक्षक र सरोकारवालालाई नियमित प्रबोधीकरण | पटक | १ | १ | | १ | १ | ५ | | |
| ६ | स्थानीयपाठ्यक्रममा समावेशिता, लैंगिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयबस्तु समावेश | पटक | निरन्तर | निरन्तर | रन्तर | निरन्तर | निरन्तर | नि रन्तर | निरन्तर | |
| ७ | स्थानीय आवश्यकता सँग | पटक | निरन्तर | निरन्तर | रन्तर | निरन्तर | निरन्तर | नि रन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सान्दर्भिकपाठ्यक्रम, सन्दर्भ सामग्री तथा शैक्षणिक सामग्रीहरूको निर्माण | | | | | | | | | |
| ८ | बिज्ञान,प्रबिधि,इन्जिनियरिङ् तथा गणित शिक्षालाई समग्र शिक्षा प्रणालीको अभिन्न अंगको रूपमा विकास तथा विस्तार | विद्यालय संख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | १०० % | |
| ९ | शिक्षककालागिप्रभावकारीस्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइसामग्री सामग्रीको व्यवस्था | विद्यालय संख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | १०० % | |
| १० | निरन्तरविद्यार्थी मूल्यांकनको व्यवस्था | विद्यालय संख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | १०० % | |
| | | | | | | | | | | |

## पाठ्यक्रम र मूल्यांकन कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Curriculum and Evaluation)

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान हजार मा (Cost Estimates (in '000s) | | | | | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन** (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने ) | ० | १०० | १०० | १०० | १०० | १ | १ | १ | १ | १ |
| **पाठ्यक्रमको मूल्यांकन** (मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | 0 | ५० | ५० | ५० | ५० | १ | १ | १ | १ | १ |
| **Digital सामाग्रीहरुको कार्यन्वयन** (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत्) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | 0 | १५० | १५० | १५० | १५० | १ | १ | २ | २ | २ |
| सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने ) | ७ ०० | ६०० | ६०० | ६०० | ६०० | १ | १ | १ | १ | १ |
| आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई अभिमुखीकरण तालिम प्रदान गर्ने | 0 | २५० | २५० | २५० | २५० | १ | १ | १ | १ | १ |
| आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने (जसमा:- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | 0 | २५० | २५० | २५० | २५० | १ | १ | १ | १ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाई सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने** (जसमा:- प्राबिधिक धारका बिषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकन पद्धतिको विकास र तिनको प्रबोधिकरण, बितरण, प्रयोग बिषयहरु समाबेश गर्ने) | ५० | ५० | ५० | ५० | ५० | १ | | १ | १ | १ |
| **बहू पाठ्यपुस्तकहरूको कार्यान्यन गर्ने** (जसमा:- बहू पाठ्यपुस्तक नीतिको कार्यान्यन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको मुल्यांकन र छनौट, बहुबर्षीय पाठ्यपुस्तकहरूको परिक्षण गर्ने र अपाङ्गता भएका बिद्यार्थीहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरूको विकास गर्ने) | 0 | १०० | १०० | १०० | १०० | १ | १ | १ | १ | १ |
| बिद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य बिषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने ) | ० | १०० | १०० | १५० | १५० | | १ | १ | १ | १ |
| **पाठ्यक्रम र मुल्यांकन कार्यक्रमको जम्मा बजेट (लाखमा)** | **७५०** | १६५० | १६५० | **१७००** | १७०० | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षक एक बहुआयामिक व्यक्तित्व हो। उसले एक क्षेत्र र विधाको ज्ञानले मात्र पेशागत दखल देखाउन सक्दैन। त्यसै गरी एक समयको ज्ञानले सदाका लागि पर्याप्त हुन्छ भन्नु सर्वथा गलत कुरा हो। त्यसैले शिक्षकलाई समयानुकुल अद्यावधिक, जागरुक र समयसापेक्ष बनाउनु शिक्षक क्षमता विकास कार्यक्रमको उद्देश्य हो। शिक्षकको योग्यता क्षमता दक्षताको सिकाईमा प्रभाव पर्छ।

नेपालमा विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षकको पेशागत क्षमता विकासलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्दै आएका छन्। शिक्षक सेवा आयोगले शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा संचालन, रिक्त दरबन्दीमा शिक्षक आपूर्तिका लागि परीक्षा संचालन र स्थायी शिक्षकको बढुवाको लागि कार्य गरीरहेको छ। नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र संघको साधारण सभाबाट पारित दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य नं ४ "सबैका लागि समावेशी तथा समतामूलक, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाईका अवसरहरू उपलव्ध गराउन प्रोत्साहित गर्ने" पुरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षक व्यवस्थापन तथा विकास अत्यन्तै आवश्यक छ।

### ४.२.२ वर्तमान अवस्था

अधिक लगानी र लामो समयको अन्तरालमा उत्पादित जनशक्तिलाई व्यवस्थित बनाउन सकेको खण्डमा मात्र शिक्षाले गति लिन सक्दछ।

शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न नेपालको पन्ध्रौँ योजना (२०७६/२०७७–२०८०/२०८१) ले यस पेसामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्व विद्यालयमा उत्कृष्ठ सफलता हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण सेवामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली २०५७ ले शिक्षक हुनका लागि शिक्षक अध्यापन अनुमतिपत्र अनिवार्य गरेको छ। स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने छनौट परीक्षामा उत्तीर्ण हुनु पर्ने, स्थायी शिक्षक बढुवा हुनाका लागि निश्चित मापदण्ड पुरा गरेको हुनु पर्ने प्रावधान छ।

जुन देशमा शिक्षकलाई जति सम्मान दिएका हुन्छन् त्यो देशको शिक्षा प्रणाली पनि त्यति नै माथि रहेको हुन्छ। वर्तमान समयमा नेपालमा खुला प्रतिस्पर्धाको माध्यमबाट शिक्षक सेवा आयोगले शिक्षक नियुक्तिका लागि सिफारिस गरे सँगै शिक्षकहरूको पेशागत सम्मानमा पनि सहयोग पुगेको छ।

शिक्षकहरूको सेवा, शर्त, सुविधा र वृत्ति विकासको बाटो अझै सशक्त र व्यवहारिक बनाई अगाडि बढ्नु सान्दर्भिक देखिन्छ। विद्यालयहरूमा शिक्षकको दरबन्दी मिलान, द्वन्द्व तथा तनाव व्यवस्थापन, समय व्यवस्थापन जस्ता पक्षमा ध्यान दिई विद्यालयको सर्वपक्षीय विकास गर्न शिक्षक व्यवस्थापन र विकासमा जोड दिनु अत्यावश्यक छ।

समयानुकूल जीवन निर्वाहका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु पनि शिक्षण पेशाप्रति आकर्षण गराउने आधार हुनेछ। शैक्षिक गुणस्तर सुधारका लागि काम गरे बापत शिक्षकहरूलाई अतिरिक्त सेवा सुविधादिने व्यवस्था गरेर पनि शिक्षण पेशामा आकर्षण बढाउन सकिन्छ।

शिक्षा नियमावली २०५९ को नियम ९२ अनुसार विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था अनुसूची १२ मा गरीएको छ। पूर्व प्राथमिक तहमा १ जना, प्राथमिक तहमा ५० जना भन्दा कम विद्यार्थी भए २ जना, ५० भन्दा बढी भए कम्तिमा ३ जना, कक्षा ६–८ का लागि कम्तिमा ४ जना, कक्षा ९– १२ का लागि ८ जना शिक्षक रहने व्यवस्था गरेको छ। शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रका लागि १: ४०, पहाडी क्षेत्रका लागि १ : ४५ तथा तराइ क्षेत्रका लागि १: ५० तोकेको छ।

हाल शिक्षक व्यवस्थापन गर्दा नियमित अनुदान प्राप्त शिक्षक संख्या र  अनुपातले तोके अनुसारको विद्यार्थी संख्या भन्दा जति बढी हुन्छन त्यतिको अनुपातमा चाहिने शिक्षकको तलब स्थानीय सरकार मार्फत विद्यालयले  अनुदान पाउने व्यवस्था गरेको छ । यसरी पाउने अनुदानमा नियुक्ति हुनका लागि  स्थानीय स्रोतमा कार्यरत शिक्षकहरूमा प्रतिस्पर्धा बढेको देखिन्छ । शिक्षक नियुक्ति गर्दा विद्यालयको  विषयगत आवश्यकताका  आधारमा गर्नु पर्दछ ।

हाल के आई सिंह गाउँपालिकामा विद्यालयमा आधारित ३४ वटा सामुदायिक वालविकास केन्द्रहरू, १५ वटा सामुदायमा आधारित सामुदायिक वालविकास केन्द्रहरू, ६ वटा संस्थागत वालविकास केन्द्रहरू रहेका छन् । यसै गरी जम्मा ३३ वटा सामुदायिक विद्यालयहरू, ६ वटा संस्थागत विद्यालयहरू रहेका छन । हाल सामुदायिक विद्यालय तर्फ जम्मा ४०+९= ४९ वटा सरकारी वालविकास , ६ वटा नीजि स्रोत वालविकास सहजकर्ताहरू, १२९ जना सरकारी स्रोत (संघीय सरकारबाट त भ खाने) शिक्षक तथा प्रशिक्षकहरू, १५ जना शिक्षण अनुदान र ५ जना दलित स्वयंसेवक शिक्षक (गाउँपालिकाबाट त भ खाने) शिक्षक, ८२ जना नीजि स्रोतका शिक्षक प्रशिक्षकहरू, ८ जना सरकारी विद्यालय कर्मचारीहरू, ३३ जना सरकारी कार्यालय सहयोगीहरू, ३ वटा नीजि स्रोत कार्यालय सहयोगीहरू रहेका छन । त्यसैगरी संस्थागत विद्यालय तर्फ जम्मा ६ जना वालविकास सहजकर्ताहरू र ६२ जना शिक्षकहरू रहेका छन् ।

वर्तमानमा यस गाउँपालिकाभित्र स्थायी, अस्थायी करार, राहत, संघीय, प्रदेश तथा स्थानीय अनुदान, बालबिकास, निजि स्रोत लगायत दरबन्दीका शिक्षकहरु कार्यरत छन् । अधिकांश विद्यालयमा आवस्यक मात्रामा दरबन्दीहरु उपलव्ध छैनन् । शिक्षक तालिमको व्यवस्थापन पनि उचित मात्रामा हुन सकिरहेको छैन । शिक्षण पेसामा आकर्षक सेवासुविधा समेत नभएको कारण दक्ष जनशक्ति उपलव्ध हुन सकेको छैन ।

उपर्युक्त अवस्थाहरूको विश्लेषण गर्दा शिक्षक व्यवस्थापन र विकासमा निम्नलिखित चुनौतिहरू पहिचान गरीएका छन ।

१. शिक्षण पेसालाई आकर्षक बनाउनु ।

२. सक्षम शिक्षक आपुर्तिका लागि शिक्षा विषय अध्यापन गर्ने संस्थाहरूमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मुल्यांकन प्रक्रिया सुधार गरी व्यवस्थित गराउनु ।

३. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धी हासिल गर्नु गराउनु, शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउनु तथा शिक्षण क्रियाकलापमा विविधता ल्याउनु ।

४. विद्यार्थीको सिकाइ उपलब्धीलाई शिक्षकको कार्य सम्पादन मुल्याङ्कनसंग आबद्ध गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।

५. विषयगत दरबन्दी मिलान गर्नु र आवश्यक दरबन्दीको पूर्ति गर्नु । आदि ।

### ४.२.३ उद्देश्य

यस योजनाले शिक्षक व्यवस्थापन र विकास  सम्बन्धी निम्नलिखित विशिष्ट उद्धेश्यहरू राखेको छः

१. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु।

२. तहगत, कक्षागत तथा विषयगत रुपमा शिक्षकको व्यवस्थापन गर्नु ।

३. सबै तहमा शिक्षकहरूको योग्यता पुनरावलोकन गरी विषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गर्नु।

४.शिक्षक तालिम, शिक्षक सक्षमता प्रारुपको प्रभावकारी कार्यान्वयन गर्नु ।

५. शिक्षकका लागि निरन्तर पेसागत विकासका लागि अवसरको सुनिश्चितता गर्नु ।आदि ।

### *४.२.४ रणनीतिहरू*

शिक्षक व्यवस्थापन र विकास सम्बन्धी उद्धेश्यहरू हासिल गर्न देहाए बमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछ

१. २०८३ पौष भित्र शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान,  दरबन्दी पुनर्वितरण गर्ने कार्यविधि कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा लैजाने।

२. प्रारम्भिक बाल विकास तथा कक्षा १–३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४– ८ का लागि स्नातक उतीर्ण र कक्षा ९– १२ का लागि स्नातकोत्तर तह उतीर्ण शिक्षक योग्यता सुनिश्चित गर्ने ।

३. स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा शिक्षक सेवा आयोगको प्रतिक्षा सुचिमा रहेका उमेद्वारहरूलाई पहिलो प्राथमिकता दिने र सो उपलब्ध हुन नसकेमा स्थानीय स्तरको छनौट समितिद्वारा शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार छनौट परीक्षा लिई सिफारिश भएकालाई पहिलो प्राथमिकता दिने ।

४. स्थानीय तहमा विषयगत शिक्षक संजाल तयार पार्ने ।

५. विषयगत दक्षता भएका र तालिम प्रशिक्षण अनुभव भएका कार्यरत शिक्षक तथा सेवा निवृत शिक्षकद्वारा पेशागत सहयोग पद्धतिको विकास गर्ने ।

६. शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृति विकासलाई विद्यार्थीको सिकाईसँग आवद्ध गर्ने ।

७. शिक्षक नियुक्ति सरुवा, तालिम र पेशागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाईमा कुनै पनि अवरोध नहुने पद्धतिको विकास गर्ने ।

८. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास लगायतका विषयमा सेवाकालिन तालिम सञ्चानल गर्ने ।

९. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने । आदि ।

## *४.२.५प्रमुख उपलब्धितथानतिजा*

यस शिक्षक व्यवस्थापन र विकास योजनाको कार्यान्वयनबाट निम्नप्रकारका उपलब्धी र नतिजाको अपेक्षा गरिएको छ :

**उपलब्धि**

१. दरवन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुने छ ।

२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुने छ ।

३. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाईमा सुधार भएको हुनेछ ।

४. शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित हुनेछ ।

५. शिक्षकहरूको उपस्थिति, शिक्षण विधि तथा तौर तरिका र कार्यसम्पादनमा सुधार हुने । आदि ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालबिकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | १००१ | १०० | १०० | १०० | १०० | १०० |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यताप्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९–१२) मा कार्यरत न्युनतम योग्यताप्राप्त तथा तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्युनतम सक्षमत भएका शिक्षक (%) | ५० | ६० | ७५ | ८५ | ९५ | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | सबै |
| | | | | | | | |
| | | | | | | | |

## ४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भैतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भैतिक लक्ष्य (दस वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | शिक्षकनियुक्ति | जना | आवस्यक संख्यामा | - | - | - | - | - | आवस्यक संख्यामापुरा | |
| २ | अपाङ्गता भएका व्यक्ति, महिला, सिमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिबृद्धि तालिम | जना | - | ५ | ५ | ५ | ५ | २० | २५ | |
| ३ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय बृद्धि | दैनिक घण्टा | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | |
| ४ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | जना | | | | | | | | |
| ५ | शिक्षक दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन उपसमिति गठन | पटक | - | १ | | | | | | |
| ६ | शिक्षक दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यविधि निर्माण | पटक | - | १ | | | | | १००% | |
| ७ | शिक्षक दरबन्दी मिलान, पुनरवितरण तथा व्यवस्थापन | पटक | | १ | | | | | | |
| ८ | कार्यसम्पादन मूल्यांक | पटक | १ | १ | १ | १ | १ | १ | १००% | |
| ९ | वार्षिक रुपमा सेवाकालिन तलिम सञ्चालन | जना | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | १००% | |
| १० | उत्कृष्ट नतिजा हासिल गर्ने शिक्षकहरुलाई पुरस्कृत | जना | २ | ५ | १० | १० | ३३ | ३३ | १००% | |
| ११ | शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक परिपूर्ति | विद्यालय संख्या | - | ५ | १० | १५ | २० | ३३ | १००% | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | प्रधानाध्यापकबैठक सञ्चालन | पटक | निरन्तर | निरन्तर | | | | | | निरन्तर | |

# ४.३ विद्यालय व्यवस्थापन र विकास (प्रधानाध्यापक समेत)

## *४.३.१ परिचय*

शिक्षाको सन्दर्भमा विद्यालय व्यवस्थापन महत्वपूर्ण पाटो हो । विद्यालय जति व्यवस्थित बनाउन सकियो उति नै शिक्षाले गति लिने भएकाले विद्यालय व्यवस्थापन चुस्त दुरुस्त बनाउनु आजको आवश्यकता हो । विद्यालय व्यवस्थापनको पाटोलाई चुस्त दुरुस्त बनाउन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र यस गाँउपालिकाको भूमिका सर्वोपरी रहनेछ । सार्वजनिक शिक्षालाई गुणस्तरीय, उपलब्धिमुलक र समयानुकूल बनाउनु विद्यालय व्यस्थापनको मूल उद्देश्य हो ।

भौतिक, शैक्षिक, आर्थिक, मानवीय स्रोत आदि दृष्टिले विद्यालय सम्पन्न÷सुदृढ बनाउने कार्य विद्यालय व्यवस्थापन हो । बालवालिकाको सर्वाङ्गिण विकास, गुणस्तरीय शिक्षा प्रदानका लागि नेपालको संविधानमा भएको प्रावधानलाई लागु गरी शिक्षा क्षेत्रको समुन्नत र न्यायोचित विकासमा विद्यालय व्यवस्थापन पक्षको महत्वपूर्ण योगदान रहन्छ । विद्यालय व्यवस्थापन पक्षले स्थानीय समुदाय, सम्बन्धीत सरोकारवालाहरूको भूमिकालाई थप जिम्मेवार बनाई विद्यालय प्रशासनलाई समुदायप्रति उत्तरदायी र जिम्मेवार बनाईनु पर्छ । विद्यालयमा सबैको विश्वास प्राप्त गर्न विद्यालयमा गरिने हरेक क्रियाकलाप तथा कार्यक्रममा सक्रिय सहभागिता, निष्पक्षता तथा पारदर्शिता हुनु आवश्यक छ ।

## *४.३.२ वर्तमान अवस्था*

के आई सिंह गाउँपालिका अन्तर्गत शैक्षिक व्यवस्थापनको पक्ष सुधारोन्मुख रहेको छ । यद्यपि धैरै जसो विद्यालयहरूमा भौतिक पुर्वाधारको कमि रहेको छ । तहगत प्रधानाध्यापकको व्यवस्थापन हुन नसकेको अवस्था समेत रहेको छ ।

के आई सिंह गाउँपालिका सरकारी सामुदायिक र संस्थागत विद्यालयहरूमा बालविकासका १३३० सहित जम्मा ७५०४ जना विद्यार्थीहरू अध्ययनरत छन् । विभिन्न विद्यालयहरूमा शिक्षक तथा विद्यार्थी अनुपात मिलेको देखिदैन । विद्यालयहरूमा विद्यालयका पदाधिकारी तथा शिक्षकहरूको विचमा तालमेल मिलेको देखिदैन । विद्यालयका विभिन्न पदाधिकारीहरूको क्षमता विकास गर्नुपर्ने अवस्था रहेको छ ।

पालिकाको विद्यालय व्यवस्थापनको अवस्थाहरूलाई विश्लेषण गर्दा विद्यालयले बोलाएको अवस्थामा मात्र न्युन अभिभावकहरू विद्यालयमा आउनु अन्य समयमा विद्यालयको अवस्थाको बारेमा कुनै जानकारी नै नलिनु, विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा बढि चासो दिनु तर गठन पश्चात वैठकमा नियमित उपस्थिति नहुनु, विद्यालय व्यवस्थापन समिति को बैठकमा बालबालिकाको शैक्षिक गुणस्तर, सिकाई उपलब्धी जस्ता कुरामा छलफल केन्द्रित न्युन हुने तर भौतिक पुर्वाधार, शिक्षक नियुक्ति जस्ता पक्षमा छलफल बढि केन्द्रित हुने, विद्यालय व्यवस्थापन समिति ले अभिभावकहरूको सहयोग र विश्वास लिन नसकेको, विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई शिक्षा ऐन नियमावलीहरूमा तोकिएका आफ्ना काम, कर्तव्य र अधिकारहरूको बारेमा जानकारी नहुनु, विद्यालयका विभिन्न क्रियाकलापहरूमा राजनितिक प्रभाव बढि हुनु, शिक्षक अभिभावक संघ गठन भएको भए पनि निष्क्रिय रहनु, विद्यालयका व्यवस्थापकिय पक्ष विद्यालय व्यवस्थापन समितिको मात्र जिम्मेवारी हो भन्ने मानसिकता रहनु, शिक्षक अभिभावक संघका सदस्यहरूलाई शिक्षा ऐन नियमावलीहरूमा तोकिएका आफ्ना काम, कर्तव्य र अधिकारकहरूको बारेमा जानकारी नहुनु, विद्यालयको सामाजिक परीक्षणमा अनिवार्य उपस्थित हुनुपर्ने बाहेक शिक्षक अभिभावक संघको स्वतः उपस्थिति र वैठक बस्ने नगरेको, योग्य सक्षम प्रधानाध्यापक नियुक्त नगरिनु, प्रध्यानाध्यापहरू लामो समय देखि एउटै विद्यालयमा मात्र सिमित हुनु, विद्यालयका प्रधानाध्यापकहरू प्रशासनिक कार्यमा मात्र सिमित नरही बाह्य व्यवस्थापकिय पक्षमा समेत बाध्यात्मक रुपमा काम गर्नु परेको, प्रधानाध्यापकको कार्यसम्पादन लागि करार सम्झौता नभएकाले आफुखुसि कार्य गरी रहेको, विद्यालय

व्यवस्थापन समिति र शिक्षक अभिभावक संघसँग राम्रो सम्बन्ध कायम हुन नसकेको, विद्यालयका सरोकारवालाहरूलाई प्रधानाध्यापक ले परिचालन नगरी आफु मात्रै अधिकांस समय खट्ने जस्ता थुप्रै चुनौतिहरू विद्यालय व्यवस्थापन क्षेत्रमा देखिएका छन्।

### ४.३.३ उद्देश्य

यस योजनाले विद्यालय व्यवस्थापन सम्बन्धी निम्नलिखित विशिष्ट उद्धेश्यहरू राखेको छ ः

१. योग्य सक्षम सबल प्रधानाध्यापकको व्यवस्थापन गर्नु

२. विद्यालयसम्बद्ध पदाधिकारीहरूलाई विद्यालयप्रति जिम्मेवार बनाउनु

३. विद्यालय शिक्षाको भौतिक, प्रशासनिक तथा शैक्षणिक पक्षको व्यवस्थापन गर्नु

४. विद्यालयको तह अनुसार शैक्षिक जनशक्तिको व्यवस्थापन गर्नु

५. विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नु। आदि।

### ४.३.४ रणनीति

विद्यालय व्यवस्थापन सम्बन्धी उद्धेश्यहरू हासिल गर्न देहाए बमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछन ः

१. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ प्रजातान्त्रिक वातावरणमा गठन गरी विद्यालयका सम्पूर्ण गतिविधिप्रति जिम्मेवार बनाउने

२. विद्यालय व्यवस्थापन समितिको वैठकलाई नियमित गर्ने, शैक्षणिक गतिविधिहरूमा केन्द्रित भई निर्णय गर्ने र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने

३. शिक्षा ऐन तथा नियमावली बमोजिम प्रधानाध्यापक व्यवस्थापन गर्ने

४. प्रधानाध्यापकहरूलाई दोहोरो जिम्मेवारीको बोझबाट मुक्त गरी प्रशासनिक र विद्यालय सुधारका कार्यमा मात्र विशेष जिम्मेवारी प्रदान गर्ने

६. विद्यालयप्रति अभिभावकहरूको भुमिका, सहयोग र सकारात्मक धारणाको विकास गराउने

७. तह अनुसार योग्यता पुगेका प्रधानाध्यापकहरूको शिक्षा ऐन नियमावली मुताविक नियुक्ति गरी कार्य सम्पादन करार गर्ने

८. गाउँपालिकाले शिक्षकहरूसँग कार्यसम्पादन सम्झौता गरी निश्चित समयावधिका लागि प्रधानाध्यापकको पदमा नियुक्त गरी असल काम गर्नेलाई प्रसंशा तथा सम्मान गर्ने

९. बाल क्लब, रेडक्रस, स्काउट जस्ता विद्यार्थीका सामुहिक समितिहरू गठन गर्ने

१०. विद्यालयका लेखा कर्मचारी र प्रधानाध्यापकहरूका लागि लेखा व्यवस्थापन तालिमको व्यवस्था गर्ने

११. गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा आवश्यक पर्ने स्रोत, साधन र जनशक्तिको व्यवस्थापन गर्ने आदि।

### ४.३.५प्रमुख उपलब्धितथानतिजा

यस विद्यालय व्यवस्थापन योजनाको कार्यान्व्यन पश्चात निम्न बमोजिमका उपलब्धी र नतिजाहरु हासिल हुने अपेक्षा गरिएको छ :

**उपलब्धी**

१. के आई सिंह गाउँपालिका अन्तर्गतका सम्पूर्ण शैक्षिक संस्थाहरूमादक्ष, योग्य प्रधानाध्यापक र सबल तथा प्रजातान्त्रिक व्यवव्थापन समिति चयन भएको हुनेछ।

२. विद्यालयमा आवस्यक मात्रामा दक्ष र योग्य प्रशासनिक तथा अन्य कर्मचारीहरुको व्यवस्थापन भएको हुनेछ।

३. सम्पूर्ण शैक्षिक संस्थाहरूको शैक्षिक, भौतिक र व्यवस्थापकिय पक्षहरू सबल भएका हुनेछन।

४. गाउँपालिकाको औषत सिकाई उपलब्धी ८५ पुगेको हुनेछ। आदि।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा ऐन वमोजिम योग्यता पुगेका प्रधानाध्यापक नियुक्त भएका विद्यालय | ५ | ३३ | ३३ | ३३ | सबै | सबै |
| २ | आवस्यक भौतिक संरचना पूरा भएका विद्यालय | ३० | ३० | ३० | ३० | सबै | सबै |
| ३ | प्रजातान्त्रिकप्रक्रियामा व्यवस्थापनसमिति गठन भएका विद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | सबै |
| ४ | योग्यताप्राप्त प्रशासनिक तथा लेखा कर्मचारी नियुक्त भएका विद्यालय | ९ | ३३ | ३३ | ३३ | सबै | सबै |
| ५ | नियमितअभिभावक अन्तरक्रिया हुने विद्यालय | १७ | ३३ | ३३ | ३३ | सबै | सबै |
| ६ | प्रधानाध्यापकले वार्षिक रुपमा योजना तथा प्रगति विवरण पेस गर्ने विद्यालय | ३३ | ३३ | ३३ | ३३ | सबै | सबै |
| ७ | शिक्षकलेनियमित रुपमा योजना तथा प्रगति विवरण पेस गर्ने विद्यालय | ११ | १५ | १९ | ३३ | सबै | सबै |
| ८ | तय गरिएको सिकाइ उपलव्धी | | | | | १००% | १००% |
| ९ | तय गरिएको सिकाइ उपलव्धि पुरा गर्ने विद्यालय | | | | | सबै | सबै |
| १० | बालक्लवहरु स्थापना र सक्रिय भएका विद्यालय | ९ | ३३ | ३३ | ३३ | सबै | सबै |

## ४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | **सुचक** | एकाइ | भैतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भैतिक लक्ष्य (दस वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालयमाप्रजातान्त्रिक वातावरणमा वि व्य स गठन | विद्यालय सङ्ख्या | - | १० | १० | सबै | सबै | सबै | सबै | |
| २ | वि व्य स को बैठक नियमित रुपमा सञ्चालन | वर्षमा पटक | १२ | १२ | १२ | १२ | १२ | ३३ | सबै | |
| ३ | विद्यालयमा शिक्षा ऐन बमोजिमप्रधानाध्यपक नियुक्त | विद्यालय सङ्ख्या | ५ | ३३ | ३३ | ३३ | ३३ | १००% | सबै | |
| ४ | प्रधानाध्यपकले प्रशासनिक काम मात्र गर्ने | विद्यालय सङ्ख्या | ० | ३३ | ३३ | ३३ | ३३ | सबै | सबै | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | प्रधानाध्यापककोकार्यसम्पादन करार | विद्यालय सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३ | बै | बै | |
| ६ | शिक्षकहरुसँग कार्यसम्पादन करार | विद्यालय सङ्ख्या | ० | | १०० | १०० | १०० | सबै | सबै | |
| ७ | विद्यार्थी हरुका सामुहिक समिति गठन | विद्यालय सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | सबै | सबै | |
| ८ | लेखा कर्मचारी र प्रधानाध्यापकलाई तालिम | जना | ५ | १५ | २२ | २७ | ३३ | १००% | सबै | |
| ९ | गाउँपालिकाको शिक्षा शाखामा जनशक्ति व्यवस्थापन | जना | २ | ४ | ५ | ५ | ५ | ५ | आवस्यक पूरा | |
| १० | | | | | | | | | | |
| | | | | | | | | | | |

## ४.४ शैक्षिक समता र समावेशीकरण

### ४.४.१ परिचय

विद्यालय शिक्षालाई परिणाममुखी बनाउन समता र समावेशीरण जस्ता विषयले पनि महत्वपूर्ण भूमिका खेलिरहेका हुन्छन् । नेपालको संविधानको धारा ३१ ले बालबालिकाको शिक्षा पाउने नैसर्गिक अधिकारको संरक्षण गरेको छ । सबै वर्ग क्षेत्रका बालबालिकाको सामाजिक न्यायमा पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा अत्यन्त सान्दर्भिक छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ को धारा २४ ले पनि अवसरहरूको सँगसँगै उपभोग गर्ने अधिकार बोलेको छ । त्यसैले विविधताको सम्मान, समता, समानता र समावेशिताको अभिवृद्धि गरी सबैलाई हुर्कने, बढ्ने र पढ्ने एवं प्रतिष्पर्धी बन्ने वातावरण दिनु आवश्यक छ ।

### ***४.४.२ वर्तमान अवस्था***

के आई सिंह गाउँपालिका विभिन्न जातजाति र भाषा संस्कृति भएको पालिका हो । लैंगिक हिसावले पनि महिलाहरू शिक्षाका क्षेत्रमा तुलनात्मक रुपले पछि परेको, विविध अपाङ्गता भएका बालबालिकाहरूको सुक्ष्म ढङ्गले पहिचान गरी उपयुक्त सिकाइ वातावरण प्रदान गर्न नसकिएको, हिंडडुल गर्न नसक्ने गरी अपाङ्ता भएका बालबालिकाका लागि बैकल्पिक सिकाइ प्रबन्ध नभएको र बिस्तारै शिक्षक नियुक्तिमा भने समावेशितालाई प्राथमिकता दिन प्रारम्भ गरिएको स्थिति रहेको छ ।

भौगोलिक रुपमा विकट, आर्थिक रुपमा विपन्न समुदाय, सामाजिक रुपमा विभिन्न कुप्रथाहरुले व्याप्त यो गाउँपालिकामा विद्यालय शिक्षा प्रणालीमा पनि सोही अनुरुपका विविध समस्याहरु व्याप्त छन् । जसले गर्दा बालबालिकाहरुको पठनपाठनमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा प्रभाव परिरहको हुन्छ । यद्यपी त्यस्ता विविध समस्याहरुलाई न्युनीकरण गर्न राज्यबाट पनि विभिन्न प्रयासहरु भैरहेका छन् । निशूल्क शिक्षा, छात्रा, दलित, विपन्न आदि प्रकारका छात्रबृत्ति, आवासीय व्यवस्थापन, अतिरिक्त क्रियाकलाप जस्ता विषयमा केही प्रयासहरु भएका छन् । तर ती पर्याप्त छैनन् ।

### ४.४.३ उद्देश्यहरू

यस शैक्षिक समता र समावेशीकरण योजनाका विशिष्ट उद्देश्यहरु निम्न रहेका छन् :

१.लक्ष्यित समुहका बालबालिकाहरूको शिक्षामा समावेशी रुपमा समतामूलक पहुँच सुनिश्चित गर्नु

२.लक्षित समुहका बालबालिकाको सिकाई सहभागिता बृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्ने ।

३. कुनै प्रकारको बिभेद तथा दुव्र्यवहार नहुने अवस्था सिर्जना गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहजताको वातावरण बनाउनु आदि ।

### ४.४.४ *रणनीतिहरू*

यस शैक्षिक समता र समावेशीकरण योजनाका रणनीतिहरु निम्न रहेका छन् ः

१. अपाङ्गता र लैङ्गिक मैत्री भौतिक शैक्षिक वातावरणसहितको पूर्वाधार तयार गर्ने

२. अपाङ्गताको प्रकृति अनुरुपको सिकाइ उपचारको प्रबन्ध मिलाउने

३. छात्रवृत्ति उपलब्ध गराउँदा आर्थिक रुपले बिपन्न सुविधाविहीन परिस्थितिमा रहेका अपाङ्ग बालबालिकालाई प्राथमिकता दिई सिकाइको सहज अवसर सुनिश्चित गर्ने

४. किशोरीहरूका लागि महिनावारी स्वच्छतासम्बन्धी कक्ष र सुविधाको प्रबन्ध मिलाउने

५. स्थानीय भाषा संस्कृति भूगोल इतिहास नागरिक ज्ञान तथा सिपका साथै यौनिकता र प्रजनन् स्वास्थ्यलाई समावेश गरी विभेद, दुव्र्यवहार र हेपाईविनाको वातावरणमा जीवनउपयोगी सिपसँग आबद्ध गराउने ।

६. अपाङ्गताको प्रारम्भिक लेखाजोखा गरी अपाङ्गताका किसिम तथा स्वरुप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थापनका साथै आवस्यकता अनुसार विशेष विद्यालयो प्रबन्ध गर्ने ।

७. आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने ।

८. विद्यालयलाई सबै प्रकारका छुवाछुत, विभेद र कुप्रथाहरुबाट मुक्त गरी समानता र समतामूलक सिकाई वातावरण सृजना गर्ने ।

९. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयबस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आवद्ध गर्ने ।

१०. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवस्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालमा बालमैत्री वातावरण सिर्जना गर्ने । आदि ।

### ४.४.५ *प्रमुख उपलब्धितथानतिजा*

यस शैक्षिक समता र समावेशीकरण योजनाको कार्यान्वयन पश्चात निम्न उपलब्धी तथा नतिजा हासिल हुने अपेक्षा गरिएको छ :

**उपलब्धि**

१. निर्धारित समूहका विद्यार्थीहरूमा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा उल्लेख्य सुधार आएको हुनेछ ।

२. शारीरिक अशक्तता र सामाजिक रुपमा पिछडिएका बालबालिकाले सिक्न पाउने अवसरको सुनिश्चितता भएको हुनेछ ।

३. सबै प्रकारका अपाङ्गता र असक्षमता भएका बालबालिकाहरु उनीहरुको सक्षमताको आधारमा उचित प्रकारको सिकाइ तथा व्यक्तित्व विकासका अन्य अवसरहरु प्राप्त गर्नेछन् ।

४. विद्यालयभित्र सामाजिक कुरितिको रुपमा रहेका सबै प्रकारका छुवाछुत र विभेदको अन्त्य भइ बालबालिकाहरुमा समानता, समता र साझा पहिचानको भावना विकास भएको हुनेछ । आदि ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | १ | ०.५ | ० | ० | ०० | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.१ | १ | १ | १ | १ | १००% |
| ३ | माध्यमिक तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ४५ जना | ० | ० | ० | ० | १००% |
| ४ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.१ | १ | १ | १ | १ | |
| ५ | लैङ्गिक मैत्री र अपाङ्गता मैत्री विद्यालय सङ्ख्या | ० | १ | १ | १ | १ | १००% |
| ६ | समावेशी र समतामूलक पहुँच पुगेका विद्यालय सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | १००% |

## ४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | **सुचक** | एकाइ | भैतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भैतिक लक्ष्य (दस वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | ०८३ | २०८४ | ०८५ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवस्यकताको वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | पटक | | | | १ | | | ९ | |
| २ | बालबालिकाको परिक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | | १ | | १ | | | ९ | |
| ३ | बालबालिकाको सिकाई आवस्यकता अनुरुपका सिकाई सामग्री तथा अन्य आवस्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयबस्तुलाई समावेश | पटक | | १ | | १ | १ | ४ | ९ | |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसँस्थाका बीच जवाफदेही सहितको कार्यगत समन्वय | पटक | - | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | मासिक रुपमा नियमित | |
| ५ | निर्देशिका अनुसार छात्रबृद्धिका लागि विद्यार्थी छनोट तथा | पटक | | १ | | १ | १ | | १ ००% | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रबृद्धि वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवसीय छात्रबृत्ति समेत) | | | | | | | | | |
| ६ | अपाङ्गता र लैङ्गिकमैत्री कक्षाकोठा र अन्य भौतिक संरचनाको व्यवस्थापन | पटक | | आवस्यक | | | | | १ ००% | |
| ७ | किशोरीहरुलाई स्यानेटरी प्याड वितरण | विद्यालय सङ्ख्या | यमित | नियमित | यमित | नियमित | नियमित | नियमित | नियमित | |
| ८ | विद्यालयमा सबै प्रकारका विभेदको उन्मुलन | प्रतिशत | ० | ९५ | ९ | १०० | १०० | १०० | १००% | |
| ९ | स्थानीय पाठ्यक्रममा यौनिक तथा प्रजनन स्वास्थ्य सम्बन्धिविषयबस्तु | मात्रा | | न्युनतम | आधार त | आवस्यक | आवस्यक | आवस्यक | पुरा | |
| १० | विद्यालयमा बालमैत्री वातावरण निर्माण | विद्यालय सङ्ख्या | | | | | | सबै | १००% | |

## ४.५ *विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम*

**(दिवा खाजा व्यवस्थापन, विद्यार्थी स्वास्थ्य तथा पोषण)**

### ४.५.१ *परिचय*

बालबालिकाको सिकाइ उपलब्धिमा सुधार ल्याउन उनीहरूको स्वास्थ्य र पोषणको महत्वपूर्ण स्थान हुन्छ । विद्यालयमा विद्यार्थीको संख्या वृद्धि, नियमितता र टिकाउपना बढाउन पनि दिवा खाजाको महत्वपूर्ण भूमिका हुन्छ । सरसफाइ तथा स्वच्छताको अभ्यास सिकाइको एक अभिन्न अङ्ग हो । खास गरी ९/१० वर्षपछिका बालिकाहरूमा सरसफाइ तथा स्वच्छता (menstrual hygine) अत्यन्त आवश्यक हुन्छ । नेपालको संविधान र राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा, स्वास्थ्य र खाद्य सम्प्रभुतासम्बन्धी कानुनले पनि बालबालिकाका यससम्बन्धी अधिकार स्थापित गरेका छन्

### ४.५.२ *वर्तमान अवस्था*

विद्यालयमा प्रारम्भिक बाल विकास र आधारभूत शिक्षामा दिवा खाजाको प्रबन्ध छ । दिवा खाजाका निम्ति निर्धारण गरिएको प्रतिदिन प्रति विद्यार्थी रकम अत्यन्त न्यून भएकामा पालिकाले प्रतिदिन प्रति विद्यार्थी रु ५। थपेर उपलब्ध गराउने गरेको छ । खाजा तयारी कक्ष बालबालिकामैत्री छैनन् । बस्न खान असुविधा छ । सरसफाइको स्तर पनि न्यून छ । कतिपय विद्यालयमा त पिउने पानीको समेत व्यवस्था छैन । “आफूले घरबाट लगेको पानी आआफैंले खाने” भन्ने स्थिति छ ।

विद्यालय नर्स कार्यक्रम अन्तर्गत पालिकामा एक जना विद्यालय नर्सको दरबन्दी कायम गरिएको छ । साथै एक जना नर्स कार्यरत रहेको अवस्था छ । केही विद्यालयमा प्राथमिक उपचार तथा साधारण खालका रोगको उपचार र न्युनिकरणका लागि औषधीको व्यवस्था पनि गरिएको छ । तर सम्पूर्ण पालिकाभर एक जना नर्सले मात्र सेवा दिनुपर्दा खासै प्रभावकारी हुन सकिरहेको छैन ।

विद्यालयमा महिनावारी हुने उमेरका बालिकाहरुका लागि निशूल्क सेनिटरी प्याड उपलव्ध गराउने व्यवस्था गरिएको छ । यो सेवाबाट यहाँका हरेक विद्यालयमा अध्ययनरत किशोरीहरु लाभान्वित भैरहेका छन् ।

### ४.५.३ *उद्देश्य*

१. खाजाका समयमा बालबालिकालाई स्वच्छ, स्वस्थ र पोषणयुक्त खाजाको सुनिश्चित गर्नु

२. स्वास्थ्य पोषण र सरसफाइलाई जीवनउपयोगी शिक्षाको अभिन्न अङ्ग बनाई बालबालिकाको सिकाइउपलब्धिमा सुधार गर्नु

३. किशोरीहरुका लागि तनावरहित अध्ययन वातावरणको सृजना गर्नु ।

४. ससाना रोग तथा आकस्मिक दूर्घटना भएका बालबालिकाहरुका लागि विद्यालयभित्रै प्राथमिक उपचारको प्रबन्ध गर्नु ।आदि ।

### ४.५.४ *रणनीतिहरू*

१. माध्यमिक तहका विद्यार्थी समेतलाई क्रमशः दिवा खाजाको प्रबन्ध गर्ने ।

२.  सरसफाइका लागि पर्याप्त पानी, साबुन र सेनेटाइजरको व्यवस्था मिलाई भान्सा तथा खाजा खाने ठाउँलाई सफा र स्वच्छ राख्ने ।

३. किसोरीहरूका लागि Change room को व्यवस्था गर्ने।

४. प्राथमिक उपचार तथा खोप प्रवन्ध मिलाउने ।

५. जुका बिरुद्धको औषधि, आइरन चक्की, फोलिक एसिड आदिको मात्रा सुनिश्चित गरी वितरण गर्ने ।

६. सेनिटरी प्याडको पर्याप्तता निश्चित गरी प्रयोग भएका प्याडको डिस्पोजलको उचित व्यवस्था मिलाउने ।

७. दिवा खाजामा स्थानीय उत्पादनलाई प्राथमिकता दिने र स्वादिलोभन्दा स्वस्थिलो खाजाको प्रबन्ध गर्ने ।

८. दिवा खाजा व्यवस्थापनका लागि डाइनिङसहितको भान्सा कोठा निर्माण गर्ने ।

९. दिवा खाजाका लागि आवश्यक पर्ने भाँडावर्तनको व्यवस्था गर्ने ।

१०. स्थानीय कृषक अभिभावकसँग स्थानीय उत्पादनसँग सम्बन्धित स्वास्थ्यवर्धक दिवा खाजा व्यवस्थापनका लागि आवश्यक समन्वय गर्ने ।

११. पालिकाबाट दिवा खाजाको मापदण्ड निर्धारण गरी विद्यालयमा पठाउने ।

१२. पालिकाको शिक्षा शाखाको समन्वयमा स्वास्थ्य शाखाबाट आवश्यकताका आधारमा विद्यार्थी र शिक्षकहरूको स्वास्थ्य परीक्षण र उपचार प्रबन्ध गर्ने ।

१३. कम्तिमा ३ महिनामा एकपटक पालिकाको घुम्ति स्वास्थ्य टोलीबाट विद्यार्थी, शिक्षक, कर्मचारी र अभिभावकको सम्बन्धित विद्यालयमा नियमित स्वास्थ्य परीक्षण गर्ने ।

१४. दिवा खाजाको गुणस्तर व्यवस्थापनका लागि नियमित अनुगमन र सुपरीवेक्षण गर्ने ।

१५. पालिकाको शिक्षा र स्वास्थ्य शाखाको समन्वयमा प्रत्येक विद्यालयमा विद्यार्थीहरूको पोषणसम्बन्धी विषयमा अभिभावक शिक्षाको व्यवस्था गर्ने ।

१६. शिक्षक, विद्यार्थी र विद्यालय कर्मचारीलाई विद्यालयमा स्वास्थ्यसम्बन्धी समस्या परेमा विद्यालयले पालिकाको शिक्षा शाखा मार्फत स्वास्थ्य शाखामा सम्पर्क गरी उपचार प्रबन्ध गर्ने ।

१७. विद्यालयमा प्राथमिक उपचारको सिप भएका जनशक्ति उत्पादन गर्ने ।

१८. प्राथमिक उपचार सिप भएको जनशक्ति उत्पादनका लागि विद्यालय नर्शले नेतृत्वदायी भूमिका खेल्ने । आदि ।

### ४.५.५ प्रमुख उपलब्धितथानतिजा

यस योजनाको कार्यान्वयन पछि निम्न उपलब्धि तथा नतिजा हासिल हुने अपेक्षा गरिएको छ :

**उपलब्धि**

१. बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार भई पठनपाठनको वातावरण चुस्त, दुरुस्त, उत्साहप्रद र आनन्ददायक हुने हुँदा सिकाइ उपलब्धि उल्लेख्य रुपमा वृद्धि हुने

२. बालबालिकाको आवधिक स्वास्थ्य अवस्था जाँच, भिटामिन, जुकाको औषधि, आइरन चक्की, सुक्ष्म पोषक तत्व तथा महिनावारीमा सेनेटरी प्याड र Change room को व्यवस्था भइसकेको हुने। आदि।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवस्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १००% |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवस्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १००% |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १०० | १०० | १०० | १०० | १०० | |
| ४ | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परिक्षण गर्ने विद्यालयकोसङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | सबै |
| ५ | खानपानी शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुच पुगेका विद्यालय सङ्ख्या | ३० | ३० | ३३ | ३३ | ३३ | सबै |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | १ | २ | ५ | ७ | ९ | सबै |
| ७ | छात्रामैत्री शौचालय भएको विद्यालय सङ्ख्या | ११ | १७ | २५ | २८ | ३३ | |
| | | | | | | | |

## ४.५.६ *प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भैतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (दस वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | ०८३ | ०८४ | ०८५ | जम्मा | | |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डारण, भाँडावर्तन, तथा आवस्यक सामग्रीको | विद्यालय सङ्ख्या | ९ | ६ | | ६ | ६ | ३३ | १००% | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रवन्ध | | | | | | | | | |
| २ | स्वस्थ्यकर तथा पौष्टिक दिवाखाजाको प्रवन्ध | विद्यालय सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | | १००% | |
| ३ | दिवा खाजाका लागि चाहिने खाद्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समुहलाई तालिम तथा सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवस्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय | विद्यालय सङ्ख्या | २९ | १ | | | | | १००% | |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | विद्यालय सङ्ख्या | १०० | १०० | ०० | ०० | ०० | १०० | १००% | |
| ६ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी र सूक्ष्मपोषक तत्व प्रदायक ट्याब्लेटहरु (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | १ | १ | | १ | | १ | १ | |
| ८ | महिनावारी स्वच्छता सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | | | १ | | १ | |
| ९ | स्वास्थ्यचौकीमा कार्यरत स्वास्थ्यकर्मीबाट विद्यार्थीको स्वास्थ्य जाँच | पटक | १ | १ | | | | १ | १ | |

## ४.६ *विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता*

### ४.६.१ *परिचय*

आपतकालीन तथा संकटपुर्ण अवस्थामा बालबालिकाले सिक्न पाउने अधिकार सुनिश्चित गर्नु राज्यको दायित्त्व हो। सम्भावित जोखिमको पूर्वतयारी (Preparedness), आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन (Response) र आपतकाल पश्चात क्षतिको आपूरण (Recovery) गर्ने कार्यढाँचा समेटेर बनाइएको शिक्षा योजना नै आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा हो। लामोद्वन्द, २०७२ को भूकम्प तथा विभिन्न स्थान र समयमा घटेका प्राकृतिक तथा मानवीय प्रकोप, कोभिड– १९ को कारण बालबालिकाको सिक्ने र शिक्षा प्राप्त गर्ने अधिकारमा अवरोध पुगेको अवस्थाबाट अनुभव लिई१. प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण (Disaster Risk Reduction–DRR), २. महामारी (Pandemic, endemic), ३. युद्ध, द्वन्द्व, विस्थापन र बसाइसराई (War, Conflict, Displacement, and Migration) गरी तीन प्रकारकाआपतकालीन अवस्थामा पनि अधिकार, समावेशीकरण, समता र न्याय, पहुँच, गुणस्तर र सुशासन, सेवाको दक्षता जस्ता विषयवस्तु केन्द्रमा राखी शिक्षाको निरन्तरता दिन यस योजनाले जोड दिएको छ।

बालबालिकाले निरन्तर सिक्न पाउने अधिकार आपतकालमा कार्यान्वयन गर्नु निकै कठिन हुन्छ। यस निम्ति जोखिमको पूर्व तयारी गरी प्रतिकार्य र पुनर्लाभको स्थितिसम्बन्धी कार्यढाँचा तयार गर्नुपर्ने हुन्छ। प्राकृतिक मानवीय तथा कोभिड सङ्क्रमण जस्ता आपत्कालीन स्थितिमा पनि बालबालिकाको सिकाइले निरन्तरता पाउने (Education in emergency and crisis) पूर्व तयारी (Preparedness) हुँदा त्यस्ता प्रकोपबाट हुने क्षती कम गर्न र तत्काल क्षती विरुद्धको पुनर्लाभ (Recover) हुन मद्दत पुग्नुका साथै छोटो अवरोधपछि कार्यक्रमले निरन्तरता पनि पाउँछ।

### **४.६.२ वर्तमान अवस्था**

बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ ले व्यवस्था गरेअनुसार बालबालिकालाई कुनै पनि प्रकारको सजाय, उत्पिडन र यौन दुराचारबाट मुक्त भयरहित वातावरणमा सिकाइ हुनु पर्छ। विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८, सुरक्षा गुरु योजना २०१७ र विद्यालय क्षेत्र सुधार योजना २०७६ ले विपदमा पनि शिक्षणसिकाइलाई निरन्तरता दिन न्यूनतम सुरक्षाका उपायहरू शिक्षक विद्यार्थीको जीवन सुरक्षा घाइते हुनबाट बचाउने र बिपद्पछि सिकाइले निरन्तरता पाउने बारेमा विभिन्न विषयलाई समेटेको छ। भुकम्प, आगलागी, बाढीपहिरो र महामारीका अवस्थामा भएका क्षतिहरूको विवरण अद्यावधिक राख्दा भावी विपद्का अवस्थामा कार्यसम्पादनमा सहजता आउँछ।

नेपालको संविधान (२०७२) को भाग ३ अन्तर्गत धारा १६ देखि ४८ सम्म मौलिक हक र कर्तव्य खण्ड रहेका छन्। मौलिक हकहरूमध्ये धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरीएको छ।

त्यसैगरी धारा ३९ को उपधारा (२) र (३) मा बालबालिकाको हक अन्रतगत बालबालिकालाई परिवार र राज्यबाट शिक्षा तथा प्रारम्भिक बाल विकासको हक हुनेछ भन्ने व्यवस्था गरीएको छ।

साथै भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति र दायीत्व अन्रतगत (ज) मा नागरीकका आधारभूत आवश्यकता सम्बन्धी नीतिहरू राखिएका छन।

यसका अलावा अनिवार्य तथा निः शुल्क शिक्षा नियमावली २०७७ पनि जारी भएको छ। छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनैपनि अवस्थामा बालबालिकाले शिक्षा पाउने अधिकारको सुनिश्चितता गरिएको छ। भय रहित शिक्षण सिकाइ निर्देशिका २०६७ ले बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचारबाट मुक्त सिकाइ व्यवस्थामा जोड दिएको छ।विद्यालय शान्तिक्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८अनुसार विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनैतिक प्रभाव, भेदभाव, शोषण तथा दुव्र्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था हुनु पर्नेमा जोड दिएको छ।

बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ ले विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैंगिक समता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालय व्यवस्थापन आदिले विपद्कालीन शिक्षाको आधार तयार गरेको छ। विद्यालय शिक्षाका लागि

एकीकृत समता रणनीति २०७१ तथा वृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज२०१८ ले सिकाइ पूर्वाधार विपद् जोखिमव्यवस्थापन, विद्यालय विपद् जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताको लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित कार्यक्रम कार्यान्वयनको अवधारणा अगाडि बढाएको छ।

वृहत विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ ले विद्यालयको न्यूनतम सुरक्षाका उपायहरू सम्बन्धि क्रियाकलापहरू, शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने कुरामा जोड दीएको छ। दिगोविकासलक्ष्य, पन्ध्रौं योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित विद्यालय, विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन, समुदायबीच उत्थानशीलता शिक्षा, विपद्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको छ।

राज्यले निर्दिष्ट गरेका व्यवस्थाहरु यस गाउँपालिकामा पनि सैद्धान्तिक रुपमा लागु गरिएका भए पनि व्यवहारिक कार्यान्वयनका लागि थुप्रै प्रकारका समस्या तथा चुनौतीहरु व्याप्त रहेका छन्। दक्ष जनशक्तिको अभाव, भौतिक पूर्वाधार तथा संरचनाको अभाव, उचित सूचना प्रविधिको अभाव, जनचेतनाको अभाव, स्थानीय स्तरमा जनचेतनाको अभाव, नीति कार्यान्वयनमा सुस्तता, बजेटको अभाव जस्ता थुप्रै समस्याहरुले निर्धारित नीति, योजना तथा कानूनहरुको कार्यन्वयनको अवस्था चिन्ताजनक रहेको छ।

### ४.६.३ *उद्देश्य*

१. बालबालिकाहरूलाई आपत्कालीन अवस्थाको प्रतिकार्यका लागि उपयुक्त कार्यढाँचा बनाई त्यसको अभिनयात्मक अभ्यास गराउने।

२. बालबालिकाहरूको तत्काल जीवन रक्षा, प्राथमिक उपचार, खाद्यान्न, शुद्ध पिउने पानीको प्रबन्धका साथै उनीहरूको सिक्न पाउने अवस्था सिर्जना गर्ने।

३. औपचारिकतथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने।

४. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासकोलागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्ने।

५. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने।

६. अल्पकालीन र दीर्घकालीन पुनस्र्थापना गर्ने। आदि।

### ४.६.४ रणनीतिहरू

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनस्र्थापना सम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने।

२. सम्भावित प्रकोप तथा विपद् सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने।

३. प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी।

४. कोभिड– १९ लगायत का महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी

५. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी।

६. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद्वासंकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण।

७. संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने।

८. विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने।

९.विपद् प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पुनस्थापनागर्ने ।

१०.शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।

११.विपद् व्यवस्थापनको लागि स्थानीयतह र विद्यालयको क्षमता विकास गर्ने ।

१२.विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरू बीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।

१३. विपद्व्य वस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीकरण गर्ने ।

१४. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने । आदि ।

## ४.६.५ *प्रमुख उपलब्धितथानतिजा*

**उपलब्धि**

१. बिपद् व्यवस्थापन प्रतिकार्यको कार्यविधि तयार संयन्त्र र कार्यढाँचा तयारी अवस्थामा रहेको हुनेछ ।

२. आवश्यक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

३. बालबालिकाको सिकाइको निरन्तरताको वातावरण बनिसकेको हुनेछ ।

४. आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुनेछ । आदि ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन–सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | सबै |
| २ | हरित विद्यालय सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | सबै |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षाजस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ९ | १५ | २३ | २५ | ३३ | सबै |

## ४.६.६ *प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भैतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भैतिक लक्ष्य ( दस वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विपत् तथा प्रकोप | पटक | - | १ | | | | | नि | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | | | | | | | | रन्तर अ ध्यवधिक | |
| | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | - | १ | १ | १ | १ | १ | नि रन्तर | |
| | विपत् पूर्व तयारी, प्रतिकार्य, पुनःस्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | - | १ | १ | १ | १ | १ | नि रन्तर | |
| | विपत् पूर्व तयारी शिक्षक तथा वि व्य स तालिम | पटक | - | १ | १ १ | १ | | १ | नि रन्तर | |
| | विपद प्रतिरोधी संरचना र प्रविधि भएकाका विद्यालय निर्माण | सङ्ख्या | - | १ | १ | | १ | ४ | १ ० | |
| | | | | | | | | | | |

## ४.७ विद्यालय भौतिक पूर्वाधार विकास

### ***४.७.१ परिचय***

विद्यालयका भौतिक पूर्वाधार संरचनाहरूभित्र विद्यालय भवन, कक्षाकोठाहरू, कार्यालय कक्ष, स्टाफ कक्ष, विज्ञान र कम्प्युटर ल्याव, पुस्तकालय, प्राथमिक स्वास्थ्य कक्ष, शौचालय, घेराबार, खेलमैदान, सभाहल, भण्डारकोठा आदि समावेश हुन्छन् । विद्यमान शिक्षा नीति नियमअनुसार बालबिकास र आधारभूत तहका विद्यार्थीहरूका लागि प्रति विद्यार्थी न्यूनतम ०.७५ वर्गमिटर र माध्यमिक विद्यालयका लागि १ वर्गमिटर क्षेत्रफल भएको हुनुपर्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयका भौतिक पूर्वाधारहरू भूकम्प प्रतिरोधी बिपत जोखिममुक्त बाल र अपाङ्ग मैत्री हुनुपर्ने हरियाली प्रवर्धन भएको हुनुपर्ने नीतिगत व्यवस्था गरेको छ ।

### ***४.७.२ वर्तमान अवस्था***

के आई सिंह गाउँपालिकामा रहेका प्राय विद्यालयहरू पक्की भवनयुक्त, विद्यार्थी मैत्री शौचालय र धारा पानी भएका छन् । तापनि कतिपय विद्यालयमा कक्षाकोठा नै अपर्याप्त भएका, जोखिमयुक्त, पानीको सङ्कट, शौचालय जीर्ण भएको, घराबार नभएको अवस्था पनि छ । प्राय विद्यालयहरूमा menstrual hygine मैत्री Change room नभएको अवस्था छ ।पुस्तकालय, विज्ञान प्रयोगशाला तथा कम्प्युटर कक्षको व्यवस्थापन पनि विद्यालयमा हुन सकेको छैन । अधिकांश विद्यालयहरूका खेलमैदान छैनन् ।

### **४.७.३ उद्देश्य**

१. विद्यालयमा शिक्षणसिकाइमैत्री नीति नियममा उल्लेख भएअनुसार मापदण्ड बमोजिमको सुरक्षित जोखिममुक्त भौतिक संरचनाको विकास गर्नु

२. सबै विद्यालयमा उमेर, स्तर र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक भौतिक सुविधायुक्त संरचनाको विकास मर्मत तथा सबलीकरण गर्नु

३. विद्यालय शिक्षाका लागि आवस्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु

४. सबै विद्यालयमा सिकाइका लागि आवस्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु।

५. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु। आदि।

### ४.७.४ *रणनीतिहरू*

१. भौतिक संरचना निर्माणका लागि उपलब्ध जग्गाको क्षेत्रफल, विद्यार्थी सङ्ख्या, भौगोलिक क्षेत्र, उपलब्ध बजेट आदिका आधारमा मापदण्ड विकास गर्ने।

२. यस्तो संरचना बनाउँदा पूर्णरुपले एकैपटकमा भौतिक निर्माण सम्पन्न हुनेगरी निर्माण कार्यको योजना बनाउने।

३. भएका कमजोर संरचनालाई जोखिममुक्त बनाउन पूननिर्माण, मर्मत सम्भार र सबलीकरण गर्ने।

४. भौतिक संरचना निर्माण गर्दा सुरक्षित विद्यालय र वातावरणीय पक्षलाई एकीकृत हुनेगरी गर्ने।

५. विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने।

६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबीच समन्वय कायम गरी एकद्वार प्रणाली अपनाउने।

७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी समुदायमा आधारित सङ्घसँस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने। आदि।

### ४.७.५ प्रमुख उपलब्धितथानतिजा

**उपलब्धि**

१. विद्यालयहरूमा पुग्दो र मापदण्डअनुसारको भौतिक संरचना निर्माण हुने

२. बनेका संरचनाहरू बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित अर्थात जोखिममुक्त हुने। आदि।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| .सं. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| | भूकम्प प्रतिरोधी विद्यालयसङ्ख्या | २१ | २३ | २५ | २८ | ३३ | सबै |
| | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ० |
| | सवलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ० |
| | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ७ | ३ | ३ | ५ | ३ | ० |
| | बाढी पहिरो लगायतका प्रकोप न्युनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ३ | १ | १ | १ | १ | सबै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अपाङ्गता मैत्री संरचना भएका विद्यालय सङ्ख्या | | | | | | सबै |
| | | | | | | | |

## ४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भैतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भैतिक लक्ष्य ( दस वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | सुरक्षित विद्यालय भवन निर्माण | सङ्ख्या | - | २ | २ | २ | २ | ८ | १३ | |
| २ | विद्यालयको सवलीकरण | सङ्ख्या | - | सबै | सबै | सबै | सबै | सबै | १००% | |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्वर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्यालय सङ्ख्या | - | ८ | ८ | ८ | ९ | ३३ | १००% | |
| ४ | छात्रा र छात्रलाई अलगै शौचालय, पानी तथा सरसफाइको प्रबन्ध | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलगै शौचालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ६ | अपाङ्गता मैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | सबै | सबै | | सबै | | सबै | सबै | |
| ७ | विद्यालयभौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रुजुसूची भर्ने | पटक | १ | १ | १ | १ | १ | १ | नियमित | |
| ८ | सुरक्षित वातावरण निर्माण | सङ्ख्या | - | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ९ | भौतिक निर्माणमा तीन तहका सरकारहरुबीच समन्वय | पटक | - | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | भौतिक पूर्वाधार बिकासमा स्थानीय समुदाय र सरोकारवाला संघसँस्थाको सहभागिता | पटक | - | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## *४.८ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि*

### *४.८.१ परिचय*

२१ औं शताब्दीको विज्ञान प्रविधिका युगमा सूचना तथा सञ्चार प्रविधिको ठूलो महत्व रहेको छ । शिक्षणसिकाइमा प्रभावकारिता वृद्धि गर्न, विद्यार्थीहरूमा सूचना प्रविधिसम्बन्धी सिप स्थापित गर्न यसले ठूलो योगदान गर्न सक्छ । पाठ्यक्रममा नै विशेष जोड दिइएको प्राविधिक शिक्षाअन्तर्गत सूचना तथा सञ्चार प्रविधि एक महत्वपूर्ण विधा हो । अब हाम्रा प्राय विद्यालयहरूसँग धेर थोर सङ्ख्यामा कम्प्युटरहरू उपलब्ध छन् तापनि इन्टरनेटको पहुँच भने चुनौतीपूर्ण नै छ ।

### *४.८.२ वर्तमान अवस्था*

राष्ट्रिय शिक्षा नीति २०७६ मा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी स्पस्ट नीति रहेको छ । सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना २०१३–०१७ पनि यससम्बन्धी रणनीति कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरिएको छ । पाठ्यक्रम विकास केन्द्रले कक्षा ६ देखि ८ का गणित, विज्ञान र अंग्रेजी विषयमा केही विद्युतीय सामग्री तयार गरेको छ । यसैगरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेका श्रव्य दृष्यसम्बन्धी पाठ्यसामग्रीहरू लर्निङ पोर्टलमा राखिएको छ ।

यस के आई सिंह गाउँपालिकामा सूचना र प्रविधिको प्रयोग बिस्तार भइरहेको छ । धेरै विद्यालयहरूमा इन्टरनेट समेतको सुविधा प्राप्त छ । शिक्षा शाखासँगको जीवन्त सञ्चार यही प्रविधिबाट हुने गरेको छ । अझै कतिपय विद्यालयमा इन्टरनेटको सुविधा नभएकाले सूचना प्रविधिको उपयोग हुन नसकिरहेको अवस्था छ । गाउँपालिकाका विद्यालयहरूमा सिसिटिभि, कम्प्युटर, प्रिण्टर र स्मार्ट वोर्ड जस्ता विद्युतीय उपकरणहरूको प्रयोग हुन सुरु भएको छ ।

तर कतिपय विद्यालयमा भने अझै इन्टरनेट सुविधा बिस्तार हुन सकेको छैन । पर्याप्त मात्रामा कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, स्मार्टबोर्ड, टिभि लगायत सूचना तथा सञ्चाल प्रविधिका उपकरणहरुको व्यवस्थापन हुन सकिरहेको छैन । आइसिटिको नेतृत्व गर्नसक्ने ज्ञानसिप सबै शिक्षकमा भएको अवस्था छैन । सूचना तथा सञ्चार प्रविधि प्रयोगको लागि पनि अधिकाँश शिक्षक तथा कर्मचारिहरुको क्षमता विकास गर्नु आवस्यक देखिन्छ ।

### *४.८.३ उद्देश्य*

१. पालिकाका सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षाको पहुँच पुर्याउनु ।

२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय, सान्दर्भिक र सिपमूखी बनाउन सूचना तथा सञ्चार प्रविधिलाई व्यापक प्रयोगमा ल्याउनु । आदि ।

### ४.८.४ रणनीतिहरू

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधरभुत उपकरणहरू उपलब्ध गराउने।

२. शिक्षकहरूमा तालिमको व्यवस्था गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सिपयुक्त क्षमता वृद्धि गर्ने ।

३. विभिन्न विषय र पाठ्यवस्तुका लागि तयार गरिएका डिजिटल सामग्रीलाई कक्षामा प्रयोगमा ल्याउने ।

४. शिक्षक सहायतता तथा पृष्ठपोषणका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने।
५. शैक्षिक स्रोत सामग्रीहरू इन्टरनेटबाट खोजी शिक्षणसिकाइमा प्रयोग गर्ने गराउने।
६. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने।
७. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रको उचित प्रबन्ध गर्ने। आदि।

## *४.८.५प्रमुख उपलब्धितथानतिजा*

**उपलव्धी**

१. सिकाइमा राम्रो सहजीकरण हुने र प्रभावकारी शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको अवस्था हुने।
२.सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीहरूको सिकाइउपलब्धि बढ्ने।
३. विद्यालय विद्यालयबिच अन्तक्रियात्मक कार्यक्रम सञ्चालन गर्न राम्रा पक्षहरूको आपसमा आदानप्रदान गर्न र पालिकाको शिक्षा शाखासँग सम्पर्क गर्न सूचना प्रविधिले सहज बनाएको अवस्था हुने।
४. विद्यालयहरूको व्यवस्थापकीय पक्ष र शिक्षणसिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुने।
५. कागजी कार्यहरू कार्यालय धाउनुपर्ने बाध्यता घटेर स्टेशनरी खर्च तथा समयको बचत भई सिकाइउपलब्धिमा योगदान पुगेको अवस्था हुने।
६. पालिकाका सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुगेको हुने। आदि।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | सबै |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपभोग भएका विद्यालय सङ्ख्या | १० | | | | | सबै |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १० | | | | | सबै |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १० | | | | | सबै |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | सबै |

## *४.८.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भैतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भैतिक लक्ष्य (दस वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी इ लाइब्रेरी स्थापना | विद्यालय सङ्ख्या | - | ८ | ८ | ८ | ९ | ३३ | सबै | |
| २ | विद्यालयमाinternet connectivity को व्यवस्था | विद्यालय सङ्ख्या | - | ८ | ८ | ८ | ९ | ३३ | १००% | |
| ३ | शिक्षकको तालिम र क्षमता विकास | जना | - | ३३ | ३३ | ३३ | ३३ | ११७ | १००% | |
| ४ | विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय सङ्ख्या | - | ३३ | ३३ | ३३ | ३३ | ३३ | १००% | |
| ५ | IEMIS व्यवस्थापन | निरन्तर | - | - | | | | निरन्तर | निरन्तर | |
| ६ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधरभुत उपकरणहरू उपलब्ध | विद्यालय सङ्ख्या | - | | | | | ३३ | १००% | |
| ७ | अनलाइनसहित डिजिटलकक्षा सञ्चालन | विद्यालय सङ्ख्या | - | | | | | ३३ | १००% | |

# परिच्छेद – ५
# अन्य उपक्षेत्र

## ५.१ अभिभावक शिक्षा

### ५.१.१ परिचय

बालबालिकाहरूको शिक्षणसिकाइमा अभिभावकको भूमिका महत्वपूर्ण हुन्छ । बालबालिकाका आमाबाबु भनेका उनीहरूलाई जन्म दिने व्यक्तित्व हुन् भने अभिभावक भनेका उनीहरूका जीवन दाता हुन् । विद्यालयमा भर्ना भएका बालबालिकाहरूको सहज सिकाइका लागि अभिभावकको भूमिकालाई प्रभावकारी बनाउनु अहिलेको आवश्यकता हो । यस आवश्यकतालाई ध्यान दिएर अभिभावकहरूलाई सक्रिय बनाएका विद्यालयका बालबालिकाहरूको सिकाइस्तर राम्रो भएको पाइएको छ । अभिभावक शिक्षामा चासो नदिएका विद्यालय र स्थानीय सरकारले अपेक्षित प्रगति गरेका छैनन् । त्यसैले हरेक विद्यालय र स्थानीय सरकारले अभिभावक शिक्षामा आवश्यक चासो र लगानी बढाएर उनीहरूलाई बालबालिकाहरूको सिकाइप्रति अझ जिम्मेवार बनाएर काम गर्नु अहिलेको आवश्यकता हो ।

बालबालिकाहरूको सिकाइमा अभिभावकको महत्वलाई आत्मसात गरेर नै कु◌े आई सिंह गाउँपालिकाले अभिभावक शिक्षामा चासो बढाएको छ । बालबालिकाहरूको पहिलो पाठशाला घर भएकाले अभिभावकले घरपरिवारमा संस्कारयुक्त आनीबानी र व्यवहार सिकाएका खण्डमा नै त्यस्तो परिवारका बालबालिकाहरूले शिक्षामा राम्रो प्रगति गर्न सक्छन् । विद्यालयका कार्यक्रमहरूमा सहभागिता जनाएर होस् वा विद्यालयका समस्याहरूमा आवश्यक चासो बढाई समस्या

समाधानमा सहयोग गरेर विद्यालयका विविध पक्षमा सुधारका लागि सहयोग गर्नका लागि अभिभावक शिक्षाले महत्वपूर्ण भूमिका खेल्छ । अभिभावक शिक्षाले नै शिक्षाको विकासमा अभिभावकको सक्रिय सहभागिता बढाउने भएकाले यसमा आवश्यक मात्रामा ध्यान बढाउनु आवश्यक छ । यसका साथै विद्यालयमा भर्ना भएका बालबालिकाका अभिभावकले बालबालिकाहरूको सिकाइमा चासो बढाई विद्यालयमा नियमित उपस्थित भएर बालबालिकाहरूको सिकाइ सुधारका लागि अन्तक्र्िरया गर्ने र उनीहरूको सिकाइका लागि घरमा पनि सहज वातावरण बनाउनाले सिकाइ सहज हुन्छ ।

अभिभावक भनेका शिक्षारुपी घरको महत्वपूर्ण खम्बा भएकाले यो खम्बालाई अझ दरिलो बनाउन अभिभावक शिक्षाले ठूलो भूमिका खेल्ने कुरामा कसैको दुई मत हुँदैन । अभिभावक शिक्षाका लागि नीति निर्माण गर्ने

र अभिभावक शिक्षाका कार्यक्रमहरू आवश्यक मात्रामा सञ्चालन गर्ने काममा अहिलेसम्म आवश्यक मात्रामा चासो नदिएका कारणले पनि अहिले विद्यालय शिक्षाका क्षेत्रमा अपेक्षित प्रगति हुन नसकेको तथ्यलाई आत्मसात गरेर नै यस अवधारणालाई बढी जोड दिन खोजिएको हो ।

### ५.१.२ *वर्तमान अवस्था*

अहिलेसम्म केही विद्यालयहरूले अभिभावक शिक्षालाई आवश्यक महत्व दिएर विद्यालयका विविध पक्षमा सुधार भइरहेको पनि पाइएको छ । विद्यालयहरूले स्थापना दिनका अवसरमा, विद्यार्थीहरूको नतिजा प्रकाशनका अवसरमा र अभिभावक भेलाका दिन अभिभावकहरूलाई आमन्त्रण गरेर पनि अभिभावक शिक्षामा टेवा पुर्याउने गरेका छन् । विद्यालयमा भएका सुधारले बालबालिकाको सिकाइका क्षेत्रमा अपेक्षित प्रगति भएको छ । बालबालिकाहरूको सिकाइ वातावरण निर्माण र विद्यालयका विविध पक्षमा सुधारका लागि अभिभावकको सङ्लग्नता जति हुनुपर्ने हो त्यति भने भएको पाइदैन । यसो हुनुमा अभिभावक शिक्षाको महत्व बारे जानकारीको कमी भएर पनि हो । अभिभावक शिक्षाका क्षेत्रमा सम्बन्धित पक्षले आवश्यक मात्रामा ध्यान दिएर काम नगरेका कारणले पनि बालबालिकाहरूको सिकाइ सहज नभएको भन्ने यथार्थता स्पस्ट छ । यस गाउँपालिकाको सेवाक्षेत्रमा सञ्चालित विद्यालयहरूमा पनि अभिभावक सचेतना र अभिभावक शिक्षाका क्षेत्रमा केही कामहरू अवश्य भएका छन् । पालिकाको योजनामा अभिभावक शिक्षाले महत्व पाएपछि यस सम्बन्धमा विद्यालयले गर्दैआएका कार्यकलापहरूमा पनि गति बढ्ने अपेक्षा गरिएको छ ।

### ५.१.३ *उद्देश्य*

१. अभिभावकहरूको अभिलेखलाई अझ व्यवस्थित गरी उपयोग गर्नु

२. कक्षागत, तहगत र विद्यालयगत रुपमा अभिभावक सचेतना र अभिभावक शिक्षाका विषयक्षेत्रहरूको पहिचान गरी अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि प्रारुपको विकास र उपयोग गर्नु

३. अभिभावक सचेतना र अभिभावक शिक्षाका माध्यमबाट विद्यालयीय शिक्षाका विविध पक्ष र बालबालिकाहरूको सिकाइमा अपेक्षित सुधारको सुनिश्चितताका लागि सहयोग गर्नु

४. विद्यालयका विविध पक्षको सुधार र बालबालिकाहरूको सिकाइउपलब्धि सुधारका लागि अभिभावकहरूलाई अझ जिम्मेवार बनाउनुका साथै विद्यालयका गतिविधिहरूमा उनीहरूको सक्रिय सहभागिता बढाउन कार्यक्रमहरू सञ्चालन गर्नु

५. अभिभावक सचेतना र अभिभावक शिक्षाका क्षेत्रमा काम गरिरहेका सरकारी गैर सरकारी निकायहरूसँग आपसी समन्वय, सहकार्य र साझेदारीको विकास गर्नु

## ५.१.४ रणनीतिहरू

१. सरोकारवालाहरूको सहभागितामा अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि योजना निर्माण गर्ने

२. अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि प्रशिक्षक तयारी गर्ने

३. अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि प्रशिक्षकका रुपमा काम गर्नसक्ने विज्ञ प्रशिक्षकहरूको रोष्टर तयार गर्ने

४. अभिभावक शिक्षाका लागि विषयवस्तुहरूको पहिचान गर्ने

५. कक्षागत, तहगत र विद्यालयगत रुपमा अभिभावक सचेतना र अभिभावक शिक्षाका कार्यक्रमहरूको सञ्चालन गर्ते

६. पालिकागत रुपमा पनि अभिभावक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने

७. सिकाइका दृष्टिले कमजोर मानिएका बालबालिकाहरूका अभिभावकका लागि अभिभावक सहयोग तथा परामर्श कार्यक्रम सञ्चालन गर्ने

८. अभिभावकहरूलाई असल अभ्यास भएका विद्यालय तथा शैक्षिक संस्थाहरूको भ्रमण र सिकाइ आदानप्रदानको व्यवस्था गर्ने

९. क्ःॠ र एत्ब् का पदाधिकारीको क्षमता विकासका कार्यक्रमहरूको सञ्चालन गर्ने

## ५.१.५ प्रमुख उपलब्धितथानतिजा

**उपलब्धि**

१. अभिभावकहरू आफ्ना बालबालिकाहरूको शिक्षाप्रति सचेत र जागरुक भएको अवस्था हुनेछ।

२. विद्यालयका कार्यकलापमा अभिभावकहरूको सक्रियता बढेको हुनेछ।

३. अभिभावकहरूका विद्यालय शिक्षासम्बन्धी व्यवहारहरूमा सुधार आएको हुनेछ।

**नतिजाहरू**

१. अभिभावकहरूले क्षमता विकासका अवसरहरू पाइसकेका हुनेछन्।

२. विद्यार्थीहरूको घरको सिकाइ वातावरणमा सहयोग पुगेको अवस्था हुनेछ।

३. विद्यालयहरूको भौतिक र शैक्षिक वातावरणमा सुधार आइसकेको हुनेछ।

## ५.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भैतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भैतिक लक्ष्य (दस वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | अभिभावक शिक्षाका लागि योजना निर्माण | पटक | - | १ | | | | निरन्तर | निरन्तर | |
| २ | अभिभावक शिक्षाका प्रशिक्षक | पटक | १ | १ | १ | १ | १ | निरन्तर | निरन्तर | |
| ३ | अभिभावक सचेतना र शिक्षाका कार्यक्रमसञ्चालन | पटक | १ | १ | १ | १ | १ | निरन्तर | निरन्तर | |
| ४ | पालिकागत रुपमाअभिभावक शिक्षा कार्यक्रमहरू सञ्चालन | पटक | १ | १ | १ | १ | १ | निरन्तर | निरन्तर | |
| ५ | असल अभ्यास भएका विद्यालय तथा शैक्षिक संस्थाहरूको भ्रमण | पटक | - | १ | १ | १ | १ | निरन्तर | निरन्तर | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथ्याङ्क बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई संघ प्रदेश तथा स्थानीय सरकार क्रियाशील भएको लामो समय बितिसकेको छ । तापनि राज्य प्रणालीलाई सङ्घीय संरचना अनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्नेछ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ।

### ५.२.२ वर्तमान अवस्था

यस गाउँपालिका अन्तर्गत शैक्षिक कार्यक्रमहरु कार्यन्वयनका लागि शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ । शाखामा एक जना प्राविधिक सहायक र एक जना स्रोत व्यक्ति बाट शाखाका कामकाजहरु भै रहेका छन ।  शिक्षा योजना निर्माणपश्चात् सो योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन, कानुन कार्यविधि निर्माण, बजेटको सुनिश्चितता, तीन तहका सरकारबिचको समन्वय र सहकार्य, वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण,कार्यक्रम कार्यान्वयन कार्यविधि तयारी, विभिन्न सरोकारवालाहरूलाई कार्यक्रमहरूको बारेमा प्रबोधीकरण जस्ता कार्यक्रमहरू आवश्यक देखिन्छ । यस शिक्षा योजनाको कार्यान्वयनको लागि केसिंह  गाउँ .आई. कार्यपालिका तथा शिक्षा शाखाले मुख्य रूपमा भूमिका निर्वाह गर्नेछन् भने विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक, वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, वडा शिक्षा समिति, लगायत गाउँपालिकाका अन्य विषयगत शाखाहरूको समेत उल्लेख्य भूमिका रहनेछ ।

### ५.२.३ उद्देश्य

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.४ रणनीतिहरू

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका निर्माण गर्ने।

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

६ विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्न लगाउने । .

७विद्यालय व्यवस्थापनलाई सशक्तीकरण र सुदृढ गरी निर .्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

८वित्तीय व्यवस्थापन ., खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

९अ .भिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

१०सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता., साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै जीवनपर्यन्त सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

## ५.२.६ *प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भैतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भैतिक लक्ष्य (दस वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | - | १ | १ | १ | १ | निरन्तर | निरन्तर | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको निर्माण | पटक | - | १ | १ | १ | १ | निरन्तर | निरन्तर | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | - | १ | - | १ | - | निरन्तर | निरन्तर | |
| ४ | विद्यालय सुधार योजना निर्माण तथा एवम् अध्यावधिक | पटक | - | १ | १ | १ | १ | निरन्तर | निरन्तर | |
| ५ | योजनाको आवधिक समिक्षा र अद्यावधिक गर्ने | पटक | - | १ | - | - | १ | निरन्तर | निरन्तर | |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तर्क्रिया | | - | १ | १ | १ | १ | निरन्तर | निरन्तर | |
| ७ | | | | | | | | | | |

# *परिच्छेद – ६*

# सुशासन तथा व्यवस्थापन

## *६.१ संस्थागत संरचना र क्षमता विकास*

### *६.१.१ परिचय*[1]

हालको शिक्षा क्षेत्रको संरचनामा संघअन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय एकाइ रहेका छन्। यसै गरी प्रदेशअन्तर्गत सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्र रहेका छन्। स्थानीय तहमा सामाजिक विकास समितिअन्तर्गत शिक्षा, युवा तथा खेलकूद शाखा रहेको छ।

शैक्षिक गुणस्तर सुधार गर्नका लागि साशकीय संरचना, प्रक्रिया र क्षमतामा सुधार गर्नुपर्ने हुन्छ। वर्तमान समयमा ज्ञान, विज्ञान र प्रविधिमा आएको व्यापक परिवर्तन, विकसित सामाजिक चेतना र स्थानीय तहको शिक्षा क्षेत्रप्रतिको उत्तरदायित्वलाई ध्यानमा राख्दै संस्थागत संरचना र क्षमता विकाससम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने हुन्छ।

### *६.१.२ वर्तमान अवस्था*

माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिइएको र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले २३ ओटा अधिकारहरू स्थानीय तहलाई दिएको छ। अहिले के आइ सिंह गाउँपालिकामा २१ ओटा सामुदायि विद्यालयहरू २७ ओटा प्रारम्भिक बाल विकास केन्द्रहरू र ती विद्यालयहरू र बाल कक्षाहरू सञ्चालनार्थ व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था रहेको छ। पालिकामा ३ ओटा सामुदायिक सिकाइ केन्द्रहरू रहेका छन् । विद्यार्थीको मूल्याङ्कनका लागि आधारभूत तहको अन्तिम परीक्षा स्थानीय तहबाट सञ्चालन गर्ने गरिएको छ।

यस पालिकामा शिक्षा,युवा तथा खेलकुद सम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। हाल शाखामा एक प्राविधिक सहायक र स्रोतव्यक्ति मार्फत शाखाको दैनिक कामकाज सञ्चालन हुँदै आएको छ। सबै विद्यालयहरुको सञ्चालन, व्यवस्थापन, रेखदेख र व्यवस्थापन सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ रहेका छन्।

यस पालिका अन्तर्गतका सबै विद्यालयहरुले नियमित सामाजिक परिक्षण र अन्तिम लेखा परिक्षण गर्दै आएका छन्।

**चुनौती र अवसर :**

तीन वटै तहका सरकारवीचको समन्वय सहकार्य र सहसम्बन्ध कमजोर हुनु।

कार्यविधि तथा निर्देशिकाको अभावमा स्थानीय सरकार सञ्चानल ऐन २०७४ ले प्रदान गरेका शिक्षा सम्बन्धि कार्यहरुको कार्यान्वयन गर्नु।

विद्यालय अनुगमन, निरिक्षण तथा सुपरिवेक्ष्ाँण कार्य प्रभावकारी बनाउन नसकिनु र सरोकारवाला लाई जवाफदेही बनाउनु नसकिनु। आदि।

**अवसर :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ वटा अधिकार प्रदान गर्नु।

---

[1]

गाउँपालिका स्तरमा गाउँ कार्यपालिका तथा गाउँ शिक्षा समिति र विद्यालय स्तरमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ जस्ता संरचना विद्यामान हुनु।

प्रत्येक गाउँटोलमा विद्यालय स्थापना भई नियमित पठनपाठन हुनु। आदि।

## ६.१.३ उद्देश्य

शिक्षामा सुशासन प्रवर्धनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू देहायअनुसार रहेका छन्

१. विद्यालय र स्थानीय तहबिचको अन्तरसम्बन्ध सुदृढ बनाउनु

२. विद्यालय तथा शैक्षिक क्षेत्रमा काम गर्ने जनशक्तिको क्षमता वृद्धि गर्नु

३. कार्यसम्पादनप्रति उत्तरदायी र नतिजाप्रति जवाफदेहिताको वातावरण सिर्जना गर्नु

४. प्रधानाध्यापक, शिक्षक, बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको क्षमता विकास गर्नु। आदि।

## ६.१.४ *रणनीतिहरू*

१. विद्यालय र स्थानीय तहबिचको सम्बन्ध बलियो बनाउन आवश्यक कानुनी प्रबन्ध गर्ने

२. गाउँपालिका र विद्यालयमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्ने

३. विद्यालयहरूमा विद्यार्थी संख्या र विषयगत आधारमा शिक्षकहरूको पुनर्वितरण गर्ने

४. शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने

५. शिक्षकहरूलाई आवश्यकताअनुसार पुनर्ताजगी तालिम तथा पेशागत सहयोग गर्न पालिकास्तरीय विज्ञ शिक्षकहरूको रोष्टर निर्माण गर्ने

६. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक र प्रधानाध्यापकको कार्यक्षमता बढाउने। आदि।

## ६.१.५ *प्रमुख उपलब्धितथानतिजा*

**उपलब्धि**

१.शैक्षिक संस्थाहरूमा सुशासनको प्रवर्धन भई बालबालिकाहरूको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ।

२. स्थानीय तह र विद्यालयहरूबिचमा सहकार्य र समन्वयका लागि शैक्षिक संयन्त्रको सक्रियता वृद्धि भएको हुनेछ।

३. शिक्षासम्बन्धी आवश्यक कानुनहरूको निर्माण भई शिक्षा सम्बद्ध सबैको जिम्मेवारी स्पष्ट भएको हुनेछ।

४. शिक्षाको शासकीय प्रवन्ध र व्यवस्थापनमा संलग्न हुने सबैको क्षमता वृद्धि भएको हुनेछ।

५. शैक्षिक तथा विद्यालय प्रशासन सहभागितामूलक कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई शैक्षिक कार्य उद्देश्यमूलक तथा प्रभावकारी हुनेछन्। आदि।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तह र विद्यालयहरूबिचमा सहकार्य र समन्वयका लागि शैक्षिक संयन्त्रको सक्रियता | १ | १ | १ | १ | १ | १ |
| २ | शिक्षासम्बन्धी आवश्यक कानुनहरूको निर्माण | १ | १ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | शिक्षाको शासकीय प्रवन्ध र व्यवस्थापनमा संलग्न हुने सबैको क्षमता वृद्धि | १ | १ | १ | १ | १ | १ |
| ४ | आधारभूत तथामाध्यमिक विद्यालयमा नियम बमजिमका प्रधानाध्यापक सङ्ख्या | ५ | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| ५ | नियमित लेखा परिक्षण तथा सामाजिक परिक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ३३ | ३ ३ | ३३ | ३ ३ | ३३ | ३३ |

## ६.१.६ *प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भैतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भैतिक लक्ष्य (दस वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | स्थानीय तह र विद्यालयहरूबिचमा सहकार्य र समन्वयका लागि शैक्षिक संयन्त्रको सक्रियता | पटक | - | १ | १ | १ | १ | ४ | नियमित | |
| २ | शिक्षासम्बन्धी आवश्यक कानुनहरूको निर्माण | पटक | - | १ | | | | १ | नियमित | |
| ३ | शिक्षाको शासकीय प्रवन्ध र व्यवस्थापनमा संलग्न हुने सबैको क्षमता वृद्धि | पटक | - | १ | १ | १ | १ | ४ | नियमित | |
| ४ | गाउँपालिका र विद्यालयमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन | पटक | - | १ | १ | १ | १ | ४ | नियमित | |
| ५ | विद्यालयहरूमा विद्यार्थी संख्या र विषयगत आधारमा शिक्षकहरूको पुनर्वितरण | पटक | - | १ | १ | १ | १ | नियमित | नियमित | |
| ६ | शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक र प्रधानाध्यापकको कार्यक्षमता बढाउने | पटक | १ | १ | १ | १ | १ | ४ | नियमित | |

# परिच्छेद – ७

# लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

शिक्षामा गरिने लगानि व्यक्ति, समाज र राष्ट्रको दिर्घकालिन हितको लागि हुन्छ ।कुनै पनि योजना सफल रुपमा कार्यान्वयन गर्नको लागि आर्थिक स्रोतको सहि पहिचान र परिचालन गर्नुपर्ने हुन्छ । त्यसै गरी आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गर्न तथा वढ्दो जन आकांक्षा र आवश्यकताहरूलाई कुनै पनि योजनाले सम्वोधन गर्नै पर्दछ र त्यसरी सम्बोधन गर्दा विगतका उपलब्धी र अनुभव एवं वर्तमानको आवश्यकता र भविष्यको दृष्टिकोण र लक्ष्यको आधारमा केही पुरानो कार्यक्रमहरूलाई निरन्तरता दिनु पर्ने तथा कतिपय नयाँ कार्यक्रमहरू थप गर्नुपर्ने हुन्छ । शिक्षामा पर्याप्त लगानि गर्दा समतामुलक र न्यायमुलक समाज निर्माणमा विशेष सहयोग पुग्ने देखिन्छ । नेपालको संविधान, २०७२ ले आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने व्यवस्था गरीएको छ । त्यसलाई कार्यान्वयन गर्नको लागि समेत वित्तिय व्यवस्थापन गर्नुपर्ने देखिन्छ। संघ तथा प्रदेशसँग समन्वय गरी वर्तमान समयको आवश्यकता बमोजिम शिक्षामा बजेट व्यवस्थापन गर्नु आवश्यक छ ।क

वालविका तथा आधारभूत र माध्यमिक शिक्षाको समग्र व्यवस्थापनका लागि स्थानीयतहरू परिपक्व हुन नसकेको परिप्रेक्षमा संघीय र प्रदेश सरकारले पनि पर्याप्त मात्रामा लगानी गर्दै आएका छन् । शिक्षक तलब भत्ता, भौतिक पूर्वाधार विकास, शैक्षिक गुणस्त सुधारका कार्यक्रमहरू, छात्रवृति,आधारभूत तह (कक्षा ६–८) र माध्यमिक तहका छात्राहरूका लागि स्यानिटरीप्याड, छात्रवृति, पाठ्यपुस्तक,अनौपचारिक तथा वैकल्पिक शिक्षा विद्यालय दिवाखाजा आदिमा ससर्तका कार्यक्रम र स्थानीय तहले आवश्यकतानुसार खर्च गर्न सक्ने गरी समानीकरण बजेट स्थानीय तहलाई उपलब्ध गराउनु यसका उदाहरणहरू हुन् ।

यसै सन्दर्भमा यो योजनामा पुराना तथा नयाँ कार्यक्रमहरूलाई समावेश गर्ने गरी यो वितीय योजना निर्माण गरीएको छ । विशेष गरी आधारभुत तथा माध्यमिक शिक्षामा गाउँपालिकाले जोड दिनुपर्ने देखिन्छ । शिक्षामा आवश्यक पर्ने आर्थिक स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा विनियोजन गर्ने, विनियोजन गरेपश्चात कसरी खर्च गर्ने र खर्च गरीएको क्षेत्रको उपलब्धी के कस्तो रहने जस्ता विषयहरू समेत योजनामा समावेश गर्न खोजिएको छ ।

## ७.२ वर्तमान अवस्था

शिक्षामा गरिने लगानीलाई मानव संशाधन विकासको प्रमुख लगानीको रुपमा लिईन्छ । नेपाले संघीय तहबाट शिक्षामा जम्मा १० प्रतिशत लगानी गरेको अवस्था छ । गाउँपालिकाले पनि शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिएको पाईन्छ । शिक्षामा लगानि बढाउनुपर्छ भनेर गाउँपालिकाले विभिन्न नीति तथा योजनाहरू समावेश गरेको पाईन्छ । आर्थिक वर्ष २०७८।७९ मा के आई पालिकाले समानिकरण बजेट अन्तर्गत शिक्षामा रु १ करोड २३ लाख बजेट विनियोजन गरेको छ जुन कुल समानिकरण बजेटको ४% प्रतिशत हो ।स्थानीय सरकारले शिक्षामा गरेको प्रशासनिक र व्यवस्थापकीय लगानी समेत महत्वपूर्ण रहेको छ । यसरी हेर्दा गाउँ पालिकाले शिक्षा क्षेत्रलाई विकासको प्रमुख पुर्वाधारको रुपमा अङ्गिकार गरेको पाईन्छ ।

के आई सिंह गाउँपालिकामा विद्यालय तहमा अध्ययन गर्ने कुल विद्यार्थीको जम्मा २८ प्रतिशत विद्यार्थीहरू संस्थागत विद्यालयमा अध्ययन गर्ने गरेका छन । हाल संघिय सरकारबाट सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि

निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरीएको छ । त्यसैगरी सामुदायिक विद्यालयहरूमा विभिन्न किसिमका छात्रवृत्तिको व्यवस्था गरीएको छ । पुर्व प्राथमिक कक्षा देखि ५ सम्म दिवा खाजाको व्यवस्था गरीएको छ भने कक्षा ६ देखि १२ सम्मका छात्राहरूका लागि स्यानिटरी प्याडको व्यवस्था गरीएको छ । साथै शिक्षामा आर्थिक तथा विपन्न वर्गका लागि के आई सिंह छात्रवृतिको व्यवस्था गरीएको छ भने प्राविधिक शिक्षामा पनि सहयोग गर्ने उद्धेश्यले हरेक वर्ष ५ जना विद्यार्थीहरूका लागि प्राविधिक शिक्षा छात्रवृत्तिको व्यवस्था गरेको छ ।

शिक्षामा घरपरिवारको अप्रत्यक्ष तथा प्रत्यक्ष लगानी तथा नीजि क्षेत्रको लगानी समेत उल्लेख्य रुपमा रहेको पाईन्छ ।के आई सिंह गाउँपालिकाले आधारभुत शिक्षालाई निःशुल्क बनाउनका लागि वार्षिक नीति, बजेट तथा कार्यक्रमको व्यवस्था गरेर र त्यसको लागि एउटा कार्यविधि समेत निर्माण गर्नु आवश्यक छ ।

विद्यालय शिक्षामा गरिने लगानि तथा स्रोत विकास सम्बन्धी विश्लेषणका आधारमा देहाए बमोजिमका चुनौतिहरू पहिचान गरीएका छन ।

१. गाउँपालिकालाई शिक्षामा बजेट विनियोजनका लागि जिम्मेवार बनाउने

२. विद्यालय शिक्षामा लगानि वृद्धि र दिगो स्रोतको व्यवस्थापन गर्ने

३. विद्यार्थीको सिकाई तथा कुशलतामा वृद्धि गर्ने गरी आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्ने

४. नीजि क्षेत्रबाट शिक्षामा गरिने लगानिलाई सार्वजनिक सेवा, सामाजिक दायीत्व र सेवामुलक बनाउने

५. शिक्षामा समावेशीता र समतामा सुधार गर्न आर्थिक रुपमा कमजोर, विपन्न तथा कठिन परिस्थितिमा रहेका र अपाङ्ता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीयता सुनिश्चित गर्ने

६. प्राविधिक तथा व्यावसायिक शिक्षामा अध्ययन गर्ने विद्यार्थी संख्याको वृद्धि गर्ने

७. सूचना तथा सञ्चार प्रविधि मैत्रि शिक्षण प्रणालिको व्यवस्थापन गर्ने

८. वित्तिय व्यवस्थापक कार्यकुशसल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने

९. शिक्षासँग सम्बन्धीत शैक्षिक संघ संस्थाहरूलाई शिक्षामा लगानि गर्न प्रोत्साहित गर्ने

## ७.३ *उद्देश्य*

यस योजनाको वित्तिय व्यवस्थापनको लागि देहाए बमोजिमका उद्धेश्यहरू राखिएका छन :

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक बजेटको प्रक्षेपण गर्नु।

२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरीएका कार्यक्रमहरू कार्यान्वयनका लागि आवश्यक वित्तिय स्रोत पहिचान गर्नु ।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमहरूको प्राथमिकताक्रम तोकि कार्यक्रमगत बजेट निर्धारण गर्नु ।

४. खर्चको प्रक्रिया, भुमिका र दायीत्व स्पष्ठ पार्नु ।

५. लगानी उपयोगको जानकारी लिने उपयुक्त विधि, प्रक्रिया उपयुक्त पद्धतिको विकास गर्नु । आदि ।

## ७.४ *रणनीतिहरू*

योजनाको वित्तिय व्यवस्थापन सम्बन्धी उद्धेश्यहरु प्राप्त गर्न देहाए बमोजिमका रणनीतिहरू अबलम्बन गरिनेछनः

१. गाउँ सभामा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखि बजेट छुट्याउने गरी कार्यक्रमहरूको प्रस्ताव गर्ने ।

२. सामुदायिक विद्यालयमा कार्यरत नीजि शिक्षकहरूको लागि तलब भत्ता र शिक्षक प्रोत्साहन बापतको रकम गाउँपालिकाले आफ्नो स्रोतबाट व्यवस्था मिलाउने ।

३. शिक्षकहरूको क्षमता विकासका लागि पालिकास्तरीय क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने र पालिका स्तरीय क्षमता विकासका लागि आवश्यक बजेट स्थानीय सरकारको लगानीमा मात्र पर्याप्त नहुने भएकोले संघ र प्रदेश सरकारसँग सहयोगको पहल गर्ने।

४. उच्च शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाहरूलाई व्यवस्थापन तथा क्षमता विस्तारका अनुदान रकमको व्यवस्था गर्ने।

५. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास गर्नपालिकाले आफ्नो लगानीमा  विद्यालयहरूमा विस्तार गर्ने।

६. संघीय र प्रदेश सरकारबाट समेट्न नसकेका कार्यक्रमहरूको हकमा शशर्त कै कार्यक्रम विस्तार गर्न संघीय र प्रदेश सरकारलाई पहल गर्ने।

७. भौतिक पूर्वाधार विकासका लागि संघीय सरकारको ६०%, प्रदेश सरकारको २०%  र  गाउँपालिकाको २०% लगानी गर्ने प्रबन्ध मिलाउने।

८. संघीय र प्रदेश सरकारबाट प्राप्त भइरहेको शशर्त कार्यक्रमहरूको निरन्तरता दिँदै यीकार्यक्रमको सङ्ख्यात्मक विस्तारका लागि पहल गर्ने।

९. शिक्षा क्षेत्रको शैक्षिक, भौतिक तथा प्रशासनिक विकास तथा गुणस्तरको लागि गाउँपालिकाले आफ्नो समानीकरण अनुदानको कम्तिमा २० प्रतिशत लगानि गर्ने।

१०. विद्यालयमा पुस्तकालय,   विज्ञान प्रयोगशाला ,    कम्प्युटर प्रयोगशालाको विस्तार गर्न संघीय ,  प्रदेश सरकार मार्फत पहल गर्ने  र सो बाट अपुग रकम गाउँपालिकाले व्यवस्थापन गर्ने।

११. विद्यालयहरूलाई अनुदान प्रदान गरीए पश्चात लक्षित गुणस्तर सुनिश्चितताका लागि सम्बन्धीत विद्यालयलाई नै जिम्मेवार बनाउने।

१२. विद्यालयहरूलाई अनुदान प्रदान गर्नुपुर्व जुन शिर्षकमा अनुदान प्रदान गरीएको छ त्यसको खर्चको आधार तथा कार्यविधि तोक्ने। आदि।

## ७.५ *अपेक्षित उपलब्धी*

१. वि.सं. २०८७ (सन् २०३०)  सम्म गाउँपालिकाले समानिकरण बजेटमा शिक्षामा गर्ने लगानी २०प्रतिशत पुगेको हुनेछ।

२. आधारभुत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क भएको हुनेछ।

३. प्रविधिमैत्रि शिक्षाको विकास भई शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ।

४. शिक्षकहरूको पेशागत विकास भएको हुनेछ।

५. वित्तिय व्यवस्थापन क्षमतामा सुधार भई वित्तिय कार्यकुशलता, पारदर्शिता, उत्तरदायित्व र जिम्मेवारी सुनिश्चित भएको हुनेछ। आदि।

## ७.६ *प्रमुख क्रियाकलाप र लक्ष्य*

**(क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमातित वजेट रु लाखमा**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक वर्ष | | | | | पाँचवर्षको जम्मा | दश वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | १३०.७५ | १३०.७५ | १४३.८५ | १५८.२५ | १७४.८० | ५६३.६० | ११२७.२ |
| २ | आधारभूत शिक्षा | ६१५ | ६७७ | ७४४ | ८१९ | ९०१ | ३७५६ | ७५१२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | माध्यमिक शिक्षा | १५० | १६५ | १८१ | १९९ | २०९ | ९०४ | १८०८ |
| ४ | प्राविधिक तथा व्यावसायिक तालिम | - | ७ | ७ | ७ | ७ | २८ | ५६ |
| ५ | | | | | | | | |

## (ख) प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमातित वजेट

| .सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | दश वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | प्रम्भिक बाल विकास र शिक्षा | ६० | ७० | ८० | ९० | १०० | ४०० | ८०० |
| २ | आधारभूत शिक्षा | ६० | ७० | ८० | ९० | १०० | ४०० | ८०० |
| ३ | माध्यमिक शिक्षा | ६० | ७० | ८० | ९० | १०० | ४०० | ८०० |
| ४ | प्राविधिक तथा व्यावसायिक तालिम | ६० | ७० | ८० | ९० | १०० | ४०० | ८०० |
| ५ | | | | | | | | |

## (ग) स्थानीय तहबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमातित वजेट

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | दश वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | प्रम्भिक बाल विकास र शिक्षा | 80 | 80 | 90 | 100 | 110 | 460 | 920 |
| २ | आधारभूत शिक्षा | 75 | 85 | 95 | 105 | 115 | 475 | 950 |
| ३ | माध्यमिक शिक्षा | 25 | 35 | 45 | 55 | 65 | 225 | 450 |
| ४ | प्राविधिक तथाव्यावसायिक तालिम | 10 | 20 | 30 | 40 | 50 | 150 | 300 |
| ५ | | | | | | | | |

## (घ) अन्य संघसंस्थाबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमातित वजेट

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | दश वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | प्रम्भिक बाल विकास र शिक्षा | 5 | 5 | 5 | 5 | 5 | 25 | 50 |
| २ | आधारभूत शिक्षा | 5 | 5 | 5 | 5 | 5 | 25 | 50 |
| ३ | माध्यमिक शिक्षा | 5 | 5 | 5 | 5 | 5 | 25 | 50 |
| ४ | प्राविधिक तथा व्यावसायिक तालिम | 5 | 5 | 5 | 5 | 5 | 25 | 50 |
| ५ | | | | | | | | |

# परिच्छेद – ८

# कार्यान्वयन, अनुगमन तथा मूल्यांकन

## ८.१ परिचय

तयार गरिएको योजना प्रयोगको चरणमा लैजानु योजनाको कार्यान्वयन हो । शैक्षिक योजना तथा कार्यक्रमहरू प्रभावकारी रुपमा कार्यान्वयन भए भएनन्, शैक्षिक सेवा सुविधाहरूको प्रवाह तोकिएका लक्षित समूहसम्म भयो भएन, र सञ्चालपश्चात शैक्षिक कार्यकमहरू प्रभावकारी एवं गुणस्तरीय रुपमा सम्पादन भए भएनन् भन्ने सुनिश्चितताका लागि निर्धारित मापदण्ड मानक कार्य निर्देशिका र उद्देश्यका तुलनामा निर्धारित सूचकका आधारमा गरिने लेखाजोखा कार्यहरूलाई अनुगमन तथा मूल्याङ्कन भनिन्छ । योजनाको प्रभावकारिता योजना कार्यन्वयन, अनुगमन र मूल्याङ्कनमा निर्भर रहन्छ । साथै कार्यन्वयनमा रहेको योजना सार्थक बनाउन सरोकारवाला सबैसँग समन्वय सहकार्य तथा सहजीकरण हुन अति आवश्यक हुन्छ।

सञ्चालित कार्यक्रमलाई प्रभावकारी बनाउन, कार्य सञ्चालनमा स्तरीयता र गुणस्तर कायम गर्न, भौतिक स्रोत साधनको सही उपयोग मानवीउय संशात्रनको विकास र आवश्यक प्रशिक्षणका सन्दर्भमा दिशानिर्देश गर्न जवाफदेहिता महसुस गराउन तथा प्राविधिक सहयोग उपलब्ध गराउन,कार्यक्रमको प्रभावकारिता पत्ता लगाउन, लक्ष्य प्राप्तिको निर्धारण गर्न कार्यान्वयमा रहेको योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिनु आवश्यक हुन्छ।

कार्यान्वयनमा रहेका विकास कार्यक्रमको केन्द्रदेखि आयोजना तहसम्म अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था छ। सरकारी निकायले उपलब्ध वजेटमा गरेको नियमितता मितव्ययिता कार्दक्षता प्रभावकारिता र औचित्यताको अनुगमन मूल्याङ्कन महालेखा परीक्षकको कार्यालयले गर्दै आएको छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन ) ऐन २०६४ अनुरुप केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिले पनि सेवा प्रवाह तथा विकास कार्यक्रम प्रभावकारी भएनभएको अनुगमन तथा मूल्याङ्कन गर्दै आएको छ । आवधिक योजना दिगो विकासका लक्ष्य तथा नीति कार्यक्रम र आयोजनाको नतिजापरक अनुगमन तथा मूल्याङ्कन राष्ट्रिय योजना आयोगले गर्ने कानुनी प्रावधान छ । साथै अर्थ मन्त्रालय,आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रण कार्यालय, प्रदेश स्तरीय निकाय, स्थानीय सरकारका निकायहरू पनि आ आफ्नो क्षेत्रमा अनुगमन तथा मूल्याङ्कन कार्यमा आबद्ध हुने कानुनी व्यवस्था रहेको छ।

## ८.२ वर्तमान अवस्था

स्थानीय तहमा योजना कार्यान्वयनको प्रबन्ध कुनै पनि योजनाको अनुगमन तथा मूल्याङ्कनबाट योजना कार्यान्वयनको अवस्था, विकासको गति र हामी कता पुग्ने सो कुराको समेत जानकारी हुन्छ । हामी वर्तमान अवस्थामा कहाँ छौं र कहाँ जानुपर्ने हो भन्ने कुराको निर्धारण अनुगमन र मूल्याङ्कनबाट थाहा पाउन सकिन्छ ।योजना निर्माण पश्चात कार्यान्वयन चरणमा

प्रवेश गर्छ । योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न सम्बद्ध सबै संयन्त्रहरूको उचित सहयोग र सहकार्यको आवश्यकता पर्दछ । योजना कार्यान्वयनमा कतिपय कार्यक्रमहरू सहजै कार्यान्वयन गर्न सकिने प्रकृतिका हुन्छन भने कतिपय कार्यक्रमहरू विविध समस्याहरू भएपनि वाध्यात्मक रुपमा कार्यान्वयनमा लैजानु पर्ने खालका हुन्छन । योजनाको कार्यान्वयन गर्दा देखा परेका समस्या, चुनौति र अवसरहरूको उचित निकास निकाल्न सम्बद्ध सरोकारवाला तथा विज्ञ पक्षहरूसँग आवश्यकतानुसार समन्वय र सहजीकरण गर्नु सान्दर्भिक हुन्छ ।

के आई सिंह गाउँ पालिकाको दश वर्षे गाउँ शिक्षा योजनाको कार्यन्वयन के आई सिंह गाँउपालिकाले गर्नेछ । यस योजनालाई कार्यन्वयन, अनुगमन र मूल्याङ्कन गर्नुको उद्देश्य यस योजनाले राखेका दीर्घकालिन सोच र उद्दश्येहरू पुरा भए वा भएनन् भनी तथ्यमा आधारित निष्कर्ष निकाल्नु हो । अनुगमन र मूल्याङ्कनका लागि गाँउपालिकाका सवै संयन्त्र परिचालन गरिनेछ । यस योजनाको सामान्य मूल्याङ्कन, प्रगति समिक्षा वार्षिक रूपमा गरिने छ भने आवधिक मूल्याङ्कन विभिन्न समयमा गरिने छ ।

हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको अधिकार क्षेत्रमा आधारभूत र माध्यमिक तहको शिक्षाको अधिकारको व्यवस्था गरेको छ । यसै अन्तरगत औपचारिक शिक्षा, विशेष शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा लगायतका शैक्षिक अधिकार समेत समावेश गरीएका छन । यी सबै अधिकारको पूर्ण रुपमा प्रयोग गर्नका लागि गाउँपालिका आत्मनिर्भर भई नसकेको अवस्थामा यस्तो महत्वपूर्ण गाउँ शिक्षा क्षेत्र योजना कार्यान्वयनमा प्रदेश र संघीय सरकारको समन्वय र सहजीकरण आवश्यक हुन्छ ।

## स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कनको अभ्यास

१. कार्यक्रमहरूको अनुगमन योजना निर्माण गरी कार्यान्वयन गर्ने गरेको ।

२. विषय विज्ञ, स्रोत व्यक्ति, शाखा प्रमुख, जनप्रतिनिधिले अनुगमन गर्ने गरी संयन्त्र निर्माण गरिएको ।

३. अनुगमन गरी प्रतिवेदन पेश गर्ने काम गरिएको ।

४. सूचकहरूमा आधारित निरीक्षण अनुगमन फाराम विकास गरी त्यसका आधारमा अनुगमन गर्ने गरिएको ।

५. अनुगमन गरिएका विद्यालय र निरीक्षण अवलोकन गरिएका शिक्षकहरूको समेत हस्ताक्षर र विद्यालयको छाप अनुगमन फाराममा प्रयोग गर्ने गरिएको ।

६. सामुहिक सुपरीवेक्षणको पद्धति कार्यान्वयन गरिएको ।

७. अनुगमनमा देखिएका कुराहरूका बारेमा शिक्षा समिति बैठकमा छलफल गर्ने गरिएको । आदि ।

## चुनौती तथा अवसरहरू

**चुनौतीहरू :**

१. विद्यालय संख्या र स्रोत व्यक्ति÷ विद्यालय निरीक्षकको संख्या बीच अनुपात मिलाउनु ।

२. अनुगमन नियमित र प्रभावकारी हुन नसकेको गुनासो विद्यमान रहनु ।

३. शिक्षकहरूलाई नियमित पेसागत सहयोग गर्नु ।

४. प्रशासनिक कार्य वोझलाई व्यवस्थित गरी नियमित अनुगमन, निरीक्षण, सुपरीवेक्षणका लागि जनशक्ति व्यवस्था गर्नु ।

५. कार्यसम्पादनका आधारमा दण्ड र पुरुस्कारको व्यवस्थालाई कडाइका साथ लागू गर्नु ।

६. अनुगमन र मूल्याङ्कनलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु । आदि ।

**अवसरहरू :**

१. स्रोत साधनको उपलब्धता ।

२. जनशक्तिको पर्याप्तता ।

३. शैक्षिक सुधारका लागि सरोकारवालाहरको प्रतिबद्धता व्यक्त गरेको।

४. स्थानीय संस्था र गै स स समेतको सहयोगमा बृद्धि भएको ।आदि।

## ८.३ उद्देश्य

१ बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्ने।

२ शिक्षा युवा तथा खेलकूद शाखाको क्षमता विकास गर्ने।

३ आवश्यकता अनुसारकानून, मापदण्ड र निर्देशिका विकास गर्ने।

४ एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमितरूप मा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयारगर्ने, समीक्षा गर्ने, र सुधार गर्ने।

५ शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानकालागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने।

६ विद्यालय तथा सामूदायिक अध्ययनकेन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने

७ प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने।

८ नतिजामा आधारितअनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउने।

९ योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने।

१० योजनाको लगानी देखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माण मा सहयोग गर्ने। आदि।

## ८.४ रणनीतिहरू

१ एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिने छ

२ अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिने छ

३ शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गरिनेछ

४ राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिने छ

५ योजनाकाआगत (क्ष्लउगत), प्रक्रिया (एचयअभकक), परिणाम (इगतउगत), उपलब्धि (इगतअयmभ) र प्रभाव (क्ष्mउबअत) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिने छ

६ प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिने छ

७ अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरिनेछ

८ कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ

९ सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ

१० कक्षा कोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने छ

११ पुरस्कार र दण्ड प्रणालीको विकास गरिने छ

## ८.५ प्रमुख उपलब्धितथानतिजा

१. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ।

२. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयन का चरणमा आएका समस्या तथा चुनौतीहरू लाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणकालागि पृष्ठपोषण प्राप्त हुने।

**प्रमुख नतिजा**

१. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुनेछ।

२. अनुगमनका आधारमा नतिजा सुधार हुनेछ।

३. अनुगमन तथा मूल्याङ्कनकालागि संस्थागत संरचना तथा क्षमता विकास हुनेछ।

४. विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुनेछ।

५. विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुनेछ। आदि।

## प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भैतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भैतिक लक्ष्य (दस वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्यांकन संयन्त्र निर्माण | पटक | - | १ | | | | | नियमित | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयारी तथा अध्यावधिक गर्ने | पटक | - | १ | १ | १ | १ | नियमित | नियमित | |
| ३ | कार्यक्रमकार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयारी गर् | पटक | - | १ | १ | १ | १ | नियमित | नियमित | |
| ४ | कर्क्रम कार्यान्वयन पुस्तिका यारी | पटक | - | १ | १ | १ | १ | नियमित | नियमित | |
| ५ | अनिवार्य तथा निशूल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | - | १ | १ | १ | १ | नियमित | नियमित | |

- **सन्दर्भ सामग्रीहरु**


- शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७०र ८१  स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन २०८१।
- बडिकेदार  गाउपलिका शिक्षा योजना (२०७७ ),
- बडिकेदार  गाउपलिका पास्व  चित्र
- सुदुरपस्चिम प्रदेश शिक्षा क्षेत्र योजना सुदुरपस्चिम प्रदेश
- बडिकेदार गाउपलिका बार्षिक बजेट पुस्तिका
- बडिकेदार गाउपलिका स्थानीय पाठ्यक्रम
- पाठ्यक्रम विकास केन्द्र (२०७८), राष्ट्रिय शिक्षा पाठ्यक्रम प्रारुप। भक्तपुरस् लेखक।

- नेपाल सरकार (२०७२), नेपालको संविधान।
- नेपाल सरकार शिक्षा ऐन २०२८
- शिक्षा नियमावली संशोधन २०५७
- नेपाल सरकार (२०७५), उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५
- IEMS डाटा २०८१
- शिक्षा तथा मानव श्रोत विकासकेन्द्र शिक्षा विकास निर्देशनालय
- शिक्षा तथा समन्वय ईकाइ


**अनुसूची १**

**विद्यार्थीहरूको औसत सिकाइ उपलब्धी**

| शैक्षिक सत्र | आधारभुत १-५ | आधारभुत ६-८ | आधारभुत १-८ | मा वि ९-१० | कैफियत |
|---|---|---|---|---|---|
| २०८१ | ९८ | ९७ | ९५ | ६५ | |
| | | | | | |

- 

| क्र.सं. | सूचक | सूचकको तह | | | आधार बर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ् |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **१. प्रारम्भिक बालबिकास र शिक्षा** | | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर * (%) | स्थानीय | | | ९५ | ९६ | ९७ | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ८६.२ | ८९.५ | ९४.० | ९९.0 | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाकोअनुभवलिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिका* (%) | स्थानीय | | | ८५ | ९० | ९७ | ९९ | | |
| | | प्र देश | | | | | | | | |
| | | राष्ट्रिय | | | ६८.६ | ७३.० | ८५.० | ९५ | | |
| | **२. आधारभूत शिक्षा कक्षा १ देखि ८** | | | | | | | | | |
| २ | कक्षा १ मा नयाँ भर्ना भएका बालबावलकाको खुद प्रवेश | स्थानीय | | | ९७ | ९८ | ९९ | १०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| .१ | दर (%) | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ९६.९ | ९७.५ | ९९.0 | १०० | | |
| २ .२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | स्थानीय | | | १२२ | ११४ | १०५ | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २ .३ | आधारभूत तह प्राथमिक तह १ देखि ५ मा खुद भर्ना दर | स्थानीय | | | ९८ | ९९ | ९९.५ | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ९७.१ | ९९ | ९९.५ | १०० | | |
| २ .४ | आधारभूत तह (प्राथमिक कक्षा१-५) मा कुल भर्नादर* (%) | स्थानीय | | | ११० | १०५ | 104 | 100 | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ११९.२ | ११५.० | | | | |
| २ .५ | आधारभूत तहकोकक्षा५ कोखुद प्रवेश दर* (%) | स्थानीय | | | ९९.० | ९९.० | ९९.० | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ९८.३ | | | | | |
| २ =६ | आधारभूत तहकोकक्षा ५ को कुल प्रवेश दर* (%) | स्थानीय | | | ११० | १०८ | १०५ | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ११३ | ११० | १०७ | १०५.० | | |
| २ .७ | आधारभूत तहकोकक्षा५ सम्मटिकाउ दर* (%) | स्थानीय | | | ९५ | ९५ | ९५ | ९५ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ९३ | ९५ | ९८ | ९९ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा५) पूरा गर्ने दर* (%) | स्थानीय | | | ९०.५ | ९५.५ | ९७ | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा१-५) मा भर्नाभएका ५-९ वर्षउमेरभन्दामाथिका बालबालिका* (%) | स्थानीय | | | २० | १५ | १० | ५ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | **आधारभूत तह (प्राथमिक कक्षा१-५) कुल भर्नादरमा लैङ्गिक समता सूचाङ्क*** | **स्थानीय** | | | १.०५ | १.०५ | १.०५ | १ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा१-८) मा खुद भर्नादर* (%) | स्थानीय | | | ९९.५३ | १०० | १०० | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा१-८) मा कुल भर्नादर (%) | स्थानीय | | | १०८.५ | १०५.२ | १.३.२ | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहकोकक्षा८ सम्मकोटिकाउ दर* (%) | स्थानीय | | | ८५ | ९० | ९५ | ९८ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | ७९.३ | | | ९५ | | |
| २.१४ | आधारभूत तहकोकक्षा१ मा भर्नाभई कक्षा८ पूरा गर्ने दर*(%) | स्थानीय | | | ८५ | ९० | ९५ | १०० | | |
| | | प्रदेश | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा१-८) कुल भर्नादरमा लैङ्गिक समता सूचक* | स्थानीय | | | १.० | १.० | | | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | १.०१ | १.०१ | | | | |

•

| क्र.सं. | सूचक | सूचकको तह | आधार बर्ष | २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१६ | कक्षा३ मा न्यूनतम सिकाइ उपलब्धिहासिल गरेका (कक्षा३ कोआधारभूत वा तह २ हासिल भएका) बालबालिकाकोसङ्ख्या(%)<br>नेपाली भाषा<br>गणित | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | |
| २.१७ | कक्षा५ मा न्यूनतम सिकाइ उपलब्धिहासिल गरेका (कक्षा५ कोआधारभूत तह हासिल भएका) बालबालिकाकोसङ्ख्या(%)<br>नेपाली भाषा ,<br>गणित<br>अङ्ग्रेजी | स्थानीय | नेपाली<br>गणित<br>अंग्रेजी | ६०<br>४५<br>५५ | ७०<br>५५<br>६५ | ८२<br>७०<br>७५ | ९०<br>८०<br>८५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | नेपाली<br>गणित | ४५.०<br>२८.३ | ५२.०<br>४०.० | ६०.०<br>६०.० | s७०.०<br>७०.० | | |
| २.१८ | कक्षा८ मा न्यूनतम सिकाइ उपलब्धिहासिल गरेका (कक्षा८ कोतह ३ हासिल भएका) बालबालिकाकोसङ्ख्या(%)<br>नेपाली भाषा,<br>गणित,<br>विज्ञान | स्थानीय | नेपाली<br>गणित<br>विज्ञान | ८५<br>५५<br>६० | ९०<br>६५<br>७० | ९५<br>७०<br>८० | ९७<br>७०<br>९० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | नेपाली<br>गणित | ६८.५<br>५३.५ | ७०<br>६० | ७२<br>६५.० | ७५<br>७०.० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | विज्ञान | ४३.८ | ५० | ६० | ७० | | |
| २ .१९ | विद्यालय बाहिर रहेका बालबालिका* (%)आधारभुत तह(कक्षा १-५) र १-८ | स्थानीय | कक्षा १-५ | १.५ | १.० | ०.५ | ० | | |
| | | | कक्षा १-८ | ४ | २.० | ०.५ | ० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | कक्षा १-५ | २.९ | १ | ०.५ | ० | | |
| | | | कक्षा १-८ | ६.६ | | १.० | ० | | |
| २.२० | आधारभूत तह (कक्षा१-८) अध्यापनरत कुल शिक्षक मध्येमहिला शिक्षककोसङ्ख्या*(%) | स्थानीय | | २० | ३० | ४० | ५० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४३.७ | ४५.० | ५०.० | ५०.० | | |

**३. माध्यमिक शिक्षा (कक्षा ९-१२)**

| क्र.सं. | सूचक | सूचकको तह | आधार बर्ष | २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कक स्रो त |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.१ | माध्यमिक तह (कक्षा९-१२) मा खुद भर्नादर* (%) | स्थानीय | | ६० | ६५ | ७० | ८५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४७.६ | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा९-१२) मा कुल भर्नादर* (%) | स्थानीय | | ८० | ८५ | ९० | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ७१.४ | | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्नादरमा लैङ्गिक समता सूचक* (कक्षा९-१२) | स्थानीय | | १.०१ | १.०० | १.०० | १.०० | | |
| | | प्र देश | | | | | | | |
| | | | | १.०२ | १.०० | १.०० | १.०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | | | | | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | ९८ | ९८.५ | ९९ | ९९.५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | | | |
| ३ .५ | कक्षा१ मा भर्नाभएका बालबालिका मध्येकक्षा१० मा पुग्नेदर (%) | स्थानीय | | ८१ | ८६ | ९१ | ९५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | | |
| ३.६ | कक्षा१ मा भर्नाभएका बालबालिका मध्येकक्षा१२ मा पुग्नेदर (%) | स्थानीय | | ५० | ५५ | ६५ | ७५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४ | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | १४ | १६ | १८ | २० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | | |

•

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.८ | माध्यमिक तह (कक्षा९-१२) मा अध्ययनरत विद्यार्थीमध्येविज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षाविषयमा भर्नाभएका विद्यार्थीसङ्ख्या*(%) | स्थानीय | विज्ञान | ० | ० | ० | ० | | |
| | | | प्रा व्या | २ | ३ | ५ | ७ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | | | |
| | | | प्रा व्या | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | स्थानीय | नेपाली<br>अंग्रेजी<br>विज्ञान<br>गणित | ५८<br>५५<br>४२<br>४५ | ६५<br>६०<br>७४<br>५० | ७१<br>६५<br>५३<br>५५ | ७५<br>७०<br>५९<br>६० | | |


| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाली,अंग्रेजी, बिज्ञान र गणित | | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | नेपाली<br>अंग्रेजी<br>विज्ञान<br>गणित | | | | | | |
| | **४. जीबनपर्यान्त शिक्षा तथा सिकाई र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (पाँच वर्षभन्दामाथि) (%) | स्थानीय | | ९७.५ | ९८.५ | १०० | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८५.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्षभन्दामाथि) (%) | स्थानीय | | ८५ | ९० | ९५ | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ९५ | ९७ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (पाँच वर्षभन्दामाथि) | स्थानीय | | ०.८५ | ०.९० | ०.९५ | १.०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०,८० | | |
| | ५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिकरूपले सक्रिय जनशक्ति * (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा९-१२ वा | स्थानीय | | २६ | ३५ | ३५ | ३५ | | संख्या |
| | | प्रदेश | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | डिप्लोमा वा प्रि-डिप्लोमा वा सोसरह) उत्तीर्ण जनशक्ति* (वार्षिक सङ्ख्या) | राष्ट्रिय | | | | | | | |
| | **६. सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | २४:१ | २७:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ५५.७९ | ४५ | ४० | ३५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ३३:१ | ३०:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ३५:१ | ३५:१ | ३५:१ | ३५:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | ३३:१ | ३३:१ | ३३:१ | ३३:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| | **७. शिक्षामा लगानी** | | | | | | | | |
| ७.१ | | स्थानीय | | ४१ | ४२ | ४२ | ४२ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल बजेटकोशिक्षाक्षेत्रमा विनियोजित बजेट*(%) | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ७.२ | आधारभूत तह (कक्षा१-८) मा प्रतिविद्यार्थीसरकारी खर्च(रू. हजारमा) | स्थानीय | | ३९ | ४१ | ४१ | ४१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १८ | २१ | २४ | | | |
| ७.३ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च(रू. हजारमा) | स्थानीय | | ४२ | ४२ | ४२ | ४२ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ११ | १५ | १७ | | | |


**अनुसूची २**

**कार्यपालिका निर्णय**



आज मिति २०८१।१२।०७ गते बिहिबारका दिन यस के.आई.सिंह गाउँपालिकाका कार्यवाहक अध्यक्ष श्री मिना देवी बिष्ट ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको १२ औं (आ.व. ०८१-०८२) बैठक देहायका पदाधिकारीहरूको उपस्थितिमा बैठक बसि तपसिल बमोजिमका निर्णयहरु गरियो।

| क्र.स. | नाम,थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मिना देवी बिष्ट | कार्यवाहक अध्यक्ष | | |
| २ | श्री नेत्र बहादुर रावल | वडा अध्यक्ष (वडा नं २) | | |
| ३ | श्री राम बहादुर कुवर | वडा अध्यक्ष (वडा नं ३) | | |
| ४ | श्री जय बहादुर धामी | वडा अध्यक्ष (वडा नं ४) | | |
| ५ | श्री दुर्गा सिं रावल | वडा अध्यक्ष (वडा नं ५) | | |
| ६ | श्री कृष्ण प्रसाद जैशी | वडा अध्यक्ष (वडा नं ६) | | |
| ७ | श्री दिल बहादुर बलायर | वडा अध्यक्ष (वडा नं ७) | | |
| ८ | श्री कलु देवी आउजी | कार्यपालिका सदस्य | | |
| ९ | श्री नारु बि.क. | कार्यपालिका सदस्य | | |
| १० | श्री धारु बि.क. | कार्यपालिका सदस्य | | |
| ११ | श्री निर्मला कुमारी बटाला | कार्यपालिका सदस्य | | |
| १२ | श्री विष्णु बहादुर माझी | कार्यपालिका सदस्य | | |
| १३ | श्री नरभिान लुहार | कार्यपालिका सदस्य | | |
| १४ | श्री पुष्प राज भट्ट | नि. सदस्य-सचिव | | |
| १५ | श्री बिस्ना ओली | [illegible] | कल्पना | |
| १६ | श्री विरेन्द्र साउद | रोजगार संयोजक | | |



३. प्रस्ताव नं ३ माथी छलफल गर्दा के.आई.सिंह गाउँपालिकाको वडा नं ७ मा रहेको बलायरगाँउ बिष्टगाउँ हुदै शिखर नगरपालिका जोडने सडक सरसफाई र स्तरोन्नतीका लागि सडक बोर्डको वार्षिक स्विकृत कार्यक्रममा समावेश भएकोमा उक्त सडकको स्तरोन्नतीका लागि हाल कायम रहेको सडकको सुरुवाती बिन्दुलाई परिवर्तन गरी नयाँ कटिङ गर्नु पर्ने भएको तर उक्त काम सडक बोर्डबाट स्विकृत कार्यक्रममा समावेश नभएकोले उक्त कार्य गर्नका लागि यस गाउँपालिकाको प्राविधिक शाखाबाट अनुमानित लागत अनुमान रकम रु १५०,०००।- पेश भएकोले सोही बमोजिमको रकम गाउँपालिकाको चालु आर्थिक वर्षमा विनियोजित स्थानीय सडक मर्मत सम्भार शिर्षकबाट खर्च हुने गरी बजेट विनियोजित गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

४. प्रस्ताव नं ४ माथी छलफल गर्दा गाउँपालिकाले तयार गरेको गाउँ शिक्षा योजना निर्माण भएको ३ आर्थिक वर्ष पुरा भैसकेकोले गाउँपालिकाले छनौट गरेको गाउँ शिक्षा योजना अद्यावधिक लेखन समितिले सम्बन्धित सरोकारवालाहरु सँगको छलफलमा तयार गरेको अद्यावधिक गाउँ शिक्षा योजनामा छलफल गरी स्विकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय प्रमाणित

के.आई.सिंह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बायल, डोटी, सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत